# महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९

## प्रदेश नं. १




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# प्रदेश नं. १


सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुङ्गा
खोटाङ
भोजपुर
तेह्थुम
पाँचथर
धनकुटा
इलाम
उदयपुर
सुनसरी
मोरङ
झापा

# महालेखापरीक्षकको
# चौथो वार्षिक प्रतिवेदन
# २०७९
# प्रदेश नं. १



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने

Be credible institution in promoting accountability, transparency and integrity

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

Provide independent and quality audit service to nation

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यवसायिकता | (Professionalism) |

# नेपालका महालेखापरीक्षक



बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९
च.नं.

मितिः २०७९।०३।२९




**विषयः वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं १ विराटनगर मोरङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नं. १ को आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **सञ्चितकोष उपर राय** | | |
| **परिच्छेद १** | **लेखापरीक्षण गरिएका निकायको विवरण.....** | १ |
| **परिच्छेद २** | **लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति.....** | ४ |
| **परिच्छेद ३** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा.....** | ७ |
| | **मन्त्रालय र निकायगत व्यहोरा.....** | १४ |
| | १. प्रदेश सभा सचिवालय ..... | १४ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ..... | १६ |
| | ३. आर्थिक मामिला तथा योजना मन्त्रालय ..... | २२ |
| | ४. आन्तरिक मामिला तथा कानून मन्त्रलय..... | २८ |
| | ५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ..... | ३३ |
| | ६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ..... | ३९ |
| | ७. भौतिक पूर्वाधार विकास मन्त्रालय..... | ४६ |
| | ८. सामाजिक विकास मन्त्रालय ..... | ५८ |
| | ९. प्रदेश लोक सेवा आयोग ..... | ६५ |
| | १०. मुख्य न्यायाधिवक्ताको कार्यालय ..... | ६७ |
| | ११. प्रदेश योजना आयोग ..... | ६९ |
| **परिच्छेद ४** | **प्रतिवेदन कार्यान्वयन स्थिति.....** | ७१ |
| **परिच्छेद ५** | **सुधारका क्षेत्रहरू .....** | ७२ |
| | **अनुसूचीहरू.....** | ७९ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठीत संस्था र संघीय कानुन बमोजिम महालेखा परीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम प्रदेश नं.१ सरकारका सरकारी कार्यालयहरूको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गरी प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदनमा लेखापरीक्षण गरिएको निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ। प्रस्तुत प्रतिवेदन सम्बन्धित निकाय एवं सरोकारवाला मार्फत कार्यान्वयन भई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ ।यस वर्षदेखि लेखापरीक्षणको कार्य सूचना प्रविधिको माध्यममा रुपान्तरणगरी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली(न्याम्स) सफ्टवेयर मार्फत लेखापरीक्षण सम्पन्न गरिएको छ । विद्युतीय माध्यम मार्फत लेखापरीक्षण सम्पन्न गरिएको यो पहिलो अभ्यास भएकोले कार्यान्वयनमा केही कठिनाई भए तापनि आगामी दिनमा सहजता हुने विश्वास लिएको छु। लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षण थप प्रभावकारी बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षण गुणस्तर र एकरुपता कायम गर्न लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालनामा सजगता अपनाइएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणाली सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश सरकार र मातहतका कार्यालय समेत १९७ निकायको रु.४५ अर्ब ५९ करोड १७ लाख ५८ हजार लेखापरीक्षण सम्पन्न भएकोमा रु.१ अर्ब ६२ करोड ८६ लाख १३ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको ३.५६ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको २.८४ प्रतिशत बेरुजु कायम रहेकोमा यस वर्ष ३.५६ प्रतिशत भई बेरुजु प्रतिशत बढेको छ । म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन । लेखापरीक्षणबाट देखिएको बेरुजु सम्बन्धमा प्रचलित कानुन अनुसार समयमा असुल फस्यौंट गरी आर्थिक सुशासन कायम गर्नुपर्ने देखिएको छ ।

प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाह नियमित एवं व्यवस्थित गर्नुपर्ने

अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्ने र दिगो विकास लक्ष्यलाई प्राप्त गर्न योजना तथा कार्यक्रममा समावेश गरी वित्तीय संघीयता अनुरुप समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्ने देखिएको छ ।

विकास निर्माणतर्फ परियोजना बैंकमा संकलित योजनामध्ये बढी उपलब्धीमूलक छनोट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रम सम्पादन भई दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनामा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रममा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी जनसहभागिता जुटाई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नेपालको संविधान बमोजिम आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा सार्वजनिक श्रोत साधनको समुचित उपयोग गरी जनचासोका विषय तत्काल संम्वोधन गर्न यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचार, पारदर्शिता जवाफदेहीताको प्रर्वधनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।यस वर्षदेखि विद्युतीय प्रणालीबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थस्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानूनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानूनसम्मत एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १९७ निकायको २०७७।७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च

जोखिमयुक्त ८० निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त १११ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ । यो वर्षदेखि विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन सफट्वेयर प्रयोग गरी लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा लेखापरीक्षण गर्न सम्बन्धित सरोकारवालाहरूलाई भर्चुअल माध्यमबाट जानकारी समेत गराइएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रिया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तरक्रिया -** महालेखापरीक्षकको २०७७।७८ मा विद्युतीय माध्यमबाट लेखापरीक्षण सम्पन्न गर्ने सिलसिलामा प्रदेश मन्त्रालय र मातहत निकायका कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखसँग भर्चुअल माध्यमबाट अन्तरक्रिया/छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१४ अनुसूची** रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुकोस्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयनस्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


पत्र संख्याः २०७८।७९ मितिः २०७९।३।२८

च.नं.: ५४३

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं. १, विराटनगर ।

विषय : प्रदेश सञ्चित कोषको आर्थिक विवरणउपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियतसहितको राय

हामीले प्रदेश नं. १ को सञ्चित कोषको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू (अनुसूची १४) को लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएका २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुननबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गर्दा नगदमा आधारित लेखा प्रणालीको आधारमा स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छ । तर वित्तीय विवरणमा समेट्नु पर्ने सबै सूचना, कारोबार समेट्न सकेको छैन।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.१ अर्ब ६२ करोड ८६ लाख १३ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१७ करोड ७ लाख १४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९२ करोड १० लाख ३५ हजार, नियमित गर्नुपर्ने रु.३५ करोड ६४ लाख ९६ हजार र पेस्की बाँकी रु.१४ करोड ८ लाख ८८ हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समितितर्फ रु.३ करोड ९४ लाख ८० हजार बेरुजु देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु.३७ लाख ३५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२३ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७५ लाख ८ हजार र पेस्की बाँकी रु.५९ लाख ५ हजार रहेको छ।

३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन। सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

४. प्रदेश सरकारको लागि रु.७ अर्ब ९९ करोड ८४ लाख समानीकरण अनुदान प्राप्त भएकोमध्ये रु.५ अर्ब ६६ करोड ९ लाख खर्च भई रु.२ अर्ब ३३ करोड ७५ लाख प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ। कोषमा रकम बाँकी रहदा कार्यक्रम सञ्चालनमा असर पर्न गएको छ।

५. संघीय सरकारबाट प्रदेश सरकारको लागि रु.८ अर्ब २३ करोड ४२ लाख २० हजार सशर्त अनुदान, रु.८४ करोड २७ लाख समपूरक अनुदान र रु.५३ करोड ५० लाख विशेष अनुदानसमेत रु.९ अर्ब ६१ करोड १९ लाख २० हजार अनुदान प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रु.१ अर्ब ९० करोड ६ लाख ६ हजार बचत रहेको छ। उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता भएको छ। सशर्त अनुदान पनि खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्न गएको छ।

६. प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व जम्मा हुने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले विभाज्य कोषको आय व्यय विवरण तयार गरेको छ। साविक जिम्मेवारीसमेत जम्मा रु.२ अर्ब १० करोड ९६ लाख ७४ हजार आय देखिएकोमा रु.१ अर्ब ९९ करोड ६३ लाख ६७ हजार विभाजन गरी रु.११ करोड ३३ लाख ७ हजार प्रदेश विभाज्य कोषमा बाँकी रहेको छ। उक्त रकम ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचित कोषमा विभाजन गर्नुपर्दछ।

७. प्रदेश सरकारको श्रोतबाट वित्तीय हस्तान्तरण मार्फत समानीकरण अनुदान, सशर्त अनुदान र समपूरक अनुदान रु.२ अर्ब ८७ करोड ७ लाख ९८ हजार १३७ स्थानीय तहलाई निकासा गरेको छ। उक्त रकममध्ये स्थानीय तहबाट खर्च नभई बाँकी रहेको हिसाब तयार गरेको छैन । सो रकमसमेत प्रदेश सञ्चित कोषको हिसाबमा समावेश भएकोले प्रस्तुत खर्च यर्थाथपरक रहेको छैन । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७८ आषाढ मसान्तसम्मको सम्बन्धित स्थानीय तहअनुसार वास्तविक खर्च तथा फिर्ता गर्नुपर्ने रकमको अभिलेख राखेको छैन । यथार्थ खर्चको विवरण लिई बाँकी हुने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

८. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र श्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिबाट भएको कार्य, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन्।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम सम्पन्न गरिएको छ। सञ्चित कोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रक कार्यालयसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरू प्रदेश सञ्चित कोषको आर्थिक प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तिसमेतका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ।

(महेश्वर काफ्ले)
उप-महालेखापरीक्षक

# परिच्छेद -१

# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

(रु.हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम |
|---|---|---|---|
| १ | सरकारी कार्यालय | १९१ | ४४१८४५८९ |
| २ | समिति र अन्य संस्था | ६ | १४०७१६९ |
| | **जम्मा** | **१९७** | **४५५९१७५८** |

यो वर्ष प्रदेश मातहत १९३ निकायको रु.४५ अर्ब ५९ करोड १७ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण अनुसूची-२ र ३ मा उल्लेख छ ।

१. **सरकारी निकाय -** यो वर्ष प्रदेश मातहतका १९१ निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार तर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| क्र.सं. | कारोबार | २०७७।७८ को रकम | २०७६।७७ को रकम |
|---|---|---|---|
| १ | विनियोजन निकासा | २७७४४९०१ | २९६४९३४८ |
| २ | राजस्व असुली | १३१५५३१७ | १०७०६२७६ |
| ३ | धरौटी आम्दानी | १८०१९०४ | १३०३०८६ |
| ४ | अन्य कारोबार | १४८२४६७ | ९७६५७२ |
| | **जम्मा** | **४४१८४५८९** | **४२६३५२८२** |

*लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ ।*

२. **समिति र अन्य संस्था -** यो वर्ष ६ समिति र अन्य संस्थाको रु.१ अर्ब ४० करोड ७१ लाख ६९ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण **अनुसूची-३ र ४** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख ब्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ ।

- **प्रदेश सरकार बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

| शीर्षक/क्षेत्र | २०७७।७८ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु | १७६०६८१९ | १२०८५२१२ | ४३.२४ |
| पुँजीगत | २३२५३१२८ | १५८६६०४९ | ५६.७६ |
| वित्तीय व्यवस्था | ४०००० | - | |
| **जम्मा** | **४०८९९९४७** | **२७९५१२६१** | |

४. **खर्चको स्थिति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको चालु र पुँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छ ।

(रु.हजारमा)

| सि.नं. | निकाय | वजेट | | यथार्थ खर्च | |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु | पुँजीगत |
| १. | प्रदेश सभामुख र उपसभामुख | ५१६० | | ५०९९ | |
| २. | प्रदेश लोकसेवा आयोग अध्यक्ष र सदस्य | ४१०० | | ३०४९ | |
| ३. | प्रदेश सभा सचिवालय | १८३३४५ | ४६५३१ | १६५०८८ | ३७५१८ |
| ४. | प्रदेश लोकसेवा आयोग | ३४८९९ | १२९२३ | १७७०८ | १०७२९ |
| ५. | मुख्य न्यायधिवक्ताको कार्यालय | १७७२८ | ८५० | १०७९१ | ० |
| ६. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८११५७६ | १४६५०० | ३५८२७६ | ४७६८४ |
| ७. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६१६९७९७ | ३३५२५ | ५८०२४९९ | १७२४४ |
| ८. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १९४९८९ | ७९३१०० | ७०९८० | २६७६७५ |
| ९. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १४३६२२७ | २१६०७३९ | ७८४२१७ | ७८६५०३ |
| १०. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३५४००८० | २५९८०५ | १७४५४९६ | ६९८७३ |
| ११. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८०७३५१ | २१०६२२६० | ५६७८६५ | १३९२०१३२ |
| १२. | सामाजिक विकास मन्त्रालय | ४३६२०९३ | १२३८७३४ | २५३७७९० | ७०२५५० |
| १३. | प्रदेश योजना आयोग | ३५४७४ | ६७६४ | १६३५४ | ६१४१ |
| **जम्मा** | | **१७६०६८१९** | **२५७६१७३१** | **१२०८५२१२** | **१५८६६०४९** |

४.१. संघीय सरकारबाट थप प्राप्त सशर्त अनुदान रु.२ अर्ब ५० करोड ८६ लाख ३ हजारसमेत अन्तिम बजेटमा समावेश छ ।

५. **स्रोतगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७७।७८ को अनुमान यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| सि.नं. | स्रोत | २०७७।७८ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | अनुमान | यथार्थ खर्च | |
| **१** | **संघीय सरकार तर्फ** | **१५११३८००** | **१३३७२२३९** | **४७.८४** |
| १.१ | समानीकरण अनुदान | ७९९८४०० | ५६६०९२३ | ७०.७७ |
| १.२ | सशर्त अनुदान | ५७३७७०० | ६५८१७९४ | ११४.७१ |
| १.३ | समपूरक अनुदान | ८४२७०० | ७२९९७० | ८६.६२ |
| १.४ | विशेष अनुदान | ५३५००० | ३९९५५२ | ७४.६८ |
| **२** | **प्रदेश सरकार तर्फ** | **२५७८६१४७** | **१४५७९०२२** | **५२.१६** |
| **कुल जम्मा** | | **४०८९९९४७** | **२७९५१२६१** | **६८.३४** |

५.१. आर्थिक वर्ष २०७७।७८ मा प्रदेश सरकारको कुल खर्चको ४७.८४ प्रतिशत संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदानबाट र ५२.१६ प्रतिशत प्रदेश सरकारको श्रोतबाट व्यहोरेको छ ।

५.२. यो वर्ष चालुतर्फ रु.१२ अर्ब ८ करोड ५२ लाख १२ हजार खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च रु.८१ लाख ४८ हजार रहेको छ ।

६. **संघीय कार्यालयलाई अख्तियारी -** प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले संघीय सरकारका २६ कार्यालयलाई रु.६३ करोड १३ लाख ६६ हजार बजेट उपलब्ध गराएको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोरा परिच्छेद-३ मा उल्लेख छ । यसको विवरण **अनुसूची** -१२ मा समावेश छ।

७. **राजस्व असुली -** प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन रहेको छ । प्रदेश विनियोजन ऐन, २०७७ अनुसार यो वर्षको लागि रु.२० अर्ब ७८ करोड ६१ लाख ४७ हजार राजस्व प्राप्त हुने अनुमान गरेकोमा रु.१३ अर्ब १५ करोड ४८ लाख ८८ हजार प्राप्त भई अनुमानको तुलनामा ६३.२८ प्रतिशत असुली भएको छ। आर्थिक वर्ष २०७७।७८ मा प्रदेश सरकारले प्राप्त गरेको राजस्व असुली विवरण निम्नानुसार छः

(रु.हजारमा)

| शीर्षक | राजस्व संकेत | वार्षिक लक्ष्य | राजस्व असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| कर राजस्व | ११००० | १२४४४४४७ | ११२२४३७० | ९०.१९ |
| अन्य राजस्व | १४००० | २३४१७०० | ११८६७१४ | ५०.६७ |
| बेरुजु/नगद मौज्दात | १५००० | ६००००० | ७४३८०४ | १२.३९ |
| **जम्मा** | | **२०७८६१४७** | **१३१५४८८८** | **६३.२८** |

यसको विवरण **अनुसूची** -**८** मा समावेश छ।

७.१. यो वर्ष प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको आन्तरिक राजस्व रु.४ अर्ब ७५ करोड ७ लाख ४७ हजार असुल गर्ने अनुमान गरेकोमा रु.३ अर्ब ४९ करोड ७१ लाख ३ हजार (७३.६१ प्रतिशत) असुल गरेको छ ।

७.२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करबापतको रकम प्रदेश विभाज्यकोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभाज्यकोषमा रहेको रु.११ करोड ३३ लाख ७ हजार बाँडफाँट गरेको छैन ।

८. **वित्तीय हस्तान्तरण -** यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रु.हजारमा)

| श्रोत | बजेट | निकासा | निकासा प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | १०००००० | १०००००० | १०० |
| समपूरक अनुदान | १४०७००० | १३०८४११ | ९२.९९ |
| सशर्त अनुदान | ७५३२४५ | ५६२३८७ | ७४.६६ |
| **जम्मा** | **३१६०२४५** | **२८७०७९८** | **९०.८४** |

प्रदेश सरकारले यो वर्ष १३७ स्थानीय तहमा रु.२ अर्ब ८७ करोड ७ लाख ९८ हजार हस्तान्तरण गरेको छ । हस्तान्तरित अनुदानमध्ये समपूरक अनुदानको हिस्सा सबैभन्दा बढी (४५.५७ प्रतिशत) रहेको छ ।

## परिच्छेद-२
# लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २ ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.१ अर्ब ६२ करोड ८६ लाख १३ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा रकम | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा बेरुजु रकम** | **१५८९१३३** | **३९४८०** | **१६२८६१३** | **१००** |
| **१. असुल गर्नुपर्ने** | **१७०७१४** | **३७३५** | **१७४४४९** | **१०.७१** |
| **२. नियमित गर्नुपर्ने** | **१२७७५३१** | **२९८४०** | **१३०७३७१** | **८०.२८** |
| • अनियमित भएको | ३५६४९६ | २७५०८ | ३८४००४ | २३.५८ |
| • प्रमाण कागजात पेस नभएको | ९२१०३५ | २३३२ | ९२३३६७ | ५६.७० |
| • जिम्मेवारी नसारेको | | | | |
| • शोधभर्ना नलिएको | | | | |
| **३. पेस्की** | **१४०८८८** | **५९०५** | १४६७९३ | **९.०१** |
| • कर्मचारी पेस्की | २५२३ | ० | २५२३ | ०.१५ |
| • मोबिलाइजेसन पेस्की | १२८७१९ | ० | १२८७१९ | ७.९० |
| • प्रतीतपत्र पेस्की | ० | ० | ० | ० |
| • संस्थागत पेस्की | ९६४६ | ५९०५ | १५५५१ | ०.९६ |

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९** र **१०** मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजु -** गत वर्षसम्म रू.२ अर्ब ५१ करोड ४२ लाख ५६ हजार बेरुजु रहेकोमा यो वर्ष रू.३३ करोड ९५ लाख ५३ हजार सम्परीक्षण भई रू.२ अर्ब १७ करोड ४७ लाख ३ हजार बाँकी रहेको र यो वर्ष रू.१ अर्ब ६२ करोड ८६ लाख १३ हजार थप भई जम्मा बेरुजु रू.३ अर्ब ८० करोड ३३ लाख १६ हजार कायम भएको छ ।

(रु.हजारमा)

| क्र.सं. | विवरण | गत वर्षसम्मको | यो वर्षको थप | जम्मा बेरुजु रकम |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारी निकायको बेरुजु | २१६४१६९ | १५८९१३३ | ३७५३३०२ |
| २ | समिति तथा अन्य संस्था | १०५३४ | ३९४८० | ५००१४ |
| | **जम्मा** | **२१७४७०३** | **१६२८६१३** | **३८०३३१६** |

यस सम्बन्धी विवरण **अनुसूची -११** मा रहेको छ ।

३. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने, औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७७।७८ को बेरुजु फर्स्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखा उत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची - १३** मा समावेश गरिएको छ ।

३.२. प्रदेश मातहतका सरकारी कार्यालय १९१ को लेखापरीक्षण गरेकोमा ४० कार्यालय (२०.९४ प्रतिशत) मा बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था ६ मध्ये ५ निकायमा लगती बेरुजु देखिएको छ।

३.३. प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समिति समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्:

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | | कुल बेरुजुको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १८६३१५४१ | १४०४६७ | ७९००८१ | १२२४७२ | **१०५३०२०** | **६४.६६** | **५.६५** |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १८४६३२० | ७०९० | १६३५९३ | ७७३ | **१७१४५६** | **१०.५३** | **९.२९** |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २१५६८६१ | १९६७५ | १०९५७३ | १०८२४ | **१४००७२** | **८.६०** | **६.४९** |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३९१००४ | ० | ७७७८९ | ४७३३ | **८२५२२** | **५.०७** | **२१.१०** |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७९५०९६ | ४६ | ३७३७४ | ० | **३७४२०** | **२.३०** | ४.७१ |
| ६. | अन्य मन्त्रालय/निकाय | २१७७०९३६ | ७१७२ | १२८९६० | ७९९० | **१४४१२२** | **८.८४** | ०.३२ |
| | जम्मा | **४५५९१७५८** | **१७४४५०** | **१३०७३७०** | **१४६७९२** | **१६२८६१३** | **१००** | **३.५६** |

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय दोस्रो, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तेस्रो तथा आन्तरिक मामिला तथा कानुन मन्त्रालय चौथो र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पाँचौ नम्बरमा रहेका छन् ।

३.४. प्रदेश मातहतका सरकारी कार्यालय १५१ को २ हजार २४२ दफा बेरुजु देखिएकोमा १८ दफा फर्स्यौंट भई १ हजार ३३ दफा सैद्धान्तिक र १ हजार १९१ दफा लगती बेरुजु कायम भएको छ ।

३.५. लेखापरीक्षणबाट सरकारी कार्यालय, समिति र अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.६ लाख ८ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.१७ लाख ३ हजार र सम्परीक्षणको क्रममा रु.४१ लाख ४१ हजार समेत रु.६४ लाख ५२ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६**मा छ ।

३.६. प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.३ अर्ब ६१ करोड ५४ लाख ८३ हजार बाँकी रहेकोमध्ये रु.१९ करोड ८९ लाख १७ हजार (५.५० प्रतिशत) फर्स्यौंट भई बाँकी रु.३ अर्ब ४१ करोड ६५ लाख ६६ हजार र यो वर्ष थप रु.१४ करोड ८ लाख ८८ हजार समेत कुल पेस्की रु.३ अर्ब ५५ करोड ७४ लाख ५४ हजार बाँकी रहेको छ । सोमध्ये कर्मचारीतर्फ रु.२५ लाख २३ हजार (१.७९ प्रतिशत), मोबिलाइजेशनतर्फ रु.१२ करोड ८७ लाख १९ हजार (९१.३६ प्रतिशत) र अन्य पेस्की रु.९६ लाख ४६ हजार (६.८५ प्रतिशत) रहेको छ ।

त्यस्तै समिति, अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.२० लाख ८ हजार बाँकी रहेकोमा रु.६ लाख (२९.८८ प्रतिशत) फर्स्यौंट भई बाँकी रु.१४ लाख ८ हजार र यो वर्ष थप रु.५९ लाख ५ हजार समेत रु.७३ लाख १३ हजार अन्य पेस्की बाँकी रहेको छ । पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची ५** मा रहेको छ ।

३.७. सरकारी कार्यालय, समिति तथा अन्य संस्था तर्फ ११ निकायको रु.४१ लाख ४८ हजार अग्रिम कर कट्टी नगरेकोमा ७ निकायको रु.१० लाख ४ हजार असुल भई रु.३१ लाख ४४ हजार बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

३.८. प्रदेश कार्यालय र अन्य संस्था तथा समितितर्फ ४ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः ।

(रु.हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत | पेस्की बाहेकको बेरुजु | पेस्की बाहेकको बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| २०७५ | ६५६८९५ | २२३४२ | ३.४० | २२२२६ | ३.३८ |
| २०७७ | ३४६६४८९७ | १६७३९२६ | ४.८२ | ७६९५२९ | २.२१ |
| २०७८ | ४४५७०३४० | १२६५१५६ | २.८४ | ११७५४४९ | २.६४ |
| २०७९ | ४५५९१७५८ | १६२८६१३ | ३.५६ | १४८१८२० | ३.२५ |

# परिच्छेद-३
# लेखापरीक्षणबाट देखिएका व्यहोरा

## लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **लेखापरीक्षण बक्यौता** - प्रदेश सरकार अन्तर्गतको ६ निकायको विनियोजन रु.३७ करोड ८८ लाख ६ हजार र राजस्व रु.१८ लाख ९७ हजार समेत रु.३८ करोड ७ लाख ३ हजारको लेखापरीक्षण बक्यौता रहेको छ । विस्तृत विवरण **अनुसूची-२(क)** मा उल्लेख छ ।

२. **कानुन निर्माण** - प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पास गराउनु पर्दछ । आर्थिक वर्ष २०७७।७८ सम्म ४९ ऐन, २४ नियमावली, १० निर्देशिका, २८ कार्यविधि र १/१ वटा मापदण्ड र गठन आदेशसमेत कुल ११३ कानुनी दस्ताबेज तयार गरेको छ । आवश्यक कानुनको पहिचान गरी समयमै कानुन निर्माण गर्नुपर्दछ ।

३. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लिखित शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वन, वातावरण संरक्षण, सरसफाइ र खानेपानी, पर्यटन,जलस्रोत तथा ऊर्जा, गरिवि तथा वेरोजगारी, युवा तथा खेलकुद, आवास तथा भौतिक पूर्वाधार, सिंचाइ र नदी नियन्त्रण, शान्तिसुरक्षा, सुशासन, सामाजिक न्याय, सुरक्षा, सद्भाव, संस्कृति र एकता जस्ता प्रदेशले लिएका नीति अनुरूप सम्बन्धित विषयगत मन्त्रालयले प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।

४. **संगठन र कर्मचारी व्यवस्थापन** - प्रदेशअन्तर्गत ७ मन्त्रालय, २ संवैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयअन्तर्गत समेत कुल ३ हजार ८८२ दरबन्दी स्वीकृत रहेकोमा २ हजार २४२ अर्थात् ५७.७५ प्रतिशत पदपूर्ति भई १ हजार ६४० दरबन्दी रिक्त रहेको छ । स्वीकृत दरबन्दी पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर पर्न गएको छ ।

५. **कार्यालय स्थापना** - सडक निर्माण तथा पूर्वाधारसम्बन्धी कार्य गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार विकास कार्यालय एवं प्रादेशिक विशेष सडक आयोजना कार्यालय स्थापना गरेको छ । साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरू स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्य, शहरी विकास तथा भवन कार्यालय लगायतका १९७ कार्यालय स्थापना गरेको छ । केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरू प्रदेश सरकारले पुनः स्थापना गरेको छ ।

६. **बजेट कार्यान्वयन** - प्रदेश अर्थमन्त्रीले प्रत्येक वर्ष आषाढ महिनाको १ गते राजस्व संकलन, मध्यमकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानीसम्बन्धी नीतिगत व्यवस्थासहितको बजेट अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ को आय व्ययको अनुमान २०७७ आषाढ १ गते प्रदेश सभामा पेश भएको देखिन्छ । प्रदेश सरकारको २०७७।७८ को आय-व्यय स्थिति विश्लेषण गर्दा निम्न अनुसार देखिएको छः

६.१. प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको वस्तु तथा सेवामा आधारित कर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, प्रशासनिक सेवा शुल्क, अन्य राजस्वसहित रु.४ अर्ब ७५ करोड ७ लाख ४७ हजार असुल गर्ने अनुमान गरेकोमा रु.३ अर्ब ४९ करोड ७१ लाख ३ हजार आन्तरिक आम्दानी गरेको छ ।

६.२. नेपाल सरकारबाट प्राप्त हुने अनुदानसहित प्रदेश सरकारको आम्दानी रु.३० अर्ब ६२ करोड २६ लाख ५७ हजार रहेकोमा रु.२७ अर्ब ९५ करोड १२ लाख ६१ हजार खर्च भएको देखिएको छ ।

६.३. प्रदेश सरकारको आय-व्यय विवरणअनुसार रु.४० अर्ब ८९ करोड ९९ लाख ४७ हजार बजेट विनियोजन भएकोमा रु.२७ अर्ब ९५ करोड १२ लाख ६१ हजार खर्च भएको छ । खर्चमध्ये चालु तर्फ ४३.२४ प्रतिशत तथा पुँजीगततर्फ ५६.७६ प्रतिशत रहेको छ । उक्त खर्चमा प्रदेश सरकारको रु.१४ अर्ब ५७ करोड ९० लाख २२ हजार (५२.१६ प्रतिशत) र संघीय सरकारको अनुदान रु.१३ अर्ब ३७ करोड २२ लाख ३९ हजार (४७.८४ प्रतिशत) रहेको छ।

७. **सवारी साधन खरिद -** प्रदेश मातहतका विभिन्न निकाय तथा कार्यालयहरूले यो वर्ष सवारी साधन खरिद कार्यमा रु.१४ करोड ५२ लाख २६ हजार खर्च गरेका छन् । विगत ३ वर्षमा सवारी साधन खरिद कार्यमा रु.९१ करोड २७ लाख २७ हजार खर्च भएको छ । प्रदेश सरकारले सवारी साधन खरिदसम्बन्धी मापदण्ड स्वीकृत गरी लागू गरेको भएतापनि तोकिएको सीमाभन्दा बढी मूल्यका सवारी साधन खरिद गर्ने कार्यसमेत हुने गरेको, सवारी साधन सञ्चालन र मर्मत संभार खर्चमा सालिन्दा बढोत्तरी हुँदै गएको छ ।

आर्थिक वर्ष २०७६।७७ मा पदाधिकारी इन्धन खर्चमा रु.८१ लाख २८ हजार खर्च भएकोमा २०७७।७८ मा सो खर्च रु.१ करोड २३ लाख ७३ हजार गरेको छ । कार्यालय प्रयोजनमा भएको इन्धन खर्च २०७६।७७ मा रु.३ करोड २५ लाख ७६ हजार भएकोमा २०७७।७८ मा रु.६ करोड ९८ लाख ६६ हजार (११४.४७ प्रतिशत) ले वृद्धि भएको र सवारी साधनको मर्मत खर्चसमेत रु.४ करोड ८८ लाख ४६ हजारबाट बढेर रु.८ करोड १ लाख ५२ हजार पुगेको छ। स्वीकृत मापदण्डको कडाईका साथ पालना गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

८. **करार सेवा शुल्क -** प्रदेश सरकारको स्वीकृत दरबन्दीअनुसारको पदपूर्ति नभएकोले करार सेवाबाट कार्य गराइ खर्च गरेको छ । आर्थिक वर्ष २०७६।७७ मा यस्तो खर्च रु.३ करोड ८५ लाख ३ हजार रहेकोमा २०७७।७८ मा रु.२४ करोड १४ लाख ५ हजार (५२६.९७ प्रतिशत) खर्च भएको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी स्वीकृत दरबन्दीअनुसार पदपूर्ति गर्नुपर्नेमा धेरै जनशक्ति करारमा राखी खर्च लेख्ने कार्य अनियमित देखिन्छ ।

९. **घर भाडा खर्च -** प्रदेश सरकारको संगठन संरचना पश्चात साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरू स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्य, शहरी विकास तथा भवन कार्यालय, पूर्वाधार विकास कार्यालयहरू लगायतका कार्यालय स्थापना गरेको छ । संघीय सरकारले खारेज गरेका क्षेत्रीय निर्देशनालयहरू प्रदेश सरकारले पुनः स्थापना गरेको कारण कार्यालय सञ्चालन, आवास र स्टोर प्रयोजनको लागि प्रदेश सरकारले २०७६।७७ मा घर भाडा बापत रु.२ करोड ३० लाख ४२ हजार खर्च भएकोमा २०७७।७८

मा रु.५ करोड ७४ लाख २ हजार खर्च गरेको छ । वार्षिक घर भाडामा हुने वृद्धि नियन्त्रण गर्नुपर्दछ ।

१०. **क्षेत्रगत उपलब्धि -** बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचकसहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेकोमा आइपरेका समस्या र कारण उल्लेख गर्नुपर्ने र प्रत्येक महिनाको ७ गतेभित्र प्रगति विवरण तयार गरी पठाउनु पर्नेमा पठाएको देखिएन ।

११. **दिगो विकास लक्ष्य -** सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्नको लागि सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुनुपर्दछ । प्रदेश सरकारले आफ्नो प्रथम आवधिक योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्य र सूचकहरूलाई स्थानीयकरण गरी प्रदेशस्तर र स्थानीय तहको योजनामा मूल प्रवाहीकरण गरी सोहीअनुसार कार्यान्वयन गर्ने उल्लेख छ। प्रदेश सरकारले स्वीकृत गरी लागू गरेको प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची-३ मा दिगो विकासका लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरूलाई प्रदेश तहमा स्थानीयकरण गरी दिगो विकासका १७ वटै लक्ष्यलाई कार्यान्वयन गर्न संघीय सरकारको समन्वयमा प्रदेश सरकारले आवश्यक संस्थागत संरचना निर्माण गर्ने उल्लेख भएतापनि संस्थागत संरचना निर्माण भएको पाइएन ।

१२. **सम्पत्ति व्यवस्थापन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३(७)अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गर्ने तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुलउपर गर्ने कार्य भएको छैन । कानुनले तोकेअनुसार मातहत कार्यालयसमेतको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१३. **एकीकृत आर्थिक विवरण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८६(च) मा मन्त्रालयअन्तर्गतको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेशका अधिकांश मन्त्रालयले तोकिएको अवधिभित्र एकीकृत आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गरेका छैनन् । तोकिएको समयमा आर्थिक विवरण पेश हुनुपर्दछ ।

१४. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन प्रचलित कानुनबमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र दफा २९ मा आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अनुगमनका लागि सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्ने व्यवस्था छ । ऐनमा उल्लिखित प्रावधानअनुसार यो वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको भएतापनि अन्य मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेका छैनन् ।

१५. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २ मन्त्रालयअन्तर्गतका ९ कार्यालयले

रु.२ करोड ४५ लाख २५ हजारको निर्माण, मर्मत सम्भार, फर्निचर तथा कार्यालय सामान प्रतिस्पर्धा बेगर सोझै खरिद गरेका छन । खरिद नियमको पालना गर्नुपर्दछ ।

१६. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा लागत अनुमानमा रहेको कन्टिन्जेन्सी रकम खर्च गर्दा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराइ वर्कचार्ज, स्टाफ खर्च र सानातिना अन्य खर्च गर्नुपर्ने व्यवस्था छ । प्रदेश मन्त्रिपरिषदको २०७६।२।५ को निर्णयअनुसार कन्टिन्जेन्सी रकम ३ प्रतिशत कार्यालयले र बाँकी २ प्रतिशत खर्च गर्दा सम्बन्धित मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा कन्टिन्जेन्सी रकम ४ प्रतिशतमात्र हुने व्यवस्था भएकोमा प्रदेश सरकारले ५ प्रतिशत छुट्याउने निर्णय गरेको छ । कार्यालयहरूले वर्कचार्ज स्टाफ खर्च र अन्य सानातिना खर्च देखिने गरी कुल कन्टिन्जेन्सी खर्चको अभिलेख तयार गरेका छैनन् । भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका १२ कार्यालयले रु.९ करोड ४७ लाख ६७ हजार कन्टिन्जेन्सी खर्च गरेका छन ।

निर्माण कार्यको सुपरभिजनमा लगाउने सुपरभाईजरको ज्याला खर्च लेख्दा आधार र नर्म्स स्वीकृत नगरेको साथै कन्टिन्जेन्सीबाट घरभाडा, विद्युत् महसुल, सञ्चार महसुल, खानेपानीलगायत कार्यालय सञ्चालनका खर्च समेतलाई सार्वजनिक निर्माणतर्फको खर्चमा समावेश गरेकोले खर्च शीर्षकको वर्गीकरण र व्याख्या, २०७४ को व्यवस्था भन्दा फरक गरी खर्च गर्ने गरेको देखिएको छ। कन्टिन्जेन्सी रकम तोकिएको आधारमा मात्र खर्च गर्नुपर्दछ ।

१७. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा समायोजन ग्रेडको व्यवस्था रहेको पाइएन । आन्तरिक मामिला तथा कानुन मन्त्रालय बाहेकका निकाय तथा मन्त्रालय र मातहतका कार्यालयले ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई ग्रेड थप गरी रु.१ करोड ४७ लाख २८ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ ।

१८. **वित्तीय जवाफदेहिता :** मन्त्रालयहरूको संस्थागत व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता पालनासम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणाली उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, एकद्धार सेवा प्रणाली कार्यान्वयनमा नआएको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको तथा सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर परीक्षणको स्थिति कमजोर रहेको छ । वित्तीय व्यवस्थापनको उत्तरदायित्वस्तर सुधार गर्नुपर्दछ ।

१९. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९७ मा प्रदेशस्थित सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट लागू गरेको आन्तरिक लेखापरीक्षण निर्देशिकाअनुरुपको कार्यविधि अपनाई चौमासिकरुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गर्दा प्रदेश अन्तर्गतका कार्यालयमा असुल गर्नुपर्ने बेरुजु रु.१७ करोड ४४ लाख ५० हजार, नियमित गर्नुपर्ने

बेरुजु रु.१ अर्ब ३० करोड ७३ लाख ७० हजार देखिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार आन्तरिक लेखापरीक्षण हुँदा असुल गर्नुपर्ने रु.१ करोड ६९ लाख नियमित गर्नुपर्ने रु.७ करोड ३८ लाख ६९ हजार बेरुजु औल्याएको छ । आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी तुल्याउनु पर्दछ ।

## कोभिड-१९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा

२०. **कोभिड कोष -** सामाजिक विकास मन्त्रालयलाई यस वर्ष कोभिड-१९ संक्रमण तथा व्यवस्थापन कार्यक्रम **(**प्रदेश**)** र कोभिड जनसुरक्षा कोषमा जम्मा भएको रकमसमेत गरी कुल रु.५४ करोड ४० लाख ७९ हजार कोभिड १९ व्यवस्थापनको लागि प्राप्त भएकोमा कोशी कोभिड १९ उपचार केन्द्रमा औषधि तथा औषधिजन्य सामग्री व्यवस्थापन, आकस्मिक व्यवस्थापन, जोखिम भत्ता, संक्रमण व्यवस्थापन तथा क्वारेन्टिन खानाखाजा व्यवस्थापनलगायतमा रु.१० करोड ४३ लाख ५९ हजार, विभिन्न ९८ वटा निकाय तथा संघ संस्थाहरूलाई जनशक्ति व्यवस्थापन एवं कोभिड व्यवस्थापनको लागि रु.४३ करोड ६४ लाख ६९ हजारसमेत रु.५४ करोड ८ लाख २८ हजार खर्च भई रु.३२ लाख ५१ हजार मौज्दात रहेको छ। मन्त्रालयबाट निकासा दिएको रकमको अनुगमन गरेको पाईएन। उद्देश्य अनुरुप खर्च भए नभएको सम्बन्धमा अनुगमन तथा मूल्यांकन हुनुपर्दछ ।

२१. **जोखिम मूल्याङ्कन -** प्रदेश सरकारले स्वीकृत गरेको कोभिड-१९ को कार्य योजनामा जोखिमयुक्त समुहको वर्गीकरण गरी अति उच्च जोखिम, उच्च जोखिम र सामान्य जोखिमको आकलन गरेको छ। भारत हुँदै नेपाल प्रवेश गर्ने व्यक्तिहरू, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालकहरू जिम्मेवारीमा खटिएका सुरक्षाकर्मी, नियमितरुपमा दोबाटो चौबाटोमा लाग्ने हाटबजार, व्यापारीहरू अति उच्च जोखिममा राखेको छ । उच्च जोखिम व्यक्तिको सम्पर्कमा रहने व्यक्तिहरू, संक्रमित व्यक्तिको बासस्थान तथा हिडडुल गरेका व्यक्तिहरू, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीसँग सम्पर्कमा रहेका अन्य व्यक्ति तथा परिवारजन र सञ्चारकर्मीलाई उच्च जोखिममा राखेको छ । उक्त दुई समूहबाहेकका सबैलाई सामान्य जोखिममा आंकलन गरेको छ । प्रदेशअन्तर्गतका सुनसरी, मोरङ, झापा र उदयपुरलाई अति उच्च जोखिम, इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ र ओखलढुंगा उच्च जोखिम तथा ताप्लेजुङ र सोलुखुम्बुलाई सामान्य जोखिम जिल्लामा वर्गीकरण गरेको छ । यस बाहेक भारतीय नाका हुँदै दैनिक संक्रमित नागरिक भित्रिने अनुमान गरेको छ ।

२२. **पूर्व तयारी -** प्रदेश सरकारले स्थानीय व्यक्तिमा भाइरसको संक्रमण भएसँगै महामारीको रुपमा फैलिन सक्ने अवस्थालाई दृष्टिगत गरी यसको पूर्व तयारी र व्यवस्थापनका लागि सम्बन्धित निकायहरूको स्पष्ट जिम्मेवारी र कार्य विवरण तोक्नुपर्ने हुन्छ । कोरोना संक्रमण नियन्त्रणका लागि प्रदेश सरकारले कार्ययोजना तर्जुमा गरी मन्त्रिपरिषद्बाट स्वीकृत गरेको छ । कार्य योजनामा जनचेतना र सूचना सम्प्रेषण, अन्तर्राष्ट्रिय नाका र विमानस्थलमा हेल्थडेस्कको स्थापना, शंकास्पद व्यक्तिको स्क्यानिङ डेस्कबाट क्वारेन्टिन र आइसोलेसन स्थलसम्म पुऱ्याउने, नाकाहरूमा स्वास्थ्यकर्मी परिचालन गर्ने, औषधि र उपकरणको भण्डारण तथा ढुवानी व्यवस्था, आइसोलेसन बेडको व्यवस्था, एम्बुलेन्स सेवा, नमूना संकलन र परीक्षण, फोहर व्यवस्थापन र शव व्यवस्थापनको लागि जनशक्ति व्यवस्थापनका विषयहरू समावेश गरेको छ । कार्य योजनाले मुख्यमन्त्रीको अध्यक्षतामा निर्देशक समिति, प्रमुख सचिवको अध्यक्षतामा कार्यान्वयन समिति र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्तरीय कार्यान्वयन समितिको व्यवस्था गरेको छ । कार्य योजना तयार गरिएपनि क्वारेन्टिन

तथा आइसोलेसन केन्द्रको पर्याप्त व्यवस्थापन, कन्ट्रयाक्ट ट्रेसिङ्ग र अन्तर्राष्ट्रिय नाका अनुगमन पूर्वाधारको व्यवस्था र खोजपडतालका काम कारबाही एवं लक्ष्यअनुसार स्वाव परीक्षण गर्न सकेको देखिएन ।

२३. **क्वारेन्टिन र होल्डिङ** - प्रदेश नं.१ प्रदेश सरकारले कोरोना संक्रमण सुरु भएपछि स्थापना गरेको कोरोना जनसुरक्षा कोषबाट कोभिड-१९ कारणले सिर्जित माहामारीबाट नागरिकलाई सुरक्षित गर्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय तहसँग समन्वय, सहकार्य गरी ६ हजार ६७० शय्यासहितको ३१० वटा क्वारेन्टिन स्थापना गरी ६ हजार २३१ जनाको र ७ वटा होल्डिङ एरिया स्थापना गरी १ हजार ८६४ जनाको व्यवस्थापन गरेको छ ।

२४. **कर्मचारी व्यवस्थापन** - निजामती सेवा नियमावली, २०५० को नियम ४ (३)अनुसार आयोजना वा कार्यक्रमको लागि स्वीकृत अस्थायी दरबन्दीमा निजामती सेवाका स्थायी कर्मचारीलाई काजमा खटाई कामकाज गराउनुपर्ने व्यवस्था छ । कोशी कोभिड-१९ उपचार केन्द्र विराटनगरमा कोभिड व्यवस्थापनको लागि ८० जना कर्मचारीको व्यवस्थापन गरेकोमा ३ प्रशासनिक कर्मचारी मन्त्रालयबाट काजमा खटाईएको, २ कन्सल्टेन्ट चिकित्सक कोशी अस्पतालबाट काजमा खटाईएको, १४ करार मेडिकल अफिसर, २५ स्टाफ नर्स, १ ल्याब टेक्नोलोजिस्ट, २ ल्याब टेक्निसियन, २ रेडियोग्राफर, १ हेवी सवारी चालक र ३० कार्यालय सहयोगी कार्यारत रहेका छन् । दरबन्दी स्वीकृत गरी कर्मचारी व्यवस्था गर्नुपर्दछ ।

२५. **जोखिम भत्ता** - नेपाल सरकारबाट जारी कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को आधारमा जोखिम भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले २०७७/७८ मा कोशी कोभिड-१९ उपचार केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी, सरसफाइकर्मी र कर्मचारीलाई २०७७ श्रावणदेखि मंसिरसम्म र २०७८ वैशाखदेखि आषाढसम्म रु.१ करोड २६ लाख १० हजार जोखिम भत्ता बापत भुक्तानी गरेको छ । यसैगरी मेची अस्पतालले कोभिड र नन्कोभिड दुवै शाखामा कार्यरत सबै कर्मचारीलाई अवधि नखुलाई रु.५९ लाख ३३ हजार भुक्तानी गरेको छ । जोखिम कार्यमा खटिएकालाई मात्र यस्तो भत्ता दिने व्यवस्था गर्नुपर्दछ ।

२६. **मेडिकल सामग्री तथा उपकरण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९५ (१)मा व्यवस्था भएबमोजिम जिन्सी मालसामानको विवरण र मूल्यसमेत खोली जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाधेर सरकारी तथा जिन्सी सामानको लगत तयार गर्नुपर्ने उल्लेख छ । आर्थिक वर्ष २०७७/७८ मा कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रलाई विभिन्न निकाय र संघ संस्थाबाट वायो एनालाइजर मेसिन १ थान, आई.पी.ए.पी. मेसिन ११ थान, सी.पी.ए.पी. २६ थान, ब्लड ग्यास एनालाइजर मेसिन १ थान, सी.आर. सिष्टम मेसिन १ थान, हाई फ्लो अक्सिजन मेसिन २३ थान, आई.सी.यू.बेड ८१ थान, अक्सिजन सिलिण्डर २०० थान, अक्सिजन कन्सन्ट्रेटर मेसिन १८ थान, भेन्टिलेटर मेसिन ३७ थानसमेत गरी कुल ४४ प्रकारका १ हजार १८१ थान मेडिकल सामग्री तथा उपकरणहरू प्राप्त भएको छ । कार्यालयले उक्त सामानहरूको मूल्य खोली जिन्सी आम्दानी गरेको छैन । जिन्सी सामान तथा उपकरणहरूको मूल्यसमेत खोली जिन्सी खाता अद्यावधिक गरी उपकरणको उचित संरक्षण, सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ ।

२७. **धरौटी** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ६३ (घ)अनुसार कुनै काम गर्नु अगावै धरौटी राखुपर्ने शर्त भएमा त्यस्तो शर्त पूरा गर्न धरौटी राख्न सकिने व्यवस्था छ । सामाजिक विकास मन्त्रालयले कोभिड प्रयोजनको लागि ३ उद्योगबाट रु.९७ लाख १४ हजारको अक्सिजन खरिद गर्दा रु.२२ लाख ५० हजार धरौटी राखेको छ । धरौटीको प्रयोजन सकिएपछि रकम फिर्ता लिई फरफारक हुनुपर्दछ।

२८. **क्वारेन्टिन खाना, खाजा** - कोभिड-१९ महामारी नियन्त्रण तथा रोकथामका लागि क्वारेन्टिन तथा आइसोलेसन सेन्टर निर्माण सुरक्षित र मितव्ययी हुनुपर्दछ । यो वर्ष सामाजिक विकास मन्त्रालयले क्वारेन्टिन र आइसोलेसनमा रहने व्यक्तिहरूको खाना खाजाको लागि ५ होटलसँग दररेट माग गरी सम्झौता भई स्वास्थ्यकर्मी, कर्मचारी र कोभिड विरामीहरूलाई बास तथा खाना खाजामा रु.२ करोड १० लाख ९९ हजार भुक्तानी गरेको छ । यस प्रकारको खर्च मितव्ययी हुनुपर्दछ ।

२९. **परीक्षण तथा खोप अभियान** - कोभिड व्यवस्थापन तथा नियन्त्रणका लागि मन्त्रालय मातहतका निकायहरूबाट कोभिड परीक्षण तथा कोभिड विरुद्धको खोप अभियान सञ्चालन गरेकोमा सामाजिक विकास मन्त्रालयले उपलब्ध गराएको २०७९।२।१७ गते सम्मको तथ्यांकअनुसार प्रदेश नं १ को जनसंख्या करिब ४५ लाख ३५ हजारमध्ये ३१ लाख ८७ हजार अर्थात ७० प्रतिशत जनसंख्यालाई पूर्ण डोज कोभिड खोप लगाएको र ३० प्रतिशत जनसंख्यालाई पूर्ण डोज खोप लगाउन बाँकी रहेको देखिन्छ । त्यसैगरी १२ देखि १७ वर्ष उमेर समूहका ९८ प्रतिशत बालबालिकालाई पहिलो डोज कोभिड खोप र करिब ८१ प्रतिशतलाई पूर्ण डोज खोप लगाइएको तथा करिब १६ प्रतिशत जनसंख्यामा मात्र कोभिड १९ परीक्षण गरेको छ ।

३०. **पी.सी.आर. ल्याब** - अस्पतालले प्राप्त गर्ने आयको तोकिएबमोजिम लेखा तयार गर्नुपर्दछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०७७।३।१० को प्रयोगशाला सञ्चालनसम्बन्धी निर्णयमा मेची अस्पतालमा कोभिड-१९ परीक्षण प्रयोगशाला अनुमति दिएको छ। कोभिड-१९ को दोश्रो लहर प्रारम्भपछि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको २०७७।५।१९ को पी.सी.आर. परीक्षण अनुमति सम्बन्धी पत्राचारमा मेची अञ्चल अस्पतालअन्तर्गतको सेवा कन्काई पी.सी.आर प्रयोगशाला (कोटीहोम) मेची अस्पतालको जनशक्तिबाट सेवा उपलब्ध हुने गरी तोकिएको छ । सो प्रयोगशालाबाट भएको आम्दानी अस्पतालले प्राप्त गरेको छैन । परीक्षणको क्रममा कोटीहोम पी.सी.आर. प्रयोगशालाबाट २०७७ भाद्रदेखि २०७८ आषाढ मसान्तसम्म २५ हजार ९७६ नमूना परीक्षण गरिएको जानकारी दिएको छ । प्रति नमूना रु.१ हजारको दरले शुल्क लिने व्यवस्थाको आधारमा रु.२ करोड ५९ लाख ७६ हजार आम्दानी हुने अवस्था रहेको भएतापनि मेची अस्पताललाई कुनै रकम प्राप्त भएको नदेखिएकोले प्रयोगशालाको आम्दानी खर्च सम्बन्धमा छानबिन गरी अस्पतालले पाउने रकम यकिन गरी असुल हुनुपर्दछ ।

# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश १ मा ९३ सदस्यीय प्रदेश सभा गठन भएको छ । त्यसैगरी धारा १९५ बमोजिम प्रदेश सभाको काम कारबाही सञ्चालन, व्यवस्थापन गर्न प्रदेश सभा सचिवालय रहने व्यवस्था छ । प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई सञ्चालनमा रहेको छ ।

प्रदेश सभा सचिवालयको यो वर्ष विनियोजन रु.२० करोड ७७ लाख ५ हजार, राजस्व रु.८ लाख र धरौटी रु.३० लाख २१ हजार र अन्य कारोबार रु.३ लाखसमेत रु.२१ करोड १८ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाटदेखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **संसदीय समितिको निर्णय कार्यान्वयन -** नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ । प्रदेश सभा नियमावली, २०७४ (संशोधनसहित) को नियम १३१ ले प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए/गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाहसमेतका लागि प्रदेश सभामा विभिन्न विषयगत समितिहरूको गठन गर्न सक्ने व्यवस्था छ । जसअनुसार प्रदेश सभाले ७ समिति गठन गरेको छ । प्राप्त विवरणअनुसार हालसम्म न्याय प्रशासन तथा विधायन समितिले ३७, सुशासन तथा योजना समितिले ३८, अर्थ समितिले ५५, सार्वजनिक लेखा समितिले ४८, सामाजिक विकास समितिले ६५, उद्योग, पर्यटन तथा वातावरण समितिले ४४, प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समितिले २८ बैठक बसी विभिन्न निर्णय गरेको छ । समितिबाट भएका विभिन्न निर्णय तथा निर्देशनहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरी समितिहरूले प्रदेश सभामा प्रतिवेदन पेश गर्न बाँकी देखिएको छ ।

प्रदेश सभा नियमावली, २०७४ को नियम १३१ अनुसार गठित विषयगत समितिहरूमध्ये सार्वजनिक लेखा समितिले विभिन्न बैठक गरेतापनि २०७४।७५ देखिको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औलाइएका बेरुजुसम्बन्धमा छलफल गरी आवश्यक निर्देशनसहित प्रतिवेदन प्रदेश सभामा पेश गरेको जानकारी प्राप्त भएन ।

२. **पारिश्रमिक र सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७५ को दफा २० मा अनुसूचीमा हेरफेर गर्न सक्ने व्यवस्था गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको २०७६।४।२८ मा भएको निर्णयअनुसार पारिश्रमिक र सुविधाहरू २०७६।४।१ देखि लागू हुने गरी निर्णय भएतापनि राजपत्रमा प्रकाशन भएको देखिएन । प्रदेश सभा सचिवालयले साविकको दर र सुविधा परिवर्तित अनुसूचीको आधारमा सभामुख र उपसभामुखको पारिश्रमिक तथा सुविधामा रु.२२ लाख २० हजार तथा प्रदेश सभा सदस्यको

पारिश्रमिकमा रु.७ करोड ५४ लाख ४६ हजार तथा पदाधिकारीको इन्धनमा रु.२० लाख २४ हजार खर्च भएको छ । जसमध्ये राजपत्रमा उल्लिखित अनुसूचीभन्दा रु.१ करोड १६ लाख २२ हजार बढी सुविधा भुक्तानी दिएको छ । ऐनको व्यवस्था पालना हुनुपर्दछ।

३. **ऐन विपरीत सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७५ मा प्रमुख प्रतिपक्ष दलका उपनेतालाई सुविधा दिने सम्बन्धी कुनै व्यवस्था छैन । प्रदेश सरकारको २०७७।८।१५ को निर्णयबाट प्रमुख प्रतिपक्ष दलका उपनेतालाई १ हलुका सवारी चालकसहित सवारी साधन र इन्धन सुविधा उपलब्ध गराउने निर्णय भएको आधारमा २०७७।४।१ गते लागू हुने गरी सुविधा दिने निर्णय गरेको छ । जसबाट वार्षिक इन्धन रु ३ लाख ६० हजार र पारिश्रमिक रु.३ लाख १२ हजार खर्च भएको छ । ऐनमा नभएको सुविधा प्रदेश सरकारको निर्णयबाट दिएको नियमसम्मत भएन । त्यस्तै सत्तापक्ष संसदीय दलको उप-नेतालाई दिएको सुविधाका सम्बन्धमा गत वर्षको प्रतिवेदनमा औल्याएकोमा यो वर्षपनि रु.६ लाख ७२ हजार खर्च भएको छ । कानुनी व्यवस्थाको पालना गरी खर्च गर्नुपर्दछ ।

४. **अभिलेख व्यवस्थापन -** प्रदेश सभा सचिवालयले प्रदेशसभाबाट प्राप्त निर्देशनको कार्यान्वयन गर्नुपर्दछ। यस कार्यको लागि सभामा प्रश्नोतर, संकल्प, ध्यानाकर्षण, शून्य समय, विशेष समय र संसदीय समितिले कार्यस्थलको अनुगमन मार्फत ऐन कानुनको पालना, योजना कार्यान्वयन, वित्तीय अनुशासन, नागरिकले पाउने लाभ र सुविधामा समावेशिता, सरकारी सम्पत्तिको संरक्षण सम्बन्धमा सचिवालयबाट भएका कार्यको अभिलेख व्यवस्थित गरेको पाइएन । सभा र संसदीय समितिबाट सम्पादित कार्यको अभिलेख व्यवस्थित राख्नुपर्दछ।

५. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांकित तृतीय र राजपत्रांकित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । ग्रेड नपाउने तहमा समायोजन भएका ६ कर्मचारीहरूलाईसमेत ग्रेड थप गरी रु.६ लाख ४५ हजार खर्च गरेको छ । ऐन विपरीत भुक्तानी भएको ग्रेड रकम असुल गर्नुपर्दछ ।

- **बेरुजुको स्थिति -** सचिवालयको लेखापरीक्षणबाट यो वर्ष रु.३ लाख १२ हजार बेरुजु देखिएको छ। यस सम्बन्धमा विस्तृत विवरण **अनुसूची-९** मा समावेश छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने, प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मातहतसमेत २ कार्यालयको विनियोजन रु.४० करोड ५९ लाख ६० हजार, राजस्व रु.२ लाख १९ हजार, धरौटी रु.६७ लाख ८७ हजार र अन्य कारोबार रु.३८ करोड २१ लाख ३० हजार र अन्य संस्था र समिति २ को रु.१३ करोड ४१ हजार समेत जम्मा रु.९२ करोड ५१ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्याङ्कन गर्नुपर्नेमा कार्यालयले अनुगमन मूल्याङ्कनको सूचाङ्क तयार गरी नीति तथा कार्यक्रम कार्यान्वनको अनुगमन र मूल्याङ्कन गरेको छैन । अनुगमन मूल्याङ्कनको अभावमा कार्यान्वयनमा परेका समस्या र यसले पारेको असर सम्बन्धमा जानकारी प्राप्त गरी आवश्यक सुधार गर्न नसकिने भएकोले यसतर्फ ध्यान दिनुपर्दछ । साथै, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित नीति र कार्यक्रममा उल्लेख भएका प्रशासनिक संगठन तथा दरबन्दी संरचनाको पुनरावलोकन, डिजिटल प्रदेश बनाउने कार्यक्रम, उच्चस्तरीय स्थलगत अनुगमनको व्यवस्थालगायतका कार्यक्रम कार्यान्वयन भएको पाइएन ।

२. **शासकीय सुधार -** प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्य मन्त्रालय र मातहतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था, एकद्वार सेवा प्रणाली कार्यान्वयन, सेवाको गुणस्तर लगायतको अनुगमन गरी प्रदेशको शासकीय अवस्था र सुशासनको लागि विषयगत प्रगति तयार गर्नुपर्नेमा सो सम्बन्धी प्रगति तयार गरेको देखिएन ।

३. **संगठन तथा व्यवस्थापन सर्भेक्षण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट हुने व्यवस्था छ । प्रदेशमा ७ मन्त्रालय, २ संवैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयसमेतमा ३ हजार ८८२ दरबन्दी स्वीकृत रहेकोमा पदपूर्तिको विवरण अद्यावधिक गरेको छैन ।यो वर्षसम्म मन्त्रिपरिषद् कार्यालय र मातहत निकायको संगठन तथा व्यवस्थापन

सर्वेक्षण स्वीकृत गरी लागू गरेको पाइएन । नियमानुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गर्नुपर्दछ ।

४. **दिगो विकासको लक्ष्य र उपलब्धि -** दिगो विकासका १७ प्रमुख लक्ष्य हासिल गर्न दिगो विकासको एजेण्डा, २०३० कार्यान्वयनमा सबै तहका सरकारको महत्वपूर्ण भूमिका रहन्छ । दिगो विकास लक्ष्यहरूलाई सबै तहका सरकारले आ-आफ्ना नीति कार्यक्रम र बजेटमा आवद्ध नगरेसम्म लक्ष्य प्राप्तिमा कठिनाई हुने देखिन्छ। दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नको लागि आवधिक योजना (२०७६।७७ - २०८०।८१) मा प्रदेश सरकारले आधार रेखा सूचकांक तयार गरी आर्थिक वृद्धिदर ९.७ प्रतिशत, प्रतिव्यक्ति आय अमेरिकी डलर १ हजार ६२०, गरिबीको रेखामुनीको जनसंख्या ११ प्रतिशत, मानव विकास सूचकांक ०.६००, साक्षरता दर ९९ प्रतिशत, खानेपानीको स्रोत ९९ प्रतिशतमा पुगेको हुने जस्ता परिमाणात्मक लक्ष्यहरू निर्धारण गरी प्रकाशन गरेको भएता पनि ती लक्ष्यहरूलाई सरकारका वार्षिक विकास कार्यक्रमहरूसँग तालमेल र भिडान गरेको पाइएन।

५. **प्रदेश समन्वय परिषद् -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामन्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषद्को बैठक वर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था भएकोमा यो वर्ष परिषद्को बैठक बसेको देखिएन । ऐनको व्यवस्थाअनुसार बैठक बसी समन्वयात्मक कार्य सञ्चालनमा एकरुपता ल्याउनु पर्दछ ।

६. **शून्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले अनुसूची ३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने, त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने उल्लेख छ । प्राप्त विवरणअनुसार यो वर्ष कार्यालयबाट सञ्चालन गर्नुपर्ने रु.९ करोड १७ लाखको प्रदेश सहयोग कार्यक्रम, डिजिटल प्रदेश सूचना प्रविधि पूर्वाधार विकास कार्यक्रमलगायत ८ कार्यक्रमहरू सञ्चालन गरेको देखिएन । तोकिएको लक्ष्य अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७. **कोरोना उपचार अनुदान -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४२ मा अनुदान दिँदा योजना कार्यक्रम र यथासम्भव लागतसमेत खुलाउनुपर्ने र अनुदान रकमको वार्षिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत पठाउनुपर्ने व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अनुदान उपलब्ध गराउने निर्णयको आधारमा नेपाल पत्रकार महासंघ प्रदेश समितिलाई कोरोना उपचार खर्चबापत लागत नखुलाई एकमुष्ट रु.१० लाख अनुदान उपलब्ध गराएको छ । उक्त रकमबाट भएको कार्यक्रम र प्रगति प्रतिवेदनसमेत लिई अनुदान उपयोगको मूल्यांकन गर्नुपर्दछ।

८. **घरजग्गा लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५४ मा सम्बन्धित कार्यालयले घर जग्गाको लगत राख्नुपर्ने र प्रदेशभित्रको सरकारी घर जग्गाको लगत प्रदेश लेखा नियन्त्रक कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले विद्युतीय प्रणालीमा अद्यावधिक

गर्नुपर्ने व्यवस्था छ । कार्यालयले घर जग्गाको लगत राखेको पाइएन। घर जग्गाको लगत राखी तोकिएको निकायमा पठाउनु पर्दछ।

९. **स्थानीय तह सहयोग कार्यक्रम -** संघीय सरकारमार्फत प्राप्त अख्तियारीबाट चालु तथा पुँजीगत खर्च शीर्षकमा क्रमशः रु.१ करोड ३३ लाख ८६ हजार र रु.११ लाख ८३ हजार खर्च गरेको छ । यो वर्ष प्राप्त पुँजीगत बजेटबाट कार्यक्रम सञ्चालन गर्ने कार्यालयलाई ए.सी., फोटोकपी मेसिन, प्रोजेक्टर, प्रिन्टर, फर्निचरसमेतका मेसिनरी औजार र कार्यालय मालसामान खरिद गरी पठाएको आधारमा खर्च गरेको छ । यो कार्यक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत सञ्चालन हुने उल्लेख भएतापनि कार्यक्रमसम्बन्धी सम्झौता तथा कार्यक्रमको लक्ष्य प्रगति र वार्षिक प्रतिवेदन तयार नगरेकोले खर्च यकिन हुन सकेन । कार्यालय मातहतबाट सञ्चालन हुने सबै कार्यक्रम तथा योजनाहरूको वार्षिक कार्यक्रम तथा प्रगति र दातागत खर्च विवरणसमेत खुलाइ प्रतिवेदन तयार गर्नुपर्दछ ।

१०. **कानुन तथा कार्यविधि निर्माण -** कार्यालयले हालसम्म ४९ ऐन, २४ नियमावली , २८ कार्यविधि र १० निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको र ८ विधेयक मस्यौदा गर्नका लागि सैद्धान्तिक स्वीकृत दिएको छ । नेपालको संविधानअनुसार प्रदेशको एकल अधिकारको सूचीमा रहेका आफ्नो क्षेत्राधिकारभित्रका विषयहरूमा आवश्यक पर्ने ऐन, नियम र कार्यविधिहरू निर्माण गर्दै जानुपर्ने देखिन्छ। साझा अधिकारको सूचीमा रहेका विषयहरूमा आपसी समन्वय र छलफल गरी कानुन निर्माण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अग्रसरता लिनुपर्दछ ।

११. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नेपाल सरकार तथा दातृ सरकारबीच २०७५ माघ ३ मा सम्झौता भई प्रदेश सरकारको संरचनात्मक र संस्थागत क्षमता विकास, नीति निर्माण, व्यवस्थापकीय सुधार विश्वसनीय सेवा प्रवाह, समावेशी विकास र सुशासन गरिबी निवारणमा सहयोग गर्न नेपाल सरकारको रु.२० करोड र दातृ सरकारको रु.१ अर्ब प्राप्त हुने तथा २०२४ को जनवरी ३१ सम्म यो कार्यक्रमको अवधि रहेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको वार्षिक प्रतिवेदन अनुसार मार्च २०२० देखि जुन २०२१ सम्म रु.३० करोड ५९ लाख ८८ हजार प्राप्त हुनेमध्ये यो वर्ष रु.३ करोड ५० लाख ५० हजार खर्च भएको उल्लेख छ । सम्झौतामा कार्यक्रमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यहोरा गत वर्ष औल्याएकोमा यो वर्षसमेत लेखापरीक्षण गराएको छैन । सम्झौताअनुसार लेखापरीक्षण गराउनुपर्दछ ।

१२. **बैठक तथा निर्णय कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारीअन्तर्गत प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ। मन्त्रिपरिषद्को बैठक २०७४ मा ८, २०७५ मा ३२, २०७६ मा २८, २०७७ मा २५ र २०७८ मा ३२ गरी जम्मा १२५ पटक बसेकोमा निर्णय सम्बन्धी अभिलेख व्यवस्थितरुपमा राख्ने गरेको छैन भने निर्णयहरू कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पनि तयार गरेको देखिएन । निर्णयको कार्यान्वयनमा भएका कमीकमजोरी तथा

सुझावहरू अध्ययन गर्न तथा आगामी दिनमा सुधार गर्न अनुगमन प्रतिवेदन अनिवार्यरुपमा तयार गर्नुपर्दछ ।

१३. **कोरोना जनसुरक्षा कोष** - विपद् व्यवस्थापन कोष ऐन, २०७५ को दफा ३८ बमोजिम कोषबाट कोरोना जनसुरक्षा कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार गरी २०७६/१२/११ मा कोरोना जनसुरक्षा कोष खडा गरिएको छ । उक्त कोषमा गत वर्षको मौज्दात रु.१३ करोड ९५ लाख २७ हजार रहेकोमा यो वर्ष प्रदेश सरकारबाट रु.२० करोड, स्थानीय सडक सहयोग इकाईबाट रु.४ करोड र अन्यबाट रु.२२ लाख २ हजारसमेत कुल आम्दानी रु ३८ करोड १७ लाख २९ हजार रहेको छ । मातहतका मन्त्रालयहरूलाई निकासा गरी रु.२४ करोड ८ लाख ७८ हजारमात्र खर्च भई रु.१४ करोड ८ लाख ५१ हजार मौज्दात रहेको छ । मातहतका निकायलाई दिएको निकासाको अनुगमन गरेको छैन ।

कोषबाट रु.२४ करोड ८ लाख ७८ हजार, सामाजिक विकास मन्त्रालयको नियमित बजेट शीर्षकबाट रु.२१ करोड ४१ लाख तथा नेपाल सरकारबाट प्राप्त रु.२२ करोड ७४ लाख गरी रु.६८ करोड २४ लाख ७८ हजार विभिन्न मन्त्रालयलगायत निकायहरू मार्फत निकासा दिई खर्च भएको विवरणमा उल्लेख छ ।

१४. **प्रदेश सम्पर्क कार्यालय** - गत वर्षको प्रतिवेदनमा कार्यालयले काठमाडौंमा मुख्यमन्त्रीको सम्पर्क कार्यालय सञ्चालन गर्न महाराजगंजमा मासिक रु.२ लाख ७५ हजारका दरले भुक्तानी गर्ने गरी प्रदेश सम्पर्क कार्यालय स्थापना गरी खर्च भई रहेको व्यहोरा औंल्याइएकोमा यो वर्ष घर भाडामा रु.३३ लाख खर्च भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय विराटनगरमा स्थापना भई सञ्चालन भइरहेकोमा कानुनी व्यवस्था र नीतिगत निर्णयबेगर काठमाडौंमा सम्पर्क कार्यालय स्थापना गरी घर भाडाबापत गरेको खर्च उपयुक्त देखिएन ।

१५. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्षभित्र लागू गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । नियमावलीको व्यवस्थाबमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्दछ।

१६. **सम्पत्ति व्यवस्थापन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५३(२) मा कुनै कार्यालय गाभ्ने निर्णय भएमा यसरी निर्णय भएको पैतिसौं दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। नेपाल सरकारको २०७७ आश्विन ९ गते निर्णयअनुसार झापा जिल्लास्थित ग्रामीण विकास प्रशिक्षण केन्द्रका सम्पूर्ण संरचनाहरू प्रदेश सरकार मातहत हस्तान्तरण भई आएको र प्रदेश सरकारले उक्त केन्द्रलाई प्रदेश प्रशिक्षण केन्द्रको रुपमा सञ्चालन गरिरहेको भएतापनि उक्त केन्द्रको सम्पत्ति तथा संरचना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विद्युतीय जिन्सी व्यवस्थापन प्रणालीमा आवद्ध गरी एकीकृत जिन्सी अभिलेखमा समावेश गरी अभिलेखाङ्कन गरेको छैन ।

१७. **ग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । तर कार्यालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका १४ कर्मचारीहरूलाई ग्रेड थप गरी रु.६ लाख ९१ हजार भुक्तानी गरेकोले ऐन विपरीत भुक्तानी गरेको रकम असुल हुनुपर्दछ।

१८. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३९ देखि ४४ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको अवस्था देखिने अभिलेख मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अद्यावधिक गरेको छैन । ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नु गर्नुपर्दछ ।

# संगठित संस्था र समिति

## प्रदेश लगानी प्राधिकरण

सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ बमोजिम विकासको लागि सार्वजनिक निजी सहकारी, साझेदारी, विदेशी लगानी परिचालन परियोजनाको निर्माण तथा विकास गर्दै रोजगारीका अवसरसमेत सिर्जना गरी गरिबी निवारणमा अर्थपूर्ण योगदान पुऱ्याउने उद्देश्यले प्रदेश लगानी प्राधिकरण गठन भएको छ । प्रदेश मन्त्रिपरिषद्को २०७६।१०।१३ को निर्णयअनुसार प्रमुख कार्यकारी नियुक्ति गरी विराटनगरमा कार्यालय स्थापना गरी सञ्चालनमा रहेको छ ।

१. **आर्थिक कारोबार** - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त रु.२ करोड ५० लाख, गत वर्षको जिम्मेवारी रु.१६ लाख ३९ हजार र सेवा शुल्क रु.४ लाख ५१ हजारसमेत कुल आय रु.२ करोड ७० लाख ९० हजारलाई बोर्ड बैठकबाट चालु र पुँजीगत खर्च शीर्षकमा बाँडफाँट गरी यो वर्ष पुँजीगततर्फ रु.६२ लाख ३५ हजार र चालुतर्फ रु.४७ लाख ९९ हजार खर्च गरी रु.१ करोड ६० लाख ५६ हजार प्राधिकरण कै खातामा मौज्दात रहेको छ । प्राधिकरणको आर्थिक कारोबार सञ्चालन सम्बन्धमा नियमावली स्वीकृत गरी लागू गरेको पाइएन । आर्थिक नियमावली बनाइ कारोबार सञ्चालन गर्नुपर्दछ ।

२. **कार्यक्षेत्र तथा सेवा** - प्राधिकरणले प्रदेशमा विकास, निर्माण, सञ्चालन तथा कार्यान्वयन, परियोजना छनोट, अनुमति प्रदान, सम्भाव्यता अध्ययन, एवं कार्यान्वयनमा लगानी बोर्डसँगको समन्वय, लगानी

बोर्डबाट स्वीकृत परियोजनाको कार्यान्वयन, प्रदेश तथा स्थानीय तहबीच अन्तर समन्वय तथा प्रदेशस्तरीय परियोजना पहिचानसहित लगानी बोर्ड समक्ष प्रस्तुत गर्नुपर्ने कार्यक्षेत्र तोकिएको छ । तर प्राधिकरणले सम्भाव्यता अध्ययन कार्यबाहेक अन्य कार्य गरेको छैन ।तोकिएका जिम्मेवारी अनुसारको कार्य सम्पादन गर्नुपर्दछ ।

३. **सम्भाव्यता अध्ययन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । यो वर्ष प्राधिकरणले १४ जिल्लामा लगानी सम्भाव्यता परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन गर्न १४ परामर्शदाताहरूसँग रु.१ करोड ७१ लाख ४ हजारको सम्झौता गरी रु.३४ लाख २१ हजार खर्च गरेको छ । परियोजना सम्भाव्यता अध्ययनका लागि १४ जिल्लालाई २ समूहमा विभाजन गरी मोरङ, सुनसरी, इलाम, धनकुटा र उदयपुर जिल्लाको लागि प्रति जिल्ला रु.१४ लाख ९६ हजारका दरले रु.७४ लाख ८० हजार र ताप्लेजुङ, पाँचथर, तेह्रथुम, संखुवासभा, भोजपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु जिल्लाको लागि प्रति जिल्ला रु.१२ लाख ४८ हजारका दरले रु.९९ लाख ८४ हजार लागत अनुमान कायम गरी प्रत्येक जिल्लाका लागि छुट्टा छुट्टै प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी परामर्शदाताहरूसँग खरिद सम्झौता गरेको छ। अधिकांश प्रस्ताव लागत अनुमानकै हाराहारीमा पेश भई स्वीकृत भएका छन । प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा प्रत्येक जिल्लाको छुट्टा छुट्टै परामर्शदाता नियुक्त गरी खरिद गरेकोले परामर्श सेवा खरिद कार्य मितव्ययी देखिएन । प्रतिस्पर्धात्मक तरिकाले परामर्श सेवा खरिद गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** कार्यालयको लेखापरीक्षणबाट यो वर्ष रु.३ करोड ८५ लाख २० हजार बेरुजु बाँकी रहेको छ । यसैगरी अन्य संस्था तथा समितितर्फ १ निकायमा यो वर्ष रु.१० लाख ७९ हजार बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची -९ र १०** मा समावेश छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमनलगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत १५ निकायको विनियोजन रु.५ अर्ब ८१ करोड ९७ लाख ४३ हजार, राजस्व रु.१० अर्ब १८ करोड ४२ लाख ५४ हजार, धरौटी रु.१ करोड ११ लाख ८४ हजार र अन्य कारोबार रु.९ करोड ८९ लाख ३७ हजार समेत रु.१६ अर्ब ११ करोड ४१ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तर्जुमा एवं कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ ३ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन गर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार ७ ऐन, ४ नियमावली, ४ निर्देशिका, ६ कार्यविधि, २ मापदण्ड र अन्य ५ समेत कुल २८ कानुन तथा कार्यविधिहरू निर्माण भई कार्यान्वयनमा रहेका छन् । आवश्यक प्रदेश कानुनहरू समयमै निर्माण गर्नुपर्ने तथा कानुन कार्यान्वयन अवस्थाको विश्लेषण गर्नुपर्दछ ।

२. **वार्षिक विकास लक्ष्य** - यो वर्ष मन्त्रालयको लागि प्रदेश योजना आयोगले तोकेको वार्षिक विकास लक्ष्यअनुसार कुल गार्हस्थ उत्पादन रु.६ खर्ब ४७ अर्ब ४० करोड तोकेकोमा रु.६ खर्ब ६३ अर्ब ६० करोड पुगेको, आर्थिक वृद्धि दर ९.५० प्रतिशत हुने लक्ष्य तोकेकोमा ३.५४ प्रतिशतमात्र भएको तथा वार्षिक बजेटमा आन्तरिक राजस्वको योगदान १२.१३ प्रतिशत हुने लक्ष्य तोकेकोमा १२.५१ प्रतिशत पुगेको मन्त्रालयले तयार गरेको प्रगति प्रतिवेदनमा उल्लेख छ । तर यो वर्षसम्म प्रतिव्यक्ति आय अमेरिकी डलर १ हजार २०८ पुऱ्याउने र बहु आयामिक गरिबी १७.४० प्रतिशतमा झार्ने उल्लेख भएकोमा सोको प्रगति प्रतिवेदन तयार गरेको छैन । तोकिएको लक्ष्यअनुसार प्रगति हुने गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

३. **आय-व्यय -** प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्य अनुसार रु. ४० अर्ब ८९ करोड ९९ लाख आय-व्यय अनुमान रहेकोमा प्रदेश लेखानियन्त्रक कार्यालयबाट पेश भएको विवरण अनुसार प्रदेश अन्तर्गत संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गतवर्षको बचतसमेत रु. ३० अर्ब ७६ करोड ५२ लाख आय भएकोमा रु. २७ अर्ब ९५ करोड १३ लाख खर्च भई रु. २ अर्ब ८१ करोड ३९ लाख बचत भएको छ । बचत मध्ये संघीय सरकारलाई रु. १ अर्ब ९० करोड ६ लाख अनुदान फिर्ता भएको देखिन्छ ।

४. **बजेट तथा खर्च -** यो वर्ष प्रदेश सरकारको सुरु बजेट रु.४० अर्ब ८९ करोड ९९ लाख ४७ हजार रहेकोमा संघबाट सशर्त अनुदान रु.२ अर्ब ५० करोड ८६ लाख ३ हजार थप भई जम्मा बजेट रु.४३ अर्ब ४० करोड ८५ लाख ५० हजार कायम गरी रु.२७ अर्ब ९५ करोड १२ लाख ६१ हजार (६४.३९ प्रतिशत) खर्च भएकोमध्ये चालु खर्चतर्फ रु.१२ अर्ब ८ करोड ५२ लाख १२ हजार

(४३.२४ प्रतिशत) र पुँजीगत खर्चतर्फ रु.१५ अर्ब ८६ करोड ६० लाख ४९ हजार (५६.७६ प्रतिशत) रहेको छ ।

५. **आयको अवस्था -** यो वर्ष वार्षिक बजेटमा कुल आयको अनुमान रु.४० अर्ब ८९ करोड ९९ लाख ४७ हजार भएकोमा रु.३० अर्ब ७६ करोड ५२ लाख ९ हजार (७५.२२ प्रतिशत) आम्दानी प्राप्त भएको छ। जसमा कुल कर राजस्व लक्ष्य रु.४ अर्ब ७५ करोड ७ लाख ४७ हजार रहेकोमा रु.३ अर्ब ६३ करोड ९६ लाख ५५ हजार (७६.६१ प्रतिशत) संकलन भएको अवस्था छ।

६. **अनुदान -** अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ अनुसार संघीय सरकारबाट प्रदेश सरकारलाई अनुदान प्राप्त हुने व्यवस्था छ । अनुदानमध्ये समानीकरण, समपूरक र विशेष अनुदान बजेट अनुमान अनुसार नै प्राप्त भएकोमा सशर्त अनुदान अनुमानभन्दा रु.२ अर्ब ५० करोड ८६ लाख ३ हजार बढी प्राप्त भएको छ । यो वर्ष प्राप्त अनुदान रु.१७ अर्ब ६१ करोड ३ लाख २१ हजार मध्ये रु.१३ अर्ब ३७ करोड २२ लाख ३९ हजार (७५.९३ प्रतिशत) खर्च भएको छ । समानीकरण अनुदान रु.७ अर्ब ९९ करोड ८४ लाखमध्ये रु.५ अर्ब ६६ करोड ९ लाख २४ हजार खर्च भई रु.२ अर्ब ३३ करोड ७४ लाख ७६ हजार बचत भएको छ । सशर्त, समपूरक र विशेष अनुदान रकम मध्ये खर्च नगरेको रु.१ अर्ब ९० करोड ६ लाख ६ हजार आर्थिक वर्षको अन्तसम्म फिर्ता नगरी २०७८/९/२८ मा मात्र फिर्ता गरेको छ ।

७. **स्थानीय तह अनुदान -** यो वर्ष प्रदेश सरकारले १३७ स्थानीय तहहरूलाई वित्तीय समानीकरण अनुदान रु.१ अर्ब, समपूरक अनुदान रु.१ अर्ब ३० करोड ८४ लाख ११ हजार तथा सशर्त अनुदान रु.५६ करोड २३ लाख ८७ हजार समेत रु.२ अर्ब ८७ करोड ७ लाख ९८ हजार वित्तीय हस्तान्तरण गरेको छ । स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण अनुदान मध्ये समपूरक अनुदानको अंश ४५.५८ प्रतिशत रहेको छ ।

८. **वर्षान्तमा निकासा -** पूर्वाधार विकास कार्यालय मोरङलाई रु १५ लाख, खुम्बु पासाङ्ल्हामु गाउँपालिका, सोलुखुम्बुलाई रु.२५ लाख, भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका कार्यालयहरूलाई दायित्व भुक्तानी गर्न अपुग रकमका लागि रु.४ करोड २ लाख ८३ हजार, स्वास्थ्य कार्यालय इलाम र मोरङलाई क्रमशः रु.५ लाख र रु.१५ लाख थप बजेट वर्षान्तमा निकासा गरेको छ । वर्षान्तमा रकम निकासा गर्दा कामको गुणस्तर कायम हुन नसक्ने देखिन्छ ।

९. **आन्तरिक ऋण -** प्रदेश सरकारले २०७७।७८ को बजेटमा नेपाल सरकारबाट रु.५ अर्ब ऋण लिने उल्लेख गरेकोमा उक्त ऋण लिएको छैन भने वित्तीय व्यवस्थामा बजेट स्वीकृत गरेको रु.४ करोड खर्च भएको पाइएन । आन्तरिक ऋण प्राप्तिसम्बन्धी कार्य विधि तयार नभई सो कार्यको लागि बजेट विनियोजन गर्नु सान्दर्भिक देखिएन ।

१०. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ मा प्रदेश विनियोजन ऐनमा समावेश भएको रकम दोश्रो चौमासिक अर्थात फाल्गुणभित्र पनि सन्तोषजनकरुपमा कार्यान्वयन नभएमा वा हुन नसक्ने देखिएमा उक्त बजेट रकम समर्पण गर्न लगाइ अन्य शीर्षकमा रकमान्तर गरिने उल्लेख छ । यो वर्ष विभिन्न ११ मन्त्रालय तथा निकायले रु.१२ अर्ब ११ करोड ८४ लाख ३३ हजार (२ प्रतिशत देखि ७० प्रतिशत) बजेट समर्पण गरेका छन । बजेट समर्पण गरेको भएतापनि

उक्त रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमा पुनः रकमान्तर गरेको देखिदैन । अत्यावश्यक आयोजनामा रकम खर्च गर्न बजेट समर्पण गराउने गरिएतापनि खर्च नहुने गरी समर्पण गराउने कार्य उपयुक्त देखिएन ।

११. **तेश्रो चौमासिक तथा असारको खर्च -** मन्त्रालयले कुल बजेटमध्ये पहिलो, दोश्रो तथा तेश्रो चौमासिकमा सञ्चालन गरिने कार्यक्रम र क्रियाकलापको लागि बजेटको सीमा निर्धारण गरी अन्य मन्त्रालयमा पठाएको छ। प्रदेश सरकारको कुल खर्च रु.२७ अर्ब ९५ करोड १२ लाख ६१ हजार मध्ये तेश्रो चौमासिकमा रु.१४ अर्ब ५८ करोड ६६ लाख ६७ हजार( ५२.१९ प्रतिशत) र वर्षको अन्तिम महिनामा रु.८ अर्ब ४९ करोड ७४ लाख ४ हजार (३०.४० प्रतिशत) खर्च भएको छ । अन्तिम महिनामा कुल खर्चको ३० प्रतिशत खर्च गर्दा कामको गुणस्तरमासमेत प्रभाव पर्न सक्ने देखिन्छ। स्वीकृत कार्यक्रमहरू तोकिएको चौमासिकभित्र सञ्चालन गरी खर्चमा प्रभावकारिता वृद्धि गर्नुपर्दछ ।

१२. **बहुवर्षीय आयोजनाको बाँकी दायित्व -** प्रदेश सरकारको २०७७।७८ को नीति कार्यक्रममा प्राथमिकता प्राप्त आयोजनामा स्रोत सुनिश्चित गर्ने, विस्तृत परियोजना प्रतिवेदनको आधारमा योजनाको छनोट गर्ने, प्रोजेक्ट बैङ्क तयार गरी योजनाहरूको प्राथमिकीकरण गरी उपयुक्त आयोजना प्रणाली छनोट गर्ने उल्लेख छ । प्रदेश सरकारको गठन पश्चात संघबाट हस्तान्तरण भएका आयोजनाहरू र प्रदेश सरकारबाट स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयबाट सञ्चालित बहुवर्षीय योजनाहरूको कुल लागत अनुमान रु.५९ अर्ब ८८ करोड ८९ लाख रहेकोमा खरिद प्रक्रियामा गएर सम्झौता भई दायित्व सिर्जना भएको रु.४४ अर्ब ३१ करोड ५२ लाख रहेको देखियो। दायित्व रकम २०७७।७८ को कुल बजेटभन्दा बढी देखिएकोले प्रदेश सरकारको योजना छनोट तथा स्रोत व्यवस्थापनमा तालमेलको स्थिति देखिएन ।

(रु.लाखमा)

| मन्त्रालय | सिर्जित कुल दायित्व | २०७६।७७ सम्मको भुक्तानी | २०७७।७८ सम्मको भुक्तानी | बाँकी दायित्व |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ४२३७७६ | ८३१६० | १५२५७७ | २७१२०२ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १२३२५ | ६७८३ | १०६५१ | १६७४ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७०५१ | ७२ | २१८२ | ४८६९ |
| **जम्मा** | **४४३१५२** | **९००१५** | **१६५४१०** | **२७७७४५** |

भौतिक पूर्वाधार विकास मन्त्रालयतर्फको सबैभन्दा बढी सिर्जित दायित्वमध्ये सडकतर्फको दायित्व रु.३४ अर्ब ३५ करोड २० लाख रहेको छ । प्रदेश योजना बैंकमा छनोट भएका योजना तथा कार्यक्रम स्वीकृत गरी स्रोत सुनिश्चितता गर्नुपर्दछ।

१३. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । मन्त्रालयले सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुलउपर गर्ने कार्य गरेको छैन । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१४. **ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांकित तृतीय र राजपत्रांकित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । मन्त्रालय र मातहत कार्यालयसमेतले ग्रेड नपाउने तहमा समायोजन भएका २१ कर्मचारीहरूलाई ग्रेड थप गरी रु.१३ लाख १० हजार खर्च गरेको छ । ऐन विपरीत भुक्तानी गरेको उक्त ग्रेड रकम असुल हुनुपर्दछ ।

१५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्याविधि ऐन, २०७४ को दफा ३९ देखि ४४ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रालयले अद्यावधिक गरेको छैन् । ऐनको व्यवस्थाअनुसार बेरुजु फछ्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालयको केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालनाको सुनिश्चितता गर्नुपर्दछ ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

१६. **प्रदेश सञ्चित कोष -** नेपालको संविधानको भाग १६ धारा १०४ अनुसार गुठी रकमबाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सरकारको सञ्चित कोषमा आम्दानी बाँधिने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ को प्रदेश सरकारको सञ्चित कोषको प्राप्ति तथा भुक्तानी विवरण देहायअनुसार छ ।

(रु.हजारमा)

| विवरण | आर्थिक वर्ष २०७७।७८ को प्रदेश सञ्चित कोषको अवस्था | आर्थिक वर्ष २०७६।७७ को प्रदेश सञ्चित कोषको अवस्था |
|---|---|---|
| प्राप्ति | | |
| (क) कर | ११२२४३७० | ९१२०९०२ |
| (ख) गैर कर | ११८६७१४ | ११०५४८२ |
| (ग) कुल राजस्व (क+ख) | १२४११०८४ | १०२२६३८५ |
| (घ) राजस्व बाँडफाँट-प्रदेश र स्थानीय | | |
| (ङ) राजस्व प्रदेशिक (ग-घ) | १२४११०८४ | १०२२६३८५ |
| (च) बेरुजु तथा गत वर्षको नगद मौज्दात दाखिला | ७४३८०३ | ४८०३२१ |
| (छ) संघीय अनुदान | १७६१०३२१ | १७९८९९३८ |
| (ज) अनुदान (सोझै भुक्तानी+वस्तुगत अनुदान) | | |
| १. गैर वित्तीय प्राप्ति (क+घ+छ+ज) | ३०७६५२०९ | २८६९६६४५ |

| विवरण | आर्थिक वर्ष २०७७।७८ को प्रदेश सञ्चित कोषको अवस्था | आर्थिक वर्ष २०७६।७७ को प्रदेश सञ्चित कोषको अवस्था |
|---|---|---|
| (झ) आन्तरिक ऋण | | |
| (ञ) वैदेशिक ऋण | | |
| (ट) वैदेशिक ऋण (सोझै भुक्तानी) | | |
| (ठ) ऋण लगानी फिर्ता | | |
| (ड) सेयर लगानी फिर्ता | | |
| २. वित्तीय प्राप्ति (झ+ञ+ट+ठ+ढ) | | |
| २. कूल प्राप्ति (१+२) | ३०७६५२०९ | २८६९६६४५ |
| भुक्तानी | | |
| (क) चालु | १२०८५२१२ | ११९६६४२६ |
| (ख) चालु (सोझै भुक्तानी + वस्तुगत सहायता) | | |
| (ग) चालु भुक्तानी हुन बाँकी चेक | | २२१ |
| (घ) पुँजीगत | १५८६६०४९ | १७८६५५६० |
| (ङ) पुँजीगत (सोझै भुक्तानी + वस्तुगत सहायता) | | |
| (च) पुँजीगत भुक्तानी हुन बाँकी चेक | | १०३६ |
| १. खर्च भुक्तानी (क+ख+ग+घ+ङ+च) | २७९५१२६१ | २९८३१९८७ |
| (छ) आन्तिक ऋणको साँवा भुक्तानी | | |
| (ज) वैदेशिक ऋणको साँवा भुक्तानी | | |
| (झ) ऋण लगानी | | |
| (ञ) सेयर लगानी | | |
| (ट) वित्तीय व्यवस्था (छ+ज+झ+ञ+ट+ठ) | | |
| ३. कूल भुक्तानी (१+२) | २७९५१२६१ | २९८३१९८७ |
| ४. विविध समायोजन (राजस्व आम्दानी **NRS** को **CBS** र **RMIS** बीच बैंकमा बढीदेखिएको आम्दानी) | | |
| ५. कार्य सञ्चालन कोष, धरौटी लगायतका विभिन्न खातामा प्रदेश सरकारका नाममा रहेको मौज्दात रकमको आधारमा गरिएको खर्च | | |
| यस आ.व.को प्रदेश सञ्चित कोषको मौज्दात (प्राप्ति-भुक्तानी) | २८१३९४८ | (११३५३४१) |
| गत आर्थिक वर्षसम्मको मौज्दात | १२९२१६३ | २४२७५०५ |
| नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने अनुदान | १९००६०६ | |
| यस आ.व.सम्मको प्रदेश सञ्चित कोषको मौज्दात | २२०५५०५ | १२९२१६३ |

१७. गत वर्षसम्म सञ्चित कोषको मौज्दात रु.१ अर्ब २९ करोड २१ लाख ६३ हजार रहेकोमा यो वर्षसम्मको सञ्चित कोषको मौज्दात रु.२ अर्ब २० करोड ५५ लाख ५ हजार रहेको छ । उक्त रकमबाट संघीय सरकारलाई २०७८।७९ मा रु.१ अर्ब ९० करोड ६ लाख फिर्ता गरेकोले यस वर्षको सञ्चित कोष मौज्दात यथार्थ देखिएन ।

१७.१. प्रदेश विनियोजन ऐन, २०७७ को दफा ११ मा प्रदेश सरकारले स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेको रकम मध्ये सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभइ बाँकी भएमा प्रदेश सरकारलाइ फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहलाई पठाएको रकमबाट खर्च नभइ बाँकी रहेको फिर्ता रकमको अभिलेख राखेको छैन। यो वर्ष सशर्त अनुदानतर्फ रु ५६ करोड २३ लाख ८७ हजार र समपूरक अनुदानतर्फ रु १ अर्ब ३० करोड ८४ लाख ११ हजारसमेत कुल रु १ अर्ब ८७

करोड ७ लाख ९८ हजार निकासा गरेको रकमलाई नै खर्च कायम गरेको छ । ऐनमा भएको व्यवस्थाबमोजिम खर्च नभएको रकम यकिन गरी फिर्ता गर्नुपर्दछ ।

१७.२. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ११० मा प्रदेश लेखा नियन्त्रक कार्यालयको काम कर्तव्य सम्बन्धमा व्यवस्था गरी नियम ११०(क) मा प्रदेश सरकारको आन्तरिक आयको लेखा राख्ने, एकीकृत आर्थिक विवरण बनाउने कार्यसमेत तोकिएको छ । प्रदेश सरकार सञ्चित कोष हिसाबमा राजस्वको शीर्षकगत आय हिसाबमा रु.१ करोड २१ लाख १४ हजार बैंक र राजस्व व्यवस्थापन सूचना प्रणालीमा फरक परेको उल्लेख गरेकोमा उक्त हिसाब भिडान गरेको अभिलेख तयार गरेको छैन । नियममा भएको व्यवस्थाबमोजिम सबै हिसाब भिडान गरी यथार्थ हिसाब तयार गर्नुपर्दछ ।

१८. **विभाज्य कोषको बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन कर बापतको रकममध्ये ६० प्रतिशत प्रदेश सञ्चितकोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभाज्य कोषमा गत वर्षको रु.२३ करोड ४१ लाख २० हजार र यो वर्ष प्राप्त रु.१ अर्ब ८७ करोड ५५ लाख ५३ हजारसमेत जम्मा रु.२ अर्ब १० करोड ९६ लाख ७३ हजार रहेकोमा रु.१अर्ब ९९ करोड ६३ लाख ६७ हजार बाँडफाँट गरेको छ । बाँकी रु.११ करोड ३३ लाख ६ हजार नियमअनुसार बाँडफाँट गर्नुपर्दछ ।

१९. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९७ मा प्रदेशस्थित सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट लागू गरेको आन्तरिक लेखापरीक्षण निर्देशिकाअनुरुपको कार्यविधि अपनाई चौमासिकरुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गर्दा प्रदेशअन्तर्गतका कार्यालयमा असुल गर्नुपर्ने बेरुजु रु.१७ करोड ४४ लाख ५५ हजार, नियमित गर्नुपर्ने बेरुजु रु.१ अर्ब ३० करोड ७३ लाख ७० हजार देखिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार आन्तरिक लेखापरीक्षण हुँदा असुल गर्नुपर्ने रु.१ करोड ६९ लाख, नियमित गर्नुपर्ने रु.७ करोड ३८ लाख ६९ हजार बेरुजु औंल्याएको छ। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी तुल्याउनु पर्दछ ।

२०. **सरकारी सम्पत्तिको अभिलेख** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४७(३) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले विभिन्न मन्त्रालय तथा निकायबाट पेश भएको एकीकृत जिन्सी प्रतिवेदन अध्ययन गरी सोही आधारमा एकीकृत जिन्सी प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा आश्विन मसान्तभित्र पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले सो अनुसार एकीकृत जिन्सी प्रतिवेदन तयार गरेको छैन । कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

२१. **बेरुजुको लगत** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १०१ अनुसार महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई कायम भएको बेरुजु सम्बन्धित कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तालुक निकायले आफूअन्तर्गतका निकायको बेरुजुको लगत अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्ने र सोको

आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बेरुजुको एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बेरुजुको एकीकृत लगत खडा गरी राखेको पाइएन ।

- **बेरुजु स्थिति** - मन्त्रालय र मातहतसमेत ४ निकायमा यो वर्ष रु.१६ लाख ५० हजार बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-९** मा रहेको छ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्यांकन र प्रतिवेदन, अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेनशील सार्वजनिकस्थल तथा समारोहको सुरक्षा, उपाधि, सम्मान र विभुषणको लागि सिफारिस तथा अन्य संघसँगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्नेलगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत अख्तियारी दिएको कार्यालयको लागि विनियोजन रु.२७ करोड २१ लाख ६० हजार, राजस्व रु.१८ लाख ६२ हजार, धरौटी रु.४ करोड ३७ लाख ९ हजार र अन्य कारोबार रु.७ करोड ३२ लाख ७३ हजारसमेत रु.३९ करोड १० लाख ४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाटदेखिएका व्यहोरा निम्नानुसार छन् :

१. **बजेट कार्यान्वयन** - प्रदेश विनियोजन ऐन, २०७७ बमोजिम मन्त्रालयलाई सुरु विनियोजन रु.१ अर्ब २७ करोड ४० लाख ८९ हजार भएकोमा रकमान्तरबाट घटाइ अन्तिम बजेट रु.७३ करोड ३ लाख ६० हजार कायम भएको छ । मन्त्रालयका कार्यक्रम सञ्चालन गर्न कायम भएको बजेटबाट रु.१३ करोड ४९ लाख ८० हजार (१८.४८ प्रतिशत) मात्र खर्च भएको छ । सुरु विनियोजन बजेट, थपघट पछि कायम भएको बजेट र खर्चमा ठूलो अन्तर देखिएको छ । लक्षित कार्यक्रम सम्पन्न गर्ने गरी यथार्थपरक बजेट बनाइ कार्यान्वयन गर्नुपर्दछ ।

२. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४१(३) मा वार्षिक कार्यक्रम नछुट्ने वा कार्यक्रममा बाधा नपर्ने र स्रोत फरक नपर्ने गरी एक उपशीर्षकभित्रको एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा मन्त्रालयका सचिवले रकमान्तर गर्न सक्ने, यसरी रकमान्तर गर्दा जुन खर्च शीर्षकमा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकमा विनियोजित रकमको २० प्रतिशतभन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने व्यवस्था छ । मन्त्रालयको निम्न बजेट शीर्षकमा सुरु बजेटको तुलनामा शतप्रतिशतदेखि १ हजार ३०३ प्रतिशतसम्म रकमान्तरबाट थप भएको छ ।

(बजेट रु.हजारमा )

| खर्च संकेत | श्रोत | शुरु बजेट | थप बजेट | जम्मा बजेट | खर्च | थप प्रतिशत |
|---|---|---|---|---|---|---|
| गैर आवासीय भवन खरिद | आन्तरिक ऋण | ९०००० | ९०००० | १८०००० | ० | १०० |
| सवारी साधन | आन्तरिक ऋण | १५००० | १९५५०० | २१०५०० | ० | १३०३ |

नियमावलीको व्यवस्था भन्दा बढी रकमान्तर थप गर्ने र रकमान्तर पश्चात खर्च नगर्ने पदाधिकारीहरूलाई जिम्मेवार बनाउनुपर्दछ ।

३. **बजेट रोक्का** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३१(२) मा सबै निकायबाट बजेट तथा कार्यक्रम प्राप्त गरी अन्तिम रुप दिँदा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशको आर्थिकस्थिति विचार गरी सम्बन्धित मन्त्रालयसँग परामर्श गरी बजेट थपघट गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको लागि यो वर्ष बजेट रु.१ अर्ब २७ करोड ४० लाख ८९ हजार बजेट विनियोजन भएकोमा प्रदेश सरकारले २०७७।६।३० मा गरेको निर्णयको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रु.६३ करोड ३५ लाख ८८ हजार बजेट रोक्का राखेको छ । प्रदेशको आर्थिक श्रोत विश्लेषण नगरी बजेट बनाउदा ४९.७२ प्रतिशत बजेट कार्यान्वयन हुने अवस्था भएन । प्रदेशको आर्थिक स्थिति र स्रोतसमेत विचार गरी यथार्थ बजेट निर्माण गर्नुपर्दछ ।

४. **कार्यक्रम कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ बमोजिम सबै कार्यालयबाट विवरण प्राप्त गरी प्रदेशस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको यो वर्षको वार्षिक विकास कार्यक्रममा ५ वटा बिओपी निर्माण, ४०० विद्यालयमा सगरमाथा टिन्स क्लव गठन, मुख्य राजमार्ग र बजार क्षेत्रमा सीसी टिभि जडान, आधुनिक छापाखाना स्थापना कार्य सम्पन्न गर्ने, ७० वटा एम्बुलेन्स खरिद गरी यातायात पहुँच पुगेको पालिकामा हस्तान्तरण गर्ने कार्यक्रम रहेकोमा सो कार्यक्रम सञ्चालन भएको पाईएन । मन्त्रालयले कार्यक्रम सञ्चालन हुन नसक्नुको कारण समीक्षा गरेको पाईएन । सबै वार्षिक विकास कार्यक्रममा तोकिएको लक्ष्य अनुसारका काम सम्पन्न गर्नुपर्दछ ।

५. **संगठन संरचना र दरबन्दी** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४५ मा कार्यालयको संगठन, व्यवस्थापन तथा कार्य विभाजन यथेष्ठ र समूचित छ र सो अनुसार कार्य सञ्चालन भएको छ भन्ने समेतको जाँच गरी गराइ विश्वस्त हुनुपर्ने उल्लेख छ । मन्त्रालयले पेश गरेको वार्षिक प्रगति समीक्षामा कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य समस्यामा संगठन व्यवस्थापन सर्वेक्षण भई नसक्नुलाई पनि उल्लेख गरेको छ । मन्त्रालयमा विभिन्न श्रेणी र तहका ३८ कर्मचारीको दरबन्दी रहेकोमा २१ स्थायी दरबन्दी पूर्ति भई १७ दरबन्दी रिक्त रहेको छ । स्वीकृत दरबन्दी पूर्ति नहुँदा सेवा प्रवाहमा असर पर्ने देखिन्छ । स्वीकृत दरबन्दीअनुसार पदपूर्ति गर्नुपर्दछ ।

६. **कार्य सम्पादन करार** - प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन), ऐन २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नुपर्ने वा निश्चित परिमाणको उपलब्धि हुने गरी कार्य सम्पादन गर्नुपर्ने भएमा वा प्रदेश सरकारको प्राथमिकता प्राप्त कुनै कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्य सम्पादन करार गरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । प्रदेश सचिवले विभागीय मन्त्रीसँग र कार्यालय प्रमुखले सम्बन्धित मन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गर्नुपर्नेमा कुनै पनि पदाधिकारीसँग कार्य सम्पादन करार गरेको देखिएन। पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करार गर्नुपर्दछ ।

७. **कानुन निर्माण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयगतरुपमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने कानुनहरू उल्लेख गरेको छ । प्रदेश सभाले यो वर्षसम्म विभिन्न

मन्त्रालयसँग सम्बन्धित ५८ कानुन स्वीकृत गरेको, ३ कानुन विधेयकको रुपमा प्रदेश सभामा टेबुल गरेको छ । अन्य १ कानुन तयार गर्न सैद्धान्तिक स्वीकृति दिई निर्माणको चरणमा रहेको छ । सेवा प्रवाहलाई सहज बनाउन आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ मा प्रदेश तहका सबै सरकारी निकायहरूले आफ्नो र अन्तर्गतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम हुने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटी मन्त्रालययले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **वार्षिक प्रतिवेदन** - प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन ), ऐन २०७६ को दफा ४१ मा मन्त्रालय तथा प्रदेशस्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिएबमोजिमको अवधिभित्र आफूले सो आर्थिक वर्षभरि सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागतलगायतका अन्य आवश्यक कुराहरू समावेश गरी मन्त्रालय तथा प्रदेशस्तरका निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वार्षिक प्रतिवेदन पेश गरी सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको देखिएन । ऐनबमोजिम वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ ।

१०. **खरिद योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाख रुपैँयाभन्दा बढी रकमको खरिद गर्दा खरिदको योजना तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका संघीय इकाई कार्यालयमा मोटरसाईकल, एम्बुलेन्स तथा मुख्यमन्त्री अत्यावश्यक केन्द्रमा जिप/पिकअप/भ्यान, दमकल र एम्बुलेन्सको लागि यो वर्ष रु.२८ करोड ७० लाखको बजेट विनियोजन भएकोमा वारुण यन्त्र खरिदमा रु.६ करोड २८ लाख २० हजार खर्च गरेको छ । वार्षिक खरिद योजना बेगर स्थानीय तहको लागि खर्च गर्ने कार्य प्रदेश बजेट सिद्धान्त विपरीत देखिन्छ।

११. **कार्यक्षेत्र** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ मा विद्यालयमा सञ्चालन गरिने क्रियाकलापहरू यो मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने कदेखिदैन । मन्त्रालयले "म अघि बढ्छु" कार्यक्रम सञ्चालन गरी गत वर्षसम्मको रु.२ करोड ३४ लाख २३ हजारसमेत यो वर्षसम्म रु.२ करोड ४६ लाख २२ हजार खर्च भएको छ । यो वर्ष कार्यक्रम संयोजकको लागि रु.२ लाख ३७ हजार र क्लबको प्रशिक्षकको लागि रु.९ लाख ७२ हजार खर्च लेखेकोमा अन्तरक्रियाबाहेक अन्य कार्यक्रम सञ्चालन भएको छैन ।

१२. **निष्क्रिय प्रतिष्ठान** - मन्त्रालयले पत्रकारहरूको क्षमता विकास गर्न तथा अध्ययन अनुसन्धान गर्न स्थापित प्रादेशिक सञ्चार प्रतिष्ठानलाई रु.६० लाख अनुदान दिएको छ । प्रतिष्ठानले प्रशासनिक प्रकृतिको कार्यमा मात्र रु.२१ लाख ९९ हजार खर्च गरी रु.३८ लाख १ हजार मौज्दात रहेको

छ। हाल उक्त प्रतिष्ठान निष्क्रिय रहेकोले उद्देश्य पूरा नगरी प्रशासनिक खर्च मात्र गर्दा अनुदानको सदुपयोग हुने अवस्था छैन । मौज्दात रकम फिर्ता गरी प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

१३. **वारुणयन्त्र खरिद** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ मा कार्यालयले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाइ सात दिनभित्र जिन्सी किताबमा आम्दानी बाँधी स्रेस्ता खडा गरी राख्नुपर्ने व्यवस्था छ । मन्त्रालयले १४ स्थानीय तहको लागि विभिन्न क्षमताको १४ वटा वारुणयन्त्र रु ६ करोड ३८ लाख २० हजारमा खरिद गरी छनोटको आधार स्वीकृतिबेगर स्थानीय तहलाई हस्तान्तरण गरेको छ । सम्बन्धित स्थानीय तहले वारुणयन्त्र सञ्चालनसम्बन्धी जनशक्तिको व्यवस्था तथा कार्यविधि तयार गरेको देखिएन । हस्तान्तरित वारुणयन्त्र बुझिलिने स्थानीय तहले आफ्नो जिन्सी खातामा आम्दानी गरेको नदेखिएकोले जिन्सी आम्दानी गरी सञ्चालनमा ल्याउनु पर्दछ ।

१४. **अनुदान** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४२(३) मा जुन कामको लागि अनुदान दिइएको हो सो काममा लक्ष्यअनुसार प्रगति गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले नेपाल पत्रकार महासंघका प्रदेश समिति तथा १४ शाखा कार्यालयहरूलाई रु.५० लाख अनुदान दिएकोमा कार्य प्रगति, अनुगमन प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन लिएको छैन ।अनुदानको अनुगमन गरी उपयोगको सुनिश्चितता यकिन हुनुपर्दछ ।

१५. **विविध खर्च खाता (कोभिड)** - कार्य सञ्चालन कोषमा यो वर्ष रु.३ करोड ८४ लाख २३ हजार आम्दानी भएकोमा रु.३ करोड ६४ लाख ८१ हजार खर्च भई रु.१९ लाख ४२ हजार मौज्दात रहेको छ । मन्त्रालयले कोभिड-१९ रोकथाम तथा उपचारसम्बन्धी विभिन्न कार्य गर्ने र सोको लेखा राख्ने, लेखापरीक्षण गराउने गरी भुक्तानी आदेश मार्फत प्रदेश नं.१ अन्तर्गतका १४ जिल्लाका जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, प्रदेश नं.१ प्रहरी कार्यालय, दुई कारागार शाखासमेतलाई रु.३ करोड ६४ लाख ८१ हजार निकासा दिएको छ । उक्त रकम सम्बन्धित निकायले खर्च गरेको सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको देखिएन ।

१६. **विपद् व्यवस्थापन कोष** - प्रदेश सरकारले विपद्बाट भएको क्षतिको खोज उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड २०७६ लागू गरेको छ । विपद व्यवस्थापन कोषबाट आगलागी तथा पहिरोका कारण प्रभावित ओखलढुंगा, संखुवासभा, भोजपुरका १३ परिवारलाई रु.६ लाख ३० हजार र विपद् घटनामा मृत्यु भएका झापाका २ व्यक्तिलाई राहत रु.३ लाखसमेत रु.९ लाख ३० हजार खर्च गरी रु.३ करोड ३९ लाख २० हजार मौज्दात रहेको छ । मन्त्रालयले विभिन्न रोग लागेका व्यक्तिहरूलाई मन्त्रिपरिषदको निर्णयको आधारमा मन्त्रालयको चालु खर्च शीर्षकबाट खर्च गर्ने गरेको छ । उपचार कार्यको रकम भुक्तानी गर्ने सम्बन्धी कार्यविधि स्वीकृत गरेको पाइएन ।

१७. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३९ देखि ४४ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिताअनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रालयले अद्यावधिक गरेको छैन । तोकिएअनुसार जिम्मेवारी र जवाफदेहिता पालना भए, नभएको व्यहोरा परीक्षण गर्दा

बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे गरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सोअनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

- **बेरुजु स्थिति** - मन्त्रालयसमेत ५ निकायमा यो वर्ष रु.८ करोड २५ लाख २२ हजार बेरुजु बाँकी रहेको छ । सोमध्ये रु.४७ लाख ३२ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-९** मा रहेको छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम व्यापार वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, उद्योग दर्ता अनुमति, प्रादेशिक पर्यटक विकास नीति, कानुन मापदण्ड र योजना निर्माण प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत कार्यालयको विनियोजन रु.१ अर्ब ५७ करोड ७ लाख १९ हजार, राजस्व रु.२७ करोड ३२ लाख ३० हजार, धरौटी रु.१३ करोड ७६ लाख ३१ हजार र अन्य कारोबार रु.१७ करोड ५२ लाख ८१ हजार समेत रु.२ अर्ब १५ करोड ६८ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्यक्रम कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ बमोजिम सबै कार्यालयबाट विवरण प्राप्त गरी प्रदेशस्तरको प्रगति विवरण तयार गर्ने तथा भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सबै कार्यालयबाट प्रगति विवरण लिई प्रदेशस्तरको प्रगति विवरण तयार नगरेकोले वार्षिक विकास कार्यक्रममा उल्लेख भएका प्रमुख क्रियाकलापको कार्य प्रगति मूल्याङ्कन भएको छैन । त्यसैगरी बजेट वक्तव्यमा जडिबुटी जोन, प्रादेशिक बहु विशिष्टीकृत सेवा आरोग्य अस्पताल तथा सरुवा रोग अनुसन्धान केन्द्र स्थापना, तिनजुरे मिल्के जलजले क्षेत्रमा गुराँस र जैविक विविधताका लागि गुरुयोजना निर्माण र प्रादेशिक आविष्कार कोष स्थापना गर्ने उल्लेख भएकोमा उपरोक्त कार्यहरू भएको देखिएन । वार्षिक विकास कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू सञ्चालन हुनुपर्दछ ।

२. **बजेट कार्यान्वयन** – यो वर्ष मन्त्रालयको लागि प्रदेश विनियोजन ऐन, २०७७ बमोजिम रु.४४ करोड ७० हजार शुरु बजेट विनियोजन भएकोमा संशोधित बजेट रु.३८ करोड ६४ लाख ९५ हजार कायम भई रु.९ करोड २६ लाख ९५ हजार (२३.९८ प्रतिशत) मात्र खर्च गरेकोले अन्तिम बजेटको तुलनामा २३.९८ प्रतिशत मात्र खर्च भएको छ ।

३. **बजेट रोक्का -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३१(२) मा सबै निकायबाट बजेट तथा कार्यक्रम प्राप्त गरी अन्तिम रुप दिँदा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशको आर्थिकस्थिति विचार गरी सम्बन्धित मन्त्रालयसँग परामर्श गरी बजेट थपघट गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको लागि यो वर्ष ८ बजेट उपशीर्षकमा रु.३४ करोड ७४ लाख २६ हजार बजेट विनियोजन भएकोमा प्रदेश सरकारको २०७७।६।३० को निर्णयले चालु आर्थिक वर्षमा हुने अनिवार्य दायित्त्व, बहुवर्षीय श्रोत सुनिश्चिततामार्फत सिर्जना भएको दायित्व र गत वर्षको भुक्तानी दिन बाँकी रकमसमेत समावेश गरी विनियोजित रकमबाट भुक्तानी हुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले रु.२३ करोड ७७ लाख ९० हजार बजेट रोक्का राखेको छ । बजेट निर्माण गर्दा

प्रदेशको आर्थिकस्थिति र श्रोतसमेत विचार नगरेको कारण श्रोतको अभावमा विनियोजित बजेट घट्न गएको छ । प्रदेश आर्थिक स्थिति र स्रोतसमेत विचार गरी बजेट निर्माण गर्नुपर्दछ ।

४. **कार्य सम्पादन करार -** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरी सक्नुपर्ने वा निश्चित परिमाणको उपलब्धि हुने गरी कार्य सम्पादन गर्नुपर्ने भएमा वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना कुनै कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्य सम्पादन करार गरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयअवधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । ऐनमा प्रदेश सचिवले विभागीय मन्त्रीसँग र कार्यालय प्रमुखले मन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गरेकोमा कामको गुणस्तर र परिमाण सम्बन्धी प्रगति आवद्ध गरेको पाइएन । पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करार बमोजिम कार्य प्रगतिलाई आवद्ध गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका सबै सरकारी निकायहरूले आफ्नो र अन्तर्गतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम हुने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटी मन्त्रालययले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **वार्षिक प्रतिवेदन -** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०७६ को दफा ४१ मा मन्त्रालय तथा प्रदेशस्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिएबमोजिमको अवधिभित्र आफूले सो आर्थिक वर्षभरि सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरूसमेत समावेश गरी मन्त्रालय तथा प्रदेशस्तरका निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वार्षिक प्रतिवेदन पेस गरी सार्वजनिकरुपमा प्रकाशन गर्न सकिने व्यवस्था छ । मन्त्रालयले प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन बमोजिम वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको देखिएन। ऐन बमोजिम वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्नुपर्दछ ।

७. **सवारी साधन खरिद** - सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि तथा मितव्ययितासम्बन्धी निर्देशिका, २०७५ को दफा ११ मा सभामुख, मन्त्री तथा प्रमुख सचिवका लागि रु.७५ लाखसम्मको सवारी साधन खरिद गर्न सकिने व्यवस्था छ । मन्त्रालयले विभागीय मन्त्रीको लागि निसान पेट्रोल जिआरएक्स मोडलको १ सवारी साधन रु.२ करोड ७ लाख ५० हजारमा खरिद गरेको छ । कार्यविधि प्रतिकूल हुने गरी सवारी साधन खरिद गर्दा रु.१ करोड ३२ लाख ५० हजार थप व्ययभार परेको छ । विभागीय मन्त्रीको लागि खरिद गरेको उक्त सवारी साधन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रयोग भएको जानकारी प्राप्त भएकोले खरिदको उद्देश्यअनुरुप भएको देखिएन। तोकिएको मापदण्डभित्र रहेर खरिद गरी सवारी साधनको उचित प्रयोग गर्नुपर्दछ ।

८. **उपभोक्ता समितिमार्फत कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सक्ने र उल्लिखित एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत समावेश हुने उल्लेख छ । मन्त्रालयले मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिन्जेन्सीबाहेकको लागत अनुमान बनाइ उक्त सीमाभन्दा बढीको रु.२ करोड ६१ लाख ६३ हजारको २ योजनाको काम २ उपभोक्ता समितिबाट गराएको अनियमित देखिन्छ । नियमविपरीत तोकिएकोभन्दा बढीको काम उपभोक्ता समितिबाट गराउने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

९. **उद्योग स्थापना तथा रोजगारी** - मन्त्रालयको कार्यक्षेत्रमा उद्योग दर्ता तथा अनुमतिसमेत रहेकोमा प्राप्त विवरणअनुसार प्रदेशमा गत वर्षको तुलनामा उद्योगको दर्ता संख्या बढेको छ । गत वर्षसम्म कृषि तथा वनजन्य उद्योगको संख्या ३ हजार ७३३ रहेकोमा यो वर्ष ९ हजार ७३५ पुगेको र अन्य क्षेत्रका उद्योगहरू गत वर्षसम्म ६ हजार ५६६ दर्ता भएकोमा यो वर्षसम्म १४ हजार ५२७ पुगेको छ । प्रदेश मातहतका उद्योगबाट २०७६।७७ सम्म २१ हजार ८७७ जनाले रोजगारी प्राप्त गरेकोमा यो वर्ष ४३ हजार ९७१ जनाले रोजगारी प्राप्त गरेका छन् । रोजगारी प्राप्त गर्नेमा २६ हजार ५८६ पुरुष र १७ हजार ३८५ महिला कामदारहरू रहेका छन् ।

१०. **लगानी तथा उत्पादन क्षमता** - प्रदेश मातहतमा रहेका उद्योगहरूमा २०७६।७७ सम्म रु.१३.७१ अर्ब पुँजी लगानी रहेकोमा यो वर्ष रु.३१.८८ अर्ब पुगेको र वार्षिक उत्पादन क्षमता २०७६।७७ मा ३७.७२ अर्ब रहेकोमा २०७७।७८ मा ९.४५ खर्च पुगेको विवरणबाट देखिएको छ ।

११. **काठ तथा वन पैदावार आयात** - प्रदेश नं.१ प्रदेश वन ऐन, २०७७ को दफा ११ ले वन पैदावारको बिक्री वितरणसम्बन्धी व्यवस्था गरेको छ । ऐनको सो दफामा प्रदेश सरकारको वन पैदावार (काठ र दाउरा) को बिक्री वितरण र आपूर्तिको लागि तोकिएबमोजिम संरचना तयार गरी व्यवस्थापन गर्ने उल्लेख छ । ऐनको दफा ११(५) मा वन क्षेत्र नभएका स्थानीय तहमा सामुदायिक वन वा साझेदारी वन वा प्रादेशिक वनबाट एक/एक काठ दाउरा बिक्री डिपो राख्न सकिने व्यवस्था भएतापनि यो वर्ष वन क्षेत्र नभएका स्थानीय तह छुट्याई बिक्री डिपो स्थापना गरेको पाइएन । प्राप्त विवरणअनुसार यो वर्ष अमेरिका, इन्डोनेसिया, म्यान्मार, मलेसिया र भारतलगातका मुलुकबाट २ लाख ७९ हजार २३४ घन फिट काठ आयात भएकोमा ऐनले तोकेबमोजिम बिक्री वितरणको संरचना खडा गरी व्यवस्थापन भएको पाइएन ।

१२. **वन पैदावारको उत्पादन र बिक्री** - प्रदेश नं.१ प्रदेश वन ऐन, २०७७ को दफा ४५ मा निजी वनको वन पैदावार ओसार पसार र व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छ । ऐनको उक्त दफामा निजी वनको धनीले आफ्नो इच्छाअनुसार निजी वनको वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्ने व्यवस्था गरी व्यवसायिक प्रयोजनको लागि वन पैदावारको कटान र ओसार पसार गर्नु परेमा, एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहले डिभिजन वन वा सव-डिभिजन वन कार्यालयबाट काठको प्रजातीसमेत खुलाई स्वीकृति लिनुपर्ने व्यवस्था छ । ऐनको दफा ४४(६) मा कसैले आफ्नो निजी वनका नाममा प्रादेशिक वन हानिनोक्सानी गरेमा राष्ट्रिय वनमा कसुर गरे सरह सजाय गर्ने व्यवस्था छ । लेखापरीक्षणमा प्राप्त

मन्त्रालयको प्रगति विवरणमा यो वर्ष निजी वनबाट निम्नअनुसार काठ, दाउरा र गैर काष्ठ वन पैदावार उत्पादन र बिक्री गरेको देखियो ।

| उत्पादित परिमाण | | | बिक्री वितरण परिमाण | | |
|---|---|---|---|---|---|
| काठ (घनफिट) | दाउरा (चट्टा) | गैर काष्ठ वन पैदावार किलोग्राम | काठ (घनफिट) | दाउरा (चट्टा) | गैर काष्ठ वन पैदावार किलोग्राम |
| १००३६५४२.२९ | १२२५.३६ | ३०५८९७३.१४ | १३०९८८५२ | २००४.१ | ४११४२८७ |

उपरोक्तानुसार निजी वनबाट उत्पादित परिमाणभन्दा काठतर्फ ३० लाख ६२ हजार ३१० घनफिट, ७७८ चट्टा दाउरा तथा १० लाख ५५ हजार ३१३ किलोग्राम गैर काष्ठ वन पैदावार बढी परिमाण बिक्री वितरण गरेको देखिएकोले प्रादेशिक वनबाट संकलन गरी निजीको नामबाट वितरण गरे नगरेको सम्बन्धमा थप छानबिन गर्नुपर्दछ ।

१३. **वन विकास कोष** - प्रदेश नं.१ प्रदेश वन ऐन, २०७७ को दफा ७५ मा राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षण र सम्बर्द्धन गर्न एवं अन्य प्रवर्द्धनात्मक कार्यका लागि प्रदेश सरकारले कोष स्थापना गर्न सक्ने व्यवस्था भएतापनि कोष स्थापना भएको पाइएन ।

१४. **वन स्थापना र वृक्षारोपण** - प्रदेश नं. १ प्रदेश वन ऐन, २०७७ को दफा ६४ मा प्रदेशभित्रका शून्य प्रतिशत वा तोकिएको मापदण्डभन्दा कम वन क्षेत्र रहेका स्थानमा वन स्थापना गराइ वन क्षेत्र वृद्धि गराउन प्रदेश सरकारले निजी क्षेत्र तथा स्थानीय तहसँग सहकार्य गर्न सक्ने व्यवस्था छ । मन्त्रालय मातहतका डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूले यो वर्ष ४४ लाख ३४ हजार ८२४ वटा विरुवा उत्पादन गरेकामध्ये डिभिजन कार्यालय ताप्लेजुङ, झापा, मोरङ, उदयपुर, सुनसरी धनकुटा, त्रिवेणी, उदयपुरमा उत्पादन गरिएकामध्ये ९ लाख ९८ हजार ३१२ वटा विरुवा मौज्दात रहेको विवरणबाट देखिएको छ । डिभिजन वन कार्यालयहरूबाट विरुवा उत्पादन कार्यक्रम सञ्चालन गर्दा निजी नर्सरी मार्फत पनि विरुवा उत्पादन गर्ने गरेको भए तापनि अधिकांश डिभिजन वन कार्यालयले शून्य वन क्षेत्र रहेको र मापदण्डभन्दा कम वन क्षेत्र रहेको स्थान खुलाइ वृक्षरोपण र विरुवा वितरण नगरेको साथै स्थानीय तहसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरेको पनि पाइएन । ऐनको उद्देश्य बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

प्रदेश नं. १ मा विगत ३ वर्षमा ६३० हेक्टर क्षेत्रफलमा ४ हजार ५९१ वन समूहमार्फत वृक्षरोपण गरी वन व्यवस्थापनको कार्य बढाएको तथा विभिन्न प्रजातीका ४६ लाख ९ हजार विरुवा उत्पादन गरी रोपणको लागि वितरण गरेको र २ करोड २० लाख ३० हजार घनफिट काठ र ६ हजार ५१२ चट्टा दाउरा (वन पैदावार) उत्पादन भएको विवरणबाट देखिएको छ ।

१५. **वातावरणीय परीक्षण** - प्रदेश नं.१ प्रदेश वन ऐन, २०७७ को दफा ५१ बमोजिम विकास आयोजना सञ्चालन गर्दा र उद्योग स्थापना तथा सञ्चालन र वन व्यवस्थापन कार्य योजनाहरूको वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयमा प्रारम्भिक वातावरणीय र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि क्रमश ५५ वटा र २२ वटाको कार्य सूची स्वीकृत भएकोमध्ये प्रारम्भिक वातावरणीय परीक्षणतर्फ १४ वटा स्वीकृत भई ४१ वटा तथा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन २२ वटाको प्रक्रियामा रहेको विवरणबाट देखिएको छ । तोकिएको प्रक्रिया पूरा गरी यथा समयमै प्रतिवेदनहरूको कारबाही टुंगो लगाउनुपर्दछ ।

१६. **समायोजन ग्रेड** - कर्मचारी समायोजन ऐन २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने

सम्बन्धी व्यवस्था छ । सो व्यवस्था अनसार पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राप अनं द्वितीय, राप अनं प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा समायोजन ग्रेडको व्यवस्था रहेको पाइएन । मन्त्रालय र मातहत कार्यालयका ग्रेड नपाउने तहमा समायोजन भएका ४१ कर्मचारीहरूलाई ग्रेड थप गरी रु.२० लाख ७८ हजार खर्च लेखेको छ । ऐन विपरीत खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

१७. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३९ देखि ४४ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिताअनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रालयले अद्यावधिक गरेको छैन । तोकिएअनुसार जिम्मेवारी र जवाफदेहिता पालना भए नभएको व्यहोरा परीक्षण गर्दा बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सोअनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

## डिभिजन वन कार्यालयहरू

१८. **सम्झौता विपरीत खर्च** - अन्तर सरकारी कार्यालयबीच भएको योजना कार्यक्रम सञ्चालन गरी खर्च गर्दा स्वीकृत सम्झौताबमोजिम गर्नुपर्ने व्यवस्था छ । नेपाल विद्युत प्रधिकरणले सोलु कोरिडोर १३२ के.भि. प्रसारण लाइनको संरचना निर्माण गर्दा सिरहा र उदयपुरको ८६.१८ हेक्टर वन क्षेत्रमा कटान गरिएका ८ हजार २०० रुखको सट्टामा वन विभाग र प्राधिकरणबीच सम्पन्न सम्झौताबमोजिम तारबार पोलसहित सुरक्षा र पाँच वर्षसम्म विरुवाको स्याहार गर्न रु.५ करोड ४७ लाख २६ हजारको लागत स्वीकृत गरी सोमध्ये रु.३ करोड ९० लाख ७८ हजार तारबार कार्यमा र बाँकी विरुवा रोपण कार्यमा छुट्याएको छ । यो वर्षसम्म प्राधिकरणबाट रु.४ करोड ४७ लाख २६ हजार प्राप्त भई विरुवा रोपण कार्यमा रु.२ करोड ५५ लाख ५८ हजार खर्च भएको र रु.१ करोड ९१ लाख ६७ हजार मौज्दात रहेको छ । तारबारसहितको सुरक्षा कार्य नगरी विरुवा रोपणतर्फ बढी खर्च गर्दा सम्झौताको पालना नहुनुको साथै रोपिएका विरुवाहरूको सुरक्षा र तारबारको अवस्थासमेत स्पष्ट नभएकोले सम्झौताको पालना गरी बाँकी कार्यमा खर्च गर्नुपर्दछ ।

१९. **अमानतबाट निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ अमानतबाट निर्माण कार्य गर्नुपरेमा एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिइ त्यस्तो काम एक लाख रुपैँयामा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामग्री उपलब्ध गराइ ज्यालामा दिन सक्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, झापाले स्थायी नर्सरी निर्माण, ग्रिनहाउस निर्माणलगायतका कार्य अमानतमा कार्य गराइ रु.२९ लाख ४६ हजार खर्च गरेको छ । नियममा तोकिएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२०. **रकम दाखिला** - वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७६ को नियम ३०(३) मा नेपाल सरकारबाट बजेट व्यवस्था भई वा अन्य निकायको लागतमा संकलन गरिएको भए संकलन खर्चवापतको सम्पूर्ण रकम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय सुनसरीले

गत वर्ष र यो वर्ष प्राप्त संकलन खर्च रु.२ करोड २७ लाख ३२ हजार सञ्चित कोष दाखिला नगरी छुट्टै खातामा जम्मा गरेकोले उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

२१. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी खरिद सम्झौतामा उल्लिखित काम सम्पन्न भएको आधारमा बिल तयार गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय (त्रिवेणी) उदयपुरले पी.एस. आइटमको भुक्तानी गर्दा निर्माण व्यवसायीले रु.१० लाख ८९ हजार मात्रको बिल पेश गरेकोमा कार्यालयले उक्त आइटममा रहेको रु.२५ लाख नै भुक्तानी गरेकोले बिल भन्दा बढी भुक्तानी गरेको रु.१४ लाख ११ हजार सम्बन्धितलाई जिम्मेवार बनाइ असुल गर्नुपर्दछ ।

## पर्यटन विकास आयोजना

२२. **खरिदको गुरु योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोड रुपैँयाभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नुपर्ने व्यवस्था छ । आयोजनालाई रु.१ अर्ब ७ करोड ९० लाखको शुरु बजेट विनियोजन भएकोमा रु.२९ करोड २८ लाख ८८ हजार खर्च गरेको छ । प्रदेश नंबर १ का सबै जिल्लाहरूमा योजना सञ्चालन गरी खर्च गर्ने गरेको आयोजनाले गुरु योजना स्वीकृत नगरी सालबसालीरुपमा बजेट विनियोजन गर्दै खर्च गर्ने गरेको छ । गुरु योजनाको आधारमा वार्षिक खरिद योजना तयार गरेर मात्र खरिद सम्बन्धी कार्यहरू गर्नुपर्दछ ।

२३. **मोबिलाइजेशन पेस्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा सम्झौताको शर्त अनुसार २० प्रतिशतसम्म पेस्की दिने व्यवस्था छ । यमसुफिरखाना बिल्डिङ निर्माण र सन्सारीमाईस्थान निर्माण कार्य गर्ने दुई निर्माण व्यवसायीलाई गत वर्ष र यो वर्ष गरी सम्झौता रकमको २० प्रतिशतभन्दा बढी रु.१ करोड २३ लाख ५५ हजार पेस्की दिएको छ। सम्झौताको शर्तभन्दा बढी पेस्की दिने पदाधिकारीलाई जिम्मेवार बनाइ रकम असुल गर्नुपर्दछ ।

२४. **सीमाभन्दा बढीको कार्य** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) मा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत समावेश भएको एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ । आयोजनाले सिद्धनाथ पर्यटन पूर्वाधार विकास र छिन्ताङ जलदेवी मन्दिर निर्माण योजनाको रु.२ करोड ५ लाख ८१ हजारको कार्य २ उपभोक्ता समितिबाट गराइ यो वर्ष रु.५८ लाख २२ हजार भुक्तानी दिएको छ । खरिद नियमावली उल्लिखित सीमाभन्दा बढी लागत अनुमानको काम उपभोक्ता समितिबाट गराउने कार्य अनियमित देखिन्छ । नियमको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** - मन्त्रालय र मातहतसमेत २४ निकायमा यो वर्ष रु.१४ करोड ७ लाख ६० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ लाख ८८ हजार फर्स्यौट गरेकोले रु.१४ करोड ७२ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ८ लाख २४ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-९ मा रहेको छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशभित्रको भूमि व्यवस्थापन तथा प्रशासन, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण र सहकारीसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत कार्यालयको लागि विनियोजन रु.१ अर्ब ८० करोड ५१ लाख १६ हजार, राजस्व रु.७३ लाख ६८ हजार, धरौटी रु.२ करोड १५ लाख ५२ हजार र अन्य कारोबार रु.१ करोड २२ लाख ८४ हजार समेत रु.१ अर्ब ८४ करोड ६३ लाख २० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **नीति तर्जुमा** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले कृषि, पशु विकास तथा खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर कायम गर्ने, कृषिजन्य र पशुपन्छीजन्य औषधि विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमि सुधार, भू-उपयोग तथा चक्लाबन्दीसम्बन्धी नीति, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, घर जग्गा रजिष्ट्रेसन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरणसम्बन्धी नीति, भूमिहीन सुकुम्बासी दलित, मुक्त कमैया हलिया हरूवा चरुवासम्बन्धी प्रादेशिक नीति, सरकारी जग्गा भाडामा दिनेसम्बन्धी नीति, सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति, गुठी तथा गुठी जग्गा व्यवस्थापन जस्ता नीति तर्जुमा गर्नुपर्नेमा मन्त्रालय स्थापना भएको ४ वर्ष व्यतीत हुँदासमेत तोकिएका नीतिहरू तर्जुमा गरेको छैन । तोकिएका नीतिहरू तर्जुमा गरी लागू गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन अवस्था** - प्रदेश विनियोजन ऐन, २०७७ बमोजिम रु.१ अर्ब ८१ करोड ५३ लाख ७० हजार शुरु बजेट विनियोजन गरेकोमा रु.१ अर्ब ३७ करोड ४९ लाख २३ हजार अन्तिम बजेट कायम भई रु.५८ करोड १५ लाख १८ हजार (४२.२९ प्रतिशत) मात्र खर्च भएको छ । बजेट विनियोजन तथा रकमान्तरपछि कायम हुने बजेटबीच ठूलो अन्तरदेखिएको हुँदा बजेट निर्माण यथार्थपरक बनाउनुपर्ने देखिन्छ ।

३. **बजेट रोक्का** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३१(२) मा सबै निकायबाट बजेट तथा कार्यक्रम प्राप्त गरी अन्तिमरुप दिँदा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशको आर्थिकस्थिति विचार गरी सम्बन्धित मन्त्रालयसँग परामर्श गरी बजेट थपघट गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको लागि यो वर्ष २ बजेट उपशीर्षकमा रु.१ अर्ब ८१ करोड ५३ लाख ७० हजार बजेट स्वीकृत भएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रु.५९ करोड ८० लाख ३१ हजार बजेट रोक्का राखेको छ । स्वीकृत बजेट खर्च नगरी रोक्का राख्ने कार्य उपयुक्त देखिएन । स्वीकृत बजेट खर्च नगरेकोमा लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

४. **समष्टिगत प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ बमोजिम सबै कार्यालयबाट विवरण प्राप्त गरी प्रदेशस्तरको प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको

समीक्षा गर्नुपर्ने र समीक्षा गर्दा प्रगति कम भएको कारण सोको जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्तिउपर आवश्यक कारबाहीसमेत गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले उक्त व्यवस्थाअनुसार सबै कार्यालयबाट प्रगति लिई प्रदेशस्तरीय प्रगति विवरण तयार नगरेको कारण मन्त्रालय र अन्तर्गतका निकायबाट गरेको समग्र लगानीको उपलब्धिको अवस्था मूल्याङ्कन गर्न सकिएन । एकीकृत प्रगति विवरण तयार गरी मूल्याङ्कन गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

५. **कार्य सम्पादन करार** - प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नुपर्ने वा निश्चित परिमाणको उपलब्धि हुने गरी कार्य सम्पादन गर्नुपर्ने भएमा वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना कुनै कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्य सम्पादन करार गरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयअवधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । ऐनमा भएको व्यवस्थाबमोजिम प्रदेश सचिवले विभागीय मन्त्रीसँग र कार्यालय प्रमुखले मन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गरेकोमा कार्य सम्पादनको गुणस्तर र परिमाण प्रगतिसँग आवद्ध गरेको पाइएन । पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्य सम्पादनलाई प्रगतिसँग आवद्ध गर्नुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ मा प्रदेश तहका सबै सरकारी निकायहरूले आफ्नो र अन्तर्गतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम हुने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटी मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **अनुदान वितरण** - कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, व्यवसायिक पशुपालन अनुदान कार्यविधि, व्यवसायिक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन कार्यविधिलगायतका कार्यविधि तयार गरी अनुदान वितरण हुने गरेको छ । कार्यविधिअनुसार अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एकभन्दा बढी निकायबाट अनुदान लिन नहुने, बिस लाख, पचास लाख र एक करोड रुपैयाभन्दा माथिको लगानीमा कम्तिमा तीन वर्ष, पाँच वर्ष र दश वर्षको व्यवसायको निरन्तरता रहने प्रत्याभूति हुनुपर्ने जस्ता कुराहरू कार्यविधिमा उल्लेख छ । अनुदान वितरणको उद्देश्य पनि कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन भई रोजगारी सिर्जना, राजस्व असुलीमा बढोत्तरी तथा उत्पादनमा वृद्धि भएको हुनुपर्दछ । यो वर्ष मन्त्रालय र मातहतका निकायबाट प्रदेश सरकारतर्फ रु.८९ करोड ६९ लाख ९० हजार र संघ सशर्ततर्फ रु.३३ करोड ९१ लाख ६१ हजारसमेत रु.१ अर्ब २३ करोड ६१ लाख ५१ हजार अनुदान उपलब्ध गराएको छ । अनुदान उपलब्ध गराउँदा कार्यविधिमा उल्लिखित प्रावधान पूरा गरेको देखिएन । विगतदेखिको अनुदान वितरणको अद्यावधिक अभिलेख नराखेकोले अनुदान दोहोरो भए नभएको यकिन हुन सकेन ।

८. **मातहतको कार्यालयको कार्य** - कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि २०७६ को बुँदा ५(८) मा प्रदेशले सञ्चालन गर्ने कार्यक्रममा रु.पचास लाखभन्दा माथिका अनुदान रकम मन्त्रालयले प्रदान गर्ने उल्लेख छ । मन्त्रालयले उक्त सीमाभन्दा घटी रकमका अनुदान २२५ संस्थालाई रु.१६ करोड

४६ लाख २७ हजार दिई खर्च लेखेको छ । मातहत कार्यालयको कार्यक्षेत्रमा पर्ने कार्य कार्यविधि विपरीत हुने गरी मन्त्रालयले अनुदान वितरण गरेको छ भने वितरित अनुदानबाट भएको रोजगारी सिर्जना, राजस्व संकलन, वस्तु उत्पादन र त्यसबाट जनताले पाउने सुविधाको बारेमा अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन । यस्तो कार्य मातहतका कार्यालयबाट वितरण गराइ मन्त्रालयले अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

९. **सहकारी संस्थामा लगानी** - कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ को बुँदा ५(७) मा प्रदेश सरकार र अन्तर्गतका निकायबाट रु.५ करोडभन्दा बढी अनुदान प्रदान गर्ने भएमा त्यस्ता अनुदानका कार्यक्रमहरूमा प्रदेश सरकारको शेयर रहन सक्ने र सोको सञ्चालन प्रक्रियासमेत प्रदेश सरकारले तोकेबमोजिम हुने उल्लेख छ । मन्त्रालयले सहकारी ऐन, २०७४ बमोजिम गठन भएको एक सहकारी संघ लिमिटेडसँग इटहरीमा धुलो दुध उत्पादन गर्ने कारखाना सञ्चालन गर्न लागत अनुमान रु.३१ करोड ६ हजारमध्ये प्रदेश सरकारले रु.२० करोड व्यहोर्ने गरी २०७७।१२।२२ मा सम्झौता गरेको छ । सम्झौतामा कार्यक्रम सञ्चालन प्रक्रिया प्रदेश सरकारले तोकेबमोजिम हुने उल्लेख भएतापनि सञ्चालन प्रक्रिया र प्रदेश सरकारको संस्थामा भएको लगानी सम्बन्धमा केही उल्लेख नै नगरी यो वर्ष रु.७ करोड ८८ लाख अनुदान प्रदान गरेको छ । लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्नुअघि कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि बमोजिम लगानीको सुनिश्चितताको आधार स्पष्ट गरेको पाईएन । सहकारी ऐनद्वारा गठित संस्थामा तोकिएको सीमाभन्दा बढी लगानी गरेकोले यो लगानी सम्बन्धमा प्रदेश सरकारले उचित निर्णय लिई लगानीलाई सुरक्षित गराउनुपर्दछ।

१०. **अनुदान फिर्ता** - कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को बुँदा ५(५) मा प्रदेश सरकारबाट ५० लाखदेखि ५ करोड रुपैयाँसम्म लगानी भएको कृषि व्यवसायमा सम्बन्धित अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकमको पचास प्रतिशत रकम प्रदेश सरकारलाई कार्यक्रमको प्रकृतिअनुसार सम्झौतामा तोकिएको अवधिभित्र फिर्ता गर्नुपर्ने प्रावधान रहेकोमा उक्त प्रावधान हटाई २०७७। १२।११ मा कार्यविधि संशोधन गरेको छ । कार्यविधिमा भएको व्यवस्थालाई गत वर्ष सम्झौतामा उल्लेख नगरेको कारण लगानी फिर्ता हुन अनिश्चित रहेको छ भने संशोधन गर्दा अनुदान फिर्ता गर्नुपर्ने प्रावधान हटाएको कारण अनुदानग्राहीलाई सहुलियत हुन पुगेको छ ।आर्थिक वर्ष २०७६।७७ मा ४ संस्थामा लगानी भएको रु.३ करोड १६ लाख ६० हजार र २०७७।७८ मा ४ संस्थामा लगानी भएको रु.२ करोड ७९ लाख ८४ हजारसमेत रु.५ करोड ९६ लाख ४४ हजारको सम्बन्धमा अनुदान फिर्ताको कार्य तालिकासहित मन्त्रालयले उचित निर्णय गर्नुपर्दछ ।

११. **कृषि अनुदान** - विगत ३ वर्षको अवधिमा प्रदेशमा व्यवसायिक कृषि विकास र खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्ने उद्देश्यले प्रदेश सरकारले विभिन्न बाली तथा पशुपंक्षी विकास कार्यक्रम मार्फत १४ हजार ८४९ घरधुरीमा रु.१ अर्ब ७२ करोड १० लाख ८७ हजार अनुदान उपलब्ध गराएको छ । प्रदेश सरकारको योजना र व्यवस्थापनसमेतका कारण धानको उत्पादन ९.३९ प्रतिशतले वृद्धि भएको, १ हजार ६५८ हेक्टर क्षेत्रफलमा हाइब्रिड मकै खेती गरी ९ हजार मेट्रिक्टन मकै उत्पादन भएको, १ हजार १९१ हेक्टर क्षेत्रफलमा चैतेधानको खेती गरी ५ हजार ३६० मेट्रिक्टन उत्पादन भएको छ ।

त्यसैगरी विगत ३ वर्षमा बेमौसमी तरकारी खेतीको लागि रु.६ करोड ३० लाख अनुदान सहयोग गरेको, कृषिमा यान्त्रिकरण गर्ने कार्यमा रु.१३ करोड ८० लाख अनुदान रकमबाट १ हजार ६४४ कृषक घरधुरीलाई कृषियन्त्र प्राप्त भएको, सानासिंचाइ विशेष कार्यक्रम अन्तर्गत रु.८ करोड

७५ लाख अनुदान खर्च गरी २ हजार ५८४ हेक्टर क्षेत्रफलमा थप सिंचाइ सुविधा बढेको कारण ७ हजार २९६ घरधुरी प्रत्यक्ष लाभान्भित भएको प्रगति विवरणमा उल्लेख छ । यस सम्बन्धमा मन्त्रालयबाट अनुगमन भएको देखिएन ।

१२. **कन्टिन्जेन्सी कट्टी** - व्यवसायिक पशुपालन सञ्चालन कार्यविधि २०७६ को बुँदा ११ मा अनुदान भुक्तानी गरिने रकमबाट कम्तिमा ३ प्रतिशत रकम कन्टिन्जेन्सीबापत कट्टा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन गर्दा ११८ व्यवसायीलाई रु.९ करोड ५० लाख ८ हजार अनुदान भुक्तानी दिएकोमा कार्यविधिबमोजिम ३ प्रतिशतले हुने रु.२८ लाख ५० हजार कन्टिन्जेन्सि कट्टा नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१३. **समायोजन ग्रेड** - कर्मचारी समायोजन ऐन २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । सो व्यवस्थाअनुसार पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राप अनं द्वितीय, राप अनं प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा समायोजन ग्रेडको व्यवस्था रहेको पाइएन । मन्त्रालय र मातहत कार्यालयका ग्रेड नपाउने तहमा समायोजन भएका ३७ कर्मचारीहरूलाई ऐन विपरीत समायोजन ग्रेड थप गरी रु.२६ लाख ७९ हजार खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

१४. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३९ देखि ४४ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिताअनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रालयले अद्यावधिक गरेको छैन । तोकिएअनुसार जिम्मेवारी र जवाफदेहिता पालना भए, नभएको व्यहोरा परीक्षण गर्दा बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सोअनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएकोदेखिएन । ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

## पशुपंछी तथा मत्स्य विकास निर्देशनालय

१५. **अनुदान विवरण** - कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि, २०७६ को दफा २५ मा अनुदानग्राहीले एकै प्रकृतिको कामका लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न नहुने उल्लेख छ । त्यस्तै अनुदान सम्झौता गर्दा ५ देखि १० वर्षसम्म व्यवसाय निरन्तरता हुनुपर्ने उल्लेख छ । यो वर्ष निर्देशनालयबाट ८ संस्थालाई रु.२ करोड ९८ लाख अनुदान उपलब्ध गराएकोमा अन्य निकायबाट अनुदान नलिएको सुनिश्चित गर्नुपर्दछ । त्यस्तै अनुदान रकमबाट व्यवसायको निरन्तरता, अनुदानको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गरी सुनिश्चितता गर्नुपर्दछ ।

# कृषि विकास निर्देशनालय

१६. **मातहत कार्यालयको कार्यसम्पादन** - कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को दफा ५९(८०) मा रु.२० लाखसम्मको कृषि अनुदान कृषि ज्ञान केन्द्र एवं भेटेरीनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्रबाट र सोभन्दा माथि रु.५० लाखसम्मको अनुदान कृषि विकास निर्देशनालयबाट प्रदान गरिने व्यवस्था छ । कार्यविधिमा भएको व्यवस्था विपरीत तोकिएको सीमाभन्दा घटीको अनुदान समेत निर्देशनालयबाटै भुक्तानी गरी यो वर्ष २० वटा फर्महरूलाई रु.२ करोड ७६ लाख ९९ हजार अनुदान दिएको छ । प्रादेशिक कृषिसम्बन्धी नीति, नियम तथा ब्यवसायिक योजना तर्जुमा गर्ने, मातहतका कार्यालयहरूको कार्यक्रम सञ्चालन सम्बन्धमा निर्देशन, अनुगमन तथा निरीक्षण गर्ने कार्यक्षेत्र भएको निर्देशनालयले अन्तर्गतका कार्यालयबाट वितरण गरिने अनुदान आफैंले वितरण गरेको छ ।

१७. **कार्य सम्पन्न** - कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को दफा ९ मा लाभग्राहीलाई अनुदानको अन्तिम भुक्तानी कार्य सम्पन्न भएपछि मात्र दिनुपर्ने व्यवस्था छ । मोरङ जिल्लास्थित कटहरी फलफूल तथा तरकारी थोक बजारको व्यवस्थापन समितिको लागि रु.८० लाख विनियोजन भएकोमध्ये व्यवस्थापन खर्चको लागि रु.२ लाख र थोक बजारस्थलमा बरन्डा तथा स्टोर निर्माणको लागि रु.३५ लाख ५० हजारसमेत रु.३७ लाख ५० हजार अनुदान भुक्तानी दिएकोमा कार्य सम्पन्न प्रमाण पेश गरेको छैन ।

# कृषि ज्ञान केन्द्र

१८. **गत वर्षको भुक्तानी** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४१(६) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भरपाईबमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली प्रदेश लेखा इकाईबाट प्रमाणित गराइ राख्नुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र सुनसरीले भुक्तानी बाँकीको प्रमाणित विवरण बेगर २०७६।७७ को भुक्तानी बाँकी उल्लेख गरी रु.५ करोड ९७ लाख ४२ हजार चालु वर्षको विनियोजनबाट भुक्तानी गरेको छ । भुक्तानी बाँकीको विवरण प्रमाणित नगरी गत वर्षको भुक्तानी गर्दा अनुदान रकममा दोहोरो खर्च भए नभएको यकिन हुने अवस्था देखिएन । नियमाअनुसार भुक्तानी बाँकीको विवरण प्रमाणित गरेर मात्र खर्च गर्नुपर्दछ ।

१९. **अनुदान रकमको उपयोग** - कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि, २०७६ को दफा ९ मा अनुदानग्राहीलाई रकम भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन र कार्य सम्पन्न भएको सार्वजनिक सुनुवाईको प्रतिवेदन समेत प्राप्त हुनुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र सुनसरीले इटहरीस्थित एक मौरी पालन समुहसँग मौरीसहितको घार २५० थान खरिद गरेको बिलको आधारमा रु.१५ लाख मध्ये रु.७ लाख ५० हजार भुक्तानी गरेकोमा २०७८।११।१३ मा उक्त समुहको कार्यस्थलमा अवलोकन गर्दा ६४ घार समुहको कार्यालयमै मौज्दात रहेका र २०७८ कार्तिकमा भएको वर्षातको कारणले मौरीघार डुवानमा परी मौरी नास भएको जानकारी दिएको छ । समुहले पेश गरेको मौरी घारको वितरण भरपाईमा एक सदस्यलाई २३ घार बुझाएकोमा सदस्यले १० घार मात्र प्राप्त गरेको जानकारी दिएको, अर्को एक सदस्यलाई २३ घार बुझाएको देखाइएका सदस्यको घरमा १० घार मात्र रहेको र बाँकी मौरी आफन्तकोमा पठाएको अवस्था देखिएको छ । घटी घार बुझाउने र आफुले प्राप्त गरेको घार आफन्तमा पठाउने सदस्यलाई कारबाही गरी व्ययभार रकम असुल गर्नुपर्दछ।

१९.१. सोही कार्यालयले सघनवाली क्लष्टर सञ्चालनसम्बन्धी कामको लागि ब्रस कटर खरिद गर्न रु.१४ लाख ३७ हजारको सम्झौता गरी सो मध्ये रु.१० लाख कार्यालयले अनुदान भुक्तानी गरेकोमा उक्त क्लष्टरको अवलोकन गर्दा खरिद गरिएका १५ मध्ये ७ जना लाभग्राहीको घरमा नरहेको, एक लाभग्राहीले मेसिन बेचेको, ४ वटा कटर मेसिन सप्लायर्सलाई नै फिर्ता गरेको अवस्था देखिएकोमा लेखापरीक्षण टोलीको अनुगमन पश्चात २०७८।११।२१ मा आपूर्तकलाई फिर्ता गरेका ४ थान ब्रस कटर पुन कृषकलाई बुझाएको समितिले जानकारी दिएको छ । अनुगमन गरी प्रयोगमा नदेखिएका ब्रस कटरको रकम फिर्ता गराउनुपर्दछ ।

१९.२. सोही कार्यालयबाट एक ग्रिन फाउण्डेशनलाई २०७७।१२।५ मा च्याउ ब्लक सञ्चालनको लागि टहरा निर्माणको मूल्याङ्कन गरी रु.८ लाख २५ हजारमध्ये रु.४ लाख १२ हजार भुक्तानी गरेकोमा अवलोकनको क्रममा टहराहरू अनुदानको छनोट र स्वीकृत हुनु अगावै निर्माण गरिएको र कार्यसम्पन्न प्रतिवेदनसमेत समावेश नरहेकोले कार्यक्रम छनोट गरी स्वीकृत हुनु अगावैको संरचनालाई कार्यक्रमको लागि समावेश गरी मूल्याङ्कन गराइ भुक्तानी गर्नेलाई जिम्मेवार बनाइ असुल गर्नुपर्दछ ।

१९.३. सोही कार्यालयले एक च्याउ ब्लकको लागि एक फर्मलाई अनुदानग्राहीमा छनोट गरी अनुदान रकम निकासा गर्दा तयार गरेको कार्यसम्पन्न प्रतिवेदनमा १ हजार किलोग्राम च्याउको बीउ रु.१५ लाखमा खरिद गरेको आधारमा रु.७ लाख ५० हजार भुक्तानी गरेको छ । स्थलगत अवलोकनमा बीउ गुणस्तरीय नभएकोले च्याउ उत्पादन नभएको जानकारी दिएको, फर्मले च्याउ उत्पादनको लागि तयार गरेको टहराको क्षमता उक्त परिमाणको बीउ खपत हुने अवस्था नरहेको र तयार गरिएका टहरामध्ये एक टहरा खालीनै रहेको समेत देखिएकोले यस सम्बन्धमा थप छानबिन गरी अनुदान उचित कार्यमा खर्च भए/नभएको यकिन गर्नुपर्दछ ।

२०. **संस्था छनोट आधार** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलमा कार्यक्रमबाट लगानी गर्दा कृषि कार्य गर्ने उद्देश्यसहित प्रचलित कानुनबमोजिम दर्ता भएका संस्थालाई छनोट गर्नुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, झापाले एक सहकारी संस्था लिमिटेडलाई नयाँ ब्लक (तरकारी) मा छनोट गरी संस्थाले पेश गरेको रु.४४ लाख २३ हजार परियोजना प्रस्ताव स्वीकृत गरी रु.२७ लाख ८१ हजार भुक्तानी गरेको छ । लेखापरीक्षणमा प्राप्त उक्त संस्थाको दर्ता प्रमाण पत्रमा संस्थाको कारोबार पशुपालन, मिश्रित खेती, भेटेरीनरी सेवाबाहेकका कृषिजन्य सेवाहरू प्रदान गर्ने, मल बीउ विजनसम्बन्धी कारोबार गर्ने गरी दर्ता भएको पाइयो । उद्देश्य र कारोबारमा मिश्रित खेती नरहेको संस्थालाई अनुदान उपलब्ध गराएको सम्बन्धमा छानबिन गरी रकम असुल हुनुपर्दछ ।

२१. **लगानीको आधार** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलमा परियोजना अन्तर्गतका क्रियाकलाप सञ्चालन गरी खर्च गर्दा समुहले व्यहोर्ने कार्यक्रमको लागत रकम सुनिश्चित गरी सम्पन्न गरिने क्रियाकलापसमेत तोक्नुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, झापाले सामुदायिक पोष्ट हार्भेस्ट संकलन केन्द्र मेचीनगरलाई ढुवानी साधन, प्याकेजिङ र धानको बीउ खरिद कार्यको लागि रु.२४ लाख ७७ हजार भुक्तानी गरेको छ । कार्यक्रम कार्यान्वयन म्यानुअलअनुसार धानवाली ब्लक कार्यक्रममा सहभागी संस्थाको तर्फबाट व्यहोरिने रकमको सुनिश्चतता हुनुपर्ने र संस्था सोही कामको लागि दर्ता भई सञ्चालन भईरहेको हुनुपर्ने व्यवस्था रहेकोमा सामुदायिक हार्भेस्ट संकलन केन्द्रले व्यहोर्ने लागत रकम एक कृषक बहुमुखी सहकारी संस्थाले बैंक खातामा जम्मा गरेको र हार्भेस्ट केन्द्रले कृषि कार्य सञ्चालन सोही सहकारी संस्थाको नाममा रहेको मेचीनगर नगरपालिका वडा नं.५ को जग्गा बहालमा लिइएको सहमतिपत्र पेश गरेको छ ।

उक्त केन्द्र २०७७।११।२३ मा मात्र मिश्रित खेती गर्ने उद्देश्यले आन्तरिक राजस्व कार्यालय भद्रपुरमा दर्ता रहेको छ । हार्भेस्ट केन्द्रलाई धानको ब्लक निर्माणसम्बन्धी कार्यक्रममा छनोट गरी यसै वर्ष ढुवानी साधन र प्याकेजिङसमेतको अनुदान उपलब्ध गराउने निर्णय गरेको छ। उक्त संस्था गत वर्षसम्म अस्तित्वमा नरहेकोले म्यानुअलले तोकेबमोजिम प्रक्रिया नपुगेको केन्द्रलाई दिएको अनियमित देखिन्छ ।

२२. **कार्यविधिको पालना** - कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ मा कृषि बजार संकलन केन्द्र स्थापना गर्दा तराईमा न्यूनतम ३ कट्ठा जग्गा हुनुपर्ने तथा भाडामा लिएको जग्गामा बजार केन्द्र स्थापना गर्दा कार्यविधिको दफा १९(५) मा ज्ञान केन्द्र र बजार सञ्चालन समितिबीच कम्तिमा २० वर्ष अवधिको लागि जग्गा भाडा सम्झौता गरी जग्गा प्राप्त गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय पालिकासँगको लागत साझेदारीमा कार्यक्रम गर्न सकिने गरी कार्यक्रम स्वीकृत गरेको आधारमा कृषि ज्ञान केन्द्र, झापाले ४ पालिकासँग रु.९६ लाख १९ हजारको लागत अनुमान स्वीकृत गरी सो मध्ये रु.४० लाख अनुदान निकासा गरेकोमा गौरादह नगरपालिकाले साविकमा एक आधारभूत विद्यालयको जग्गा २५ वर्षसम्मको लागि भाडामा लिई २०७५।९।२८ मा भएको सम्झौता बमोजिम निर्माण भई सञ्चालन भैरहेको स्थानको लागि थप रकम निकासा गरेकोमा कार्यविधिको व्यवस्थाबमोजिम कृषि ज्ञान केन्द्र र भाडामा जग्गा दिने विद्यालयबीच सम्झौता भएको पाइएन ।

२२.१. झापा गाउँपालिका अन्तर्गत टागनडुब्बा सामुदायिक साना किसान कृषि सहकारी संस्था लि. र ज्ञान केन्द्रबीच जग्गा भाडामा लिएर केन्द्र बनाउने सम्झौता नभएकोमा सहकारी संस्था र एक व्यक्तिबीच २ कट्ठा मात्र जग्गा लिजमा दिने करार गरेको आधारमा रु.१० लाख अनुदान निकासा गरेको छ । काम सन्तोषजनक नभएमा जग्गा धनीले जुनसुकै बखत सम्झौता रद्द गर्न सक्ने शर्त रहेको स्थानमा लगानी गर्नु उपयुक्त देखिएन ।

२२.२. बुद्धशान्ति गाउँपालिकाले बजार संकलन केन्द्र स्थापना गर्ने जग्गाको विवरणमा जानकी मन्दिर-दलितबस्तीदेखि हडिया खोला जाने बाटोसम्म मात्र उल्लेख गरेको तर गाउँपालिकाको स्वामित्वमा नरहेको जग्गामा संकलन केन्द्र निर्माण गर्ने सम्झौता गरी कृषि ज्ञान केन्द्र, झाफाले रु.१० लाख अनुदान निकासा गरेको अनियमित देखिन्छ ।

- **बेरुजु स्थिति** - मन्त्रालय र मातहतसमेत २४ निकायमा यो वर्ष रु.१७ करोड १४ लाख ७५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१९ हजार फर्स्यौट गरेकोले रु.१७ करोड १४ लाख ५६ हजार बाँकी रहेको छ । सोमध्ये रु.७ लाख ७२ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-९ मा रहेको छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरको सडक, ऊर्जा, विद्युत, सिंचाइ, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने प्रदेशस्तरको यातायात, मौसम र जलमापन, शहरी विकास, सुरक्षित वसोबासलगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहतका निकायको लागि विनियोजन रु.१४ अर्ब ४३ करोड २५ लाख ८७ हजार, राजस्व रु.२ अर्ब ६७ करोड १ लाख ८६ हजार, धरौटी रु.१ अर्ब ५३ करोड २३ लाख ८७ हजार र अन्य कारोबार रु.१९ करोड ६७ लाख ४२ हजार समेत रु.१८ अर्ब ८३ करोड १९ लाख २ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी कार्यान्वयन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा तोकिएका ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन गर्ने, राष्ट्रिय जल उपयोगसम्बन्धी आयोजनाको पहिचान, निर्माण सञ्चालन, सम्भार र व्यवस्थापन गर्ने, प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा र कार्यान्वयन, प्रविधिको विकास र व्यवस्थापन गर्ने, मौसम र जलमापन सञ्चार व्यवस्थापन गर्ने, जल गुण तथा वायु गुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन गर्ने, रज्जुमार्ग, जलमार्गलगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन सञ्चालन र व्यवस्थापन गर्ने कार्यहरू सम्पादन गरेको नपाइएकोले नियमावलीमा तोकिएकोअनुसारको कार्य गर्नुपर्दछ ।

२. **बजेट वक्तव्य कार्यान्वयन** - यो वर्ष बजेट वक्तव्यमा प्रादेशिक सडक संजाल गुरुयोजना, सार्वजनिक, निजी साझेदारीमा केबलकार र जल यातायात विकास, बृहत विराट क्षेत्रको चक्रपथ निर्माण, इटहरी बाहिरी चक्रपथ सम्भाव्यता अध्ययन, प्रादेशिक निर्माण सामग्री गुणस्तर परीक्षण प्रयोगशाला, इटहरीमा अन्तर्राष्ट्रिय सभा भवन, विद्युत तथा सोलार प्रविधि मार्फत लिफ्ट सिंचाइ कार्यक्रम, २०० मेगावाटसम्मको जलविद्युत आयोजना अध्ययन, सबै जनताको घरमा उज्यालो, सबै स्थानीय तहरूमा पूर्ण सरसफाइ कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख छ । उक्त कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालयले प्रगति विवरण तयार गरी अनुगमन गरेको देखिएन ।

३. **वार्षिक कार्यक्रम कार्यान्वयन** - प्रदेशको आवधिक योजनामा समावेश भएका नीतिअनुरुप क्षेत्रगत कार्यक्रम तथा क्रियाकलापसँग वार्षिक विकास बजेटको तादम्यता कायम गर्न तथा प्रदेशको समष्टिगत विकासमा दिशानिर्देश गर्ने दस्तावेजको रुपमा वार्षिक विकास कार्यक्रम २०७७।७८ लागू गरिएको छ । मन्त्रालयअन्तर्गत २०७७।७८ मा आधा घण्टाको दूरीमा यातायात सेवाको पहुँच भएको जनसंख्या ८६ प्रतिशत हुने, सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या ४१ प्रतिशत हुने, विद्युतमा पहुँच प्राप्त परिवार ९५.५ प्रतिशत हुने, ७६८ वटा क्रमागत प्रदेशस्तरीय खानेपानी आयोजनाहरू कार्यान्वयन हुने, ३ वटा क्रमागत खानेपानी गुणस्तर सुधार आयोजनाहरू कार्यान्वयन हुने, ३७८ वटा क्रमागत जलवायु अनुकूलित वृहत खानेपानी आयोजना कार्यान्वयन हुने, २३ वटा क्रमागत तराई मधेश खानेपानी सुधार आयोजनाहरू कार्यान्वयन हुने, २ वटा क्रमागत डिप ट्यूबवेल आयोजनाहरू

कार्यान्वयन हुने, ६० किलोमिटर सडक ग्राभेल हुने, झोलुङ्गे पुलको बाँकी ३ वटाको निर्माण कार्य सम्पन्न हुने जस्ता प्रमुख प्रतिफल प्राप्त हुने गरी वार्षिक विकास कार्यक्रम तय गरिएकोमा मन्त्रालयले सोको प्रगति खुल्ने गरी प्रगति प्रतिवेदन तयार गरेको छैन । मन्त्रालयले वार्षिक विकास कार्यक्रममा प्रक्षेपण गरिएको नतिजा सूचकबमोजिमको प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

४. **कानुन निर्माण र कार्यान्वयन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयले विभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधिलगायतका कानुनहरू निर्माण गरी सोको कार्यान्वयन गर्ने गराउने उल्लेख छ । प्राप्त विवरणअनुसार मन्त्रालयको ७ वटा ऐन र ४ वटा कार्यविधि तयार गर्ने लक्ष्य भएकोमा प्रदेश सिंचाइ ऐन २०७५, समेत ४ वटा ऐन र ४ वटा कार्यविधि तयार गरेको छ । जल यातायात र खानेपानी सम्बन्धी ऐन निर्माणको क्रममा रहेको उल्लेख छ । मन्त्रालयले अन्य आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधिलगायतका कानुनहरू निर्माण प्रक्रियालाई समयमै सम्पन्न गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य** - नेपालले दिगो विकासका लक्ष्यहरूमा प्रतिवद्धता जनाएअनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । सञ्चालन एवं सम्पन्न गरेका सडक, सिंचाइ, खानेपानी एवं आवासलगायतका कार्यक्रमले दिगो विकासका विभिन्न लक्ष्यमा सहयोग पुगेको उल्लेख गरेतापनि कार्यक्रमगतरुपमा दिगो विकासका लक्ष्यहरू उल्लेख गरी कार्यक्रम स्वीकृत गरेको देखिएन । मन्त्रालयले उक्त लक्ष्यहरूलाई ध्यान दिई परिमाणात्मक लक्ष्यसहित कार्यक्रममा समावेश गर्नुपर्दछ ।

६. **बजेट कार्यान्वयन** - मन्त्रालयको लागि रु.१ अर्ब २२ करोड ५ लाख ३९ हजार लाख शुरु बजेट विनियोजन भएकोमा अन्तिम बजेट रु.४८ करोड २ लाख ७६ हजार कायम गरी रु.११ करोड २९ लाख ४० हजार (२३.५२ प्रतिशत) खर्च गरेको छ ।

७. **केन्द्रीय एकीकृत प्रगति विवरण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट वार्षिक प्रगतिको विवरण लिई एकीकृतरुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । प्रगति समीक्षा गर्दा सुधारकालागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्तिउपर आवश्यक कारबाहीसमेत गर्नु पर्ने उल्लेख छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट विवरण लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण समग्र उपलब्धिको अवस्था मूल्याङ्कन गर्न सकिएन ।

८. **आन्तरिक नियन्त्रण प्रणाली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरू मितव्ययी कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । कार्यक्रम खर्च अभिलेख, ठेक्का अभिलेख, ठेक्कागत कन्टिन्जेन्सी खर्च खाता, मन्त्रालय र मातहतको सम्पत्ति अभिलेख लगायतका खाता नराखेबाट

आन्तरिक नियन्त्रण व्यवस्था सबल देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

९. **स्मार्ट सिटी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । मन्त्रालयले एकै प्रकारको ५ स्मार्ट सिटीको संभाव्यता अध्ययन गर्न छुट्टाछुट्टै ५ प्याकेज बनाइ रु.६९ लाख १ हजार भुक्तानी गरेको छ । एकै प्रकृतिको अध्ययन कार्य एउटै प्याकेज बनाइ राष्ट्रियस्तरको प्रस्ताव माग गरी अधिकतम प्रतिस्पर्धाको आधारमा खरिद गर्न सकिनेमा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गरेको कारण खरिद कार्य मितव्ययी देखिएन । प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१०. **परामर्श सेवा खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै कार्य हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । मन्त्रालयले यो वर्ष खानेपानी योजना तथा स्मार्ट सिटीको विस्तृत संभाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य परामर्शदाता मार्फत गराइ रु.१ करोड १९ लाख १५ हजार खर्च गरेको छ। मन्त्रालयको स्वीकृत दरबन्दीमा रा.प. द्वितीय श्रेणीमा ४ जना र ६ जना इन्जिनियरको दरवन्दी रहेकोमा बाह्य परामर्शदाताबाट काम गराउनुपर्ने स्पष्ट कारण खुलाएको छैन । प्राविधिक कर्मचारीको दरबन्दी हुने मन्त्रालयले समेत बाह्य परामर्शदाताबाट सेवा खरिद गर्दा सरकारलाई थप व्ययभार पर्न गएको छ ।

११. **डिपिआर कार्यान्वयन अवस्था** - मन्त्रालयले २०७४।७५देखि हालसम्म १३१ योजनाका डिपिआर तथा अध्ययन प्रतिवेदन तयार गरेकोमा अभिलेख अद्यावधिक गरेको छैन भने प्रतिवेदन कार्यान्वयन भएको अवस्था खुलाएको छैन । डिपिआर तथा सम्भाव्यतता अध्ययन मात्र गर्ने तर योजना कार्यान्वयन नहुँदा लगानी प्रतिफलविहीन देखिन्छ । आवश्यकता, औचित्य र उपयोगिताको विश्लेषण गरेर मात्र डिपिआर तथा अध्ययन कार्य गरी खर्चमा मितव्ययिता अपनाउनुपर्दछ ।

१२. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयअन्तर्गतका ९ कार्यालयले रु.२ करोड ४५ लाख २५ हजारको निर्माण, मर्मत सम्भार, फर्निचर तथा कार्यालय सामान प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको नियमअनुसार प्रतिस्पर्धा गराइ खसिद गर्नुपर्दछ ।

१३. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले सम्झौतामा उल्लेख गरी मूल्य समायोजन भुक्तानी गर्न सक्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्:

१३.१. पूर्वाधार विकास कार्यालय, मोरङले ८ योजनाहरूमा मूल्य समायोजन भुक्तानी गरेकोमा सम्झौता बमोजिम बिल रकममा प्रोभिजनल सम, नयाँ आइटम र अग्रिम भुक्तानी कटाएर मात्र मूल्य समायोजन गर्नुपर्नेमा अग्रिम भुक्तानीबाहेक अन्य घटाएको देखिएन । कार्यालयले एउटै प्रकारको सम्झौता भएकोमा ३ योजनामा अग्रिम भुक्तानी घटाएर समायोजन गणना गरेको र ८ योजनामा नघटाई रु.१

करोड ३८ लाख ९८ हजार बढी भुक्तानी गरेको छ । सबै योजनामा घटाएर मूल्य समायोजन दिनु पर्दछ ।

१३.२. पूर्वाधार विकास कार्यालय, झापाले निर्माण व्यवसायीलाई २ पुलको खरिद सम्झौताको मूल्य समायोजन बापतको रकम गणना गर्दा अघिल्लो अवधिको बिल मूल्यमा पछिल्लो अवधिको इन्डेक्स दरबाट मूल्य समायोजन गणना गरी रु.१७ लाख ९५ हजार भुक्तानी गरेकोले बढी दरबाट भुक्तानी भएको मूल्य समायोजन असुल हुनुपर्दछ ।

१३.३. नेपाल राष्ट्र बैंकले सन २०१७।१८ मा भेइकल एण्ड मेसिनरी इन्डेक्सलाई रि-इन्डेक्समा समायोजन गरी मेसिनरी इक्युप्मेन्ट तथा ट्रान्स्पोर्ट एण्ड पार्टसमा छुट्याएको छ । पूर्वाधार विकास कार्यालय पाँचथरले एक निर्माण व्यवसायीलाई पुल निर्माणको बिल भुक्तानी गर्दा कार्यालयले सम्झौतामा रहेको इक्युप्मेन्ट युसेजको इन्डेक्सबाट नगरी दुबै इन्डेक्सको औसत प्रयोग गरी मूल्य समायोजन गणना गरी भुक्तानी गरेकोले रु.१२ लाख ६ हजार बढी व्ययभार पारेको छ ।

१४. **ननफाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय मातहतका खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पाँचथर, पूर्वाधार विकास कार्यालय ओखलढुंगा, झापा, भोजपुर, मोरङ र जलश्रोत तथा सिंचाइ विकास डिभिजन, इलाम तथा सहरी विकास तथा भवन डिभिजन, इलाम समेतले १८ निर्माण व्यवसायी एवं फर्मलाई रु.२ करोड ९ लाख ८९ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोमा ती फर्महरू कर विवरण नबुझाई ननफाईलर रहेकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

१५. **समायोजन ग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांकित तृतीय र राजपत्रांकित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । मन्त्रालय र मातहतका कार्यालयमा ग्रेड नपाउने तहमा समायोजन भएका ८९ कर्मचारीहरूलाई नपाउने ग्रेड थप गरी रु.५० लाख ८८ हजार खर्च लेखेको छ । ऐन विपरीत भुक्तानी भएको ग्रेड रकम असुल गर्नुपर्दछ ।

## जलश्रोत तथा सिंचाइ विकास डिभिजनहरू

१६. **नपाउने भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम रनिङ बिल वीजकको भुक्तानी गर्दा सम्झौताको दरअनुसार मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय झापाले एक सिंचाइ योजनाको निर्माण कार्य गर्ने निर्माण व्यवसायीसँग भएको सम्झौताको दरभन्दा बढी दरबाट रनिङ बिल तयार गरी रु.८ लाख ४३ हजार बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ।

१७. **पेस्की असुली** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा सम्झौताअनुसार उपलब्ध गराएको मोबिलाईजेशन पेस्की तोकिएको आधारबाट कट्टी गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय झापाले एक निर्माण व्यवसायीलाई २०७४।७५ मा उपलब्ध गराएको रु.२७ लाख १७ हजार पेस्की रकमको बैंक ग्यारेण्टी अवधि समाप्त भैसकेकोमा असुल गरेको पाइएन । निर्माण व्यवसायीले कार्यालयलाई विपक्षी बनाइ अदालतमा रिट दायर गरेको उल्लेख भए तापनि जमानतको अवधि समाप्त भएकोले पेस्की जोखिममा परेको हुँदा ब्याजसमेत असुल गर्नुपर्दछ ।

१८. **अधुरो कार्य** - सालबसाली कार्यक्रमअन्तर्गत योजनाहरू तोकिएको अवधिभित्रै सम्पन्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, खोटाङले २०७६।७७ मा प्राप्त बजेटबाट २०७७।३।२५ भित्र सम्पन्न गर्ने गरी रु.२ करोड ७१ लाख २७ हजार लागत अनुमान रहेको ४ सिंचाइ योजनाहरू उपभोक्ता समितिबाट कार्य गराउन रु.२ करोड ४ लाख १३ हजार सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा १ योजनाका उपभोक्ता समितिलाई रु.५ लाख पेस्की दिएको र बाँकी ३ योजनामा रु.७० लाख ७३ हजार भुक्तानी भै सकेकोमा २०७७।७८ मा ती योजनामा बजेट स्वीकृत नभएको कारण योजना अधुरो अवस्थामा रहेका छन् । योजना अधुरो हुँदा भएको लगानी प्रतिफलविहीन देखिएको छ। अधुरा आयोजना सम्पन्न गर्नुपर्दछ ।

१९. **पाइप जडान** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा सम्पन्न कामको नापजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय ओखलढुंगा तथा भूमिगत जलश्रोत सिंचाइ विकास डिभिजन, मोरङले उपभोक्ता समितिमार्फत कामको जिम्मा दिई गराएको ६ योजनाहरूको लागि क्रमशः रु.३७ लाख ४५ हजार र रु.३६ लाख १६ हजारसमेत रु.७३ लाख ६१ हजार मूल्यका पाइप खरिद गरी भुक्तानी गरेको छ । उक्त पाइप जडान भएको कार्य सम्पन्न प्रमाण पेश गर्नुपर्दछ ।

## पूर्वाधार विकास कार्यालयहरू

२०. **कार्य क्षेत्रमा दोहोरोपना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले ठेक्कापट्टा गर्नु अगावै कार्यस्थल निश्चित गरी प्रचलित कानुनबमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको कार्य पूरा गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, झापाले सुखानी-दानावारी-चिसापानी सडकमा कालोपत्रेसहितको सडक निर्माण गर्न २०७६।७।२० मा रु.४५ करोड ४७ लाख १६ हजारको खरिद सम्झौता गरेका र सम्झौताको म्याद २०७८।७।१९ सम्म रहेको छ । उक्त योजनामा यो वर्षसम्म पेस्कीसहित रु.२५ करोड ८९ लाख ९७ हजार खर्च भएको र सव-बेस सम्मको काम चालु रहेको अवस्थामा सोही सडकमा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयले २०७७।७८ देखि सुखानी-दानावारी खण्डमा ३ वटा पुलसमेत निर्माण गर्ने कार्यको सम्झौता गरी हाल पुल निर्माण चालु रहेको छ ।

पूर्वाधार विकास कार्यालयले हाल पुल निर्माण भैरहेको स्थलको क्षेत्रमा सडकको कटिङ तथा अन्य स्ट्रक्चरतर्फको कामको भुक्तानी गर्दै कालोपत्रे गर्ने अवस्थामा पुऱ्याएको सडकमा छुट्टै निकायबाट सोही क्षेत्रमा पुल बनाउने कार्य गर्दै संरचना हटाउने, सडक चौडा गर्ने र सडकको एलाइमेन्टलाई फेरबदल गरी काम गराउदा भेरिएसनसमेत स्वीकृत गरेको छैन । प्रदेश सरकारको

योजना कार्यक्रममा समावेश गरी खर्च भै रहेको कार्यस्थल भित्रै संघीय सरकारको आयोजनाबाट नयाँ कामको सिर्जना गरी खर्च गर्दा काममा दोहोरोपना भए नभएको पुन यकिन गर्नुपर्दछ ।

२१. **उपभोक्ता समितिबाट सार्वजनिक सडक निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउनेसम्बन्धी कार्यविधि रहेको छ । सोही नियममा जटिल प्राविधिक पक्ष समावेश भएको कार्य उपभोक्ता समितिबाट गराउने सम्बन्धी व्यवस्था नरहेको तथा नियम ९७(१२) मा उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने समेतको व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, ओखलढुंगाले सार्वजनिक सडकहरूको निर्माण तथा स्तरोन्नति कार्य उपभोक्ता समितिबाट गराइ यो वर्ष रु.५ करोड ४५ लाख ४८ हजार खर्च गरेकोमा सोही सडकको बाँकी क्षेत्रको कार्य पुनः ठेक्कापट्टा गर्दै खर्च गर्ने गरेकोले एकै सडकमा ठेक्का र उपभोक्ताबाट कार्य गराइ खर्च गरेको छ । खरिद नियमावलीमा भएको व्यवस्थाबमोजिम जटिल प्रकृतिको काम उपभोक्ताबाट गराउन मिल्ने देखिदैन ।

२२. **सडक तथा संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) मा सार्वजनिक निकायका प्रमुखले कुनै खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिम स्पेसिफिकेशन, योजना, नक्सा डिजाइनसमेतको विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, ओखलढुंगा अन्तर्गत रुम्जाटार-चर्खु-आप्सरा-खानीडाँडा सडकको चेनेज ०+०००-२+५०० सम्मको क्षेत्रमा सडक बनाउन २०७६ मा डिपिआरबाट ७ मिटर चौडाईमा काम गर्ने डिजाइनको आधारमा २०७७।७८ सम्म रु.५३ लाख २० हजार भुक्तानी भएको छ । सोही सडकमा यो वर्ष दुई वटा छुट्टाछुट्टै प्याकेज तयार गरी रु.९९ लाख ७५ हजार उपभोक्ता समितिबाट कार्य गराइ भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत सडक निर्माण कार्य गर्न तयार गरिएको लागत अनुमानमा सडकको चौडाई ९ मिटर र १० मिटर रहने गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा काम गराउँदा ७ मिटर र ९ मिटर चौडाईसम्म कटिङ गराइ कामको नापजाँच गरी बिल भुक्तानी गरेको छ । सम्झौताभन्दा फरक काम गराइ भुक्तानी दिने कार्य अनियमित देखिन्छ ।

सोही सडकको चौतारा-स्वामी रुख खण्डमा सिढी निर्माण कार्य गर्न रु.७१ लाख ८९ हजार छुट्टै लागत अनुमान स्वीकृत गरी उक्त कार्यसमेत उपभोक्ता समितिबाटै गराउन २०७८।१।२२ मा सम्झौता गरी २०७८।३।२५ सम्मको अवधि तोकिएकोमा उपभोक्ता समितिले रु.४५ लाख २६ हजार मात्रको कार्य गरेको अवस्थामा पहिलो बिल २०७८।३।२३ मा भुक्तानी भएको छ । बाँकी काम हुने नहुने निश्चित देखिएन । सम्झौताअनुसार कार्य सम्पन्न गर्नुपर्दछ ।

२३. **बैंक खाता सञ्चालन** - मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) नियमावली, २०७६ को नियम ७ मा ग्रामीण सडक मर्मत सुधारको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित स्थानीय तहले जम्मा गर्नुपर्ने रकम सडक यातायातसँग सम्बन्धित मन्त्रालयको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम छनोट भएका सडकसँग सम्बन्धित स्थानीय तहले नियमावलीमा तोकिएको खातामा रकम जम्मा गरी खर्च गर्नुपर्नेमा केही स्थानीय तहले सहभागिता रकम दाखिला नै नगरेको र केही स्थानीय तहले पूर्वाधार विकास कार्यालयको कार्य सञ्चालन कोष तथा धरौटी खातामा जम्मा गरी खर्च गरेको सम्बन्धमा निम्नअनुसार देखिएको छः

२३.१. पूर्वाधार विकास कार्यालय, झापाले छनोट भएका ग्रामीण सडक निर्माण कार्य गर्नुअघि सम्बन्धित स्थानीय तहहरूले व्यहोर्नुपर्ने लागत रकमसमेत निश्चित गरी रकम प्राप्त गरेर सोहीअनुसार कार्य गर्नुपर्नेमा १८ वटा सडक निर्माण कार्य गर्न ६ स्थानीय तहबाट रकम प्राप्त नगरी प्रदेश सरकारको विनियोजनबाट रु.२ करोड ३१ लाख ८२ हजार भुक्तानी गरी सकेकोमा सम्बन्धित स्थानीय तहले व्यहोर्ने रु.९० लाख ७५ हजार रकम दाखिला नगरेकोमा उक्त रकम प्राप्त गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

२३.२. पूर्वाधार विकास कार्यालय, पाँचथरले सञ्चालन भएका योजनाहरूको लागि सम्बन्धित स्थानीय तहबाट प्राप्त रु.१६ लाख १४ हजार मन्त्रालयमा नपठाइ कार्यसञ्चालन कोष खातामै राखेकोले उक्त रकम सम्बन्धित निकायमा दाखिला गर्नुपर्दछ ।

२३.३. पूर्वाधार विकास कार्यालय, भोजपुरले स्थानीय तहहरूले व्यहोर्ने रु.९१ लाख ७३ हजारलाई धरौटी खातामा जम्मा गरी सडक निर्माण कार्यको बिल भुक्तानी गरको छ ।

२४. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ बमोजिमका विषयमा ध्यान दिनुपर्ने व्यवस्था छ भने नियम १०(६) बमोजिम लागत अनुमान माथिल्लो तहको प्राविधिकबाट जाँच्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, मोरङले ६ वटा योजनामा स्ट्रक्चरमा माटो पुर्ने कामको लागत अनुमानको दर विश्लेषण गर्दा फरक दर कायम गरी लागत अनुमान तयार गराइ सोही अनुसार ठेक्का भै भुक्तानी भएको छ । कार्यालयले एकै प्रकारको कार्यको लागि प्रति घनमिटर रु ३८६ देखि रु २ हजार ७२९ सम्मको दरबाट रु १ करोड १३ लाख ४६ हजारको लागत अनुमान तयार गरेकोमा फरक दरको आधार स्पष्ट नगरेकोले तयार गरेको लागत अनुमानको विश्वसनीयता देखिएन। नियममा भएको व्यवस्थाअनुरुप यथार्थ लागत अनुमान बनाइ कार्य गर्नुपर्दछ ।

२५. **माटो फिलिङ्ग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा स्टाण्डर्ड स्पेसिफिकेसनअनुसार वास्तविक सम्पन्न कामको आधारमा नापी गरी प्रमाणित रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, मोरङले ६ योजनाहरूमा माटो कटिङ्गको कार्य र फिलिङ्गको कार्य दुवै रहेकोमा कटिङ्ग गरेको माटो फिलिङ्ग नगरी बाहिरबाट ल्याई फिलिङ्ग गरेको देखाएकोले योजनामा रु.१ करोड १४ लाख ४१ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

२६. **बढी परिमाण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा स्टाण्डर्ड स्पेसिफिकेसन अनुसार वास्तविक सम्पन्न कामको आधारमा नापी गरी प्रमाणित रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, मोरङले विराटचोक-घिनाघाट सडकको चौडाई १६.२ मिटर रहेकोमा १८.५ मिटर चौडाई देखाएको, किसानचोक-आइतवारे-रवी सडकमा ड्रइङ्गमा सोल्जर १.५ मिटर नभएकोमा भुक्तानी गरेको, धनपालथान-फुटानी चोक गढीघट्टा सडकमा नालाको काममा १ मिटर चौडाइ रहेकोमा १.५ मिटर चौडाई दिएकोले रु ६८ लाख ८९ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

२७. **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी रकम खर्च लेखु अघि बिल, भरपाई र प्रमाण कागजात संलग्न भए वन नभएको तथा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, मोरङले विराटचोक घिनाघाट सडकको चेनेज १०+००० देखि २०+००० सम्मको कार्यमा ड्रेनको स्ल्याव आरसिसि कार्य भन्दा फर्मवर्क बढी भुक्तानी गरेको, आरसिसि कार्यमा बढी डण्डी दिएको, चेनेज ०+००० देखि १०+००० सम्मको कार्यमा ढुङ्गा छपाइ ०.२० मिटर दिनुपर्नेमा ०.६० मिटर उचाई दिएको, पिसिसि ०.१० दिनुपर्नेमा ०.३० मिटर उचाई दिएको, बक्स कल्भर्टको कार्यमा जोड जम्मा फरक पारी बढी भुक्तानी भएको, विराटचोक घिनाघाट सडकको चेनेज २०+००० देखि २२+१९५ मा नालाको चौडाई १.७५ मिटर हुनु पर्नेमा २.४ मिटर दिएको, कटहरी गाउँपालिका रिङ्गरोड योजनामा ढुङ्गाको छपाइमा बढी देखाएको, शनिश्चरे कुशे मंगलबारे सडकमा नापी किताबमा नचढाइ ३० वटा ह्युमपाइप खर्च लेखेको, ढुङ्गाको गारोको कार्य ड्रइङ्ग भन्दा बढी दिएको, सव वेशको कार्य दोहोरो नापी गरेको र चौडाइ बढी देखाएको, खदमखोला तेतरीयामा डण्डी बढी दिएको, किसानचोक टाँडी सडकमा एक पटक नापी गरी खर्च लेखेकोमा पुनः नाप गरेको देखाइ बढी परिमाण देखाएको, बर्जु चारहडी सडकमा सडकको चौडाई ७ मिटर हुनुपर्नेमा ८ मिटर देखाएको, मिक्लुखोला पुलमा ढुङ्गाको छपाइ कार्य बढाएको, धनपालथान फुटानीचोक गढीघट्ट सडकमा नापी गर्दा बढी देखाएको, सर्दुखोला पुलमा ड्रइङ्गभन्दा बढी डण्डी प्रयोग देखाएको, खदमखोला पुल तेतरीयामा ड्रइङ्गभन्दा बढी परिमाण दिएको लगायतका १९ योजनामा रु.२ करोड १९ लाख ७८ हजार बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२८. **बिलको भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा स्टाण्डर्ड स्पेसिफिकेसन अनुसार वास्तविक सम्पन्न कामको आधारमा नापी गरी नापीमा प्रमाणित रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, मोरङले सुगाघाट बक्राहा नदी झोलुङ्गे पुलको कार्य गर्ने एक निर्माण व्यवसायीलाई रु.३ करोड ४४ लाख ७० हजार भुक्तानी गरेकोमा तेस्रो विल भुक्तानी गर्दा सम्झौताअनुसार एङकरी ब्लक, टावर तथा केबल फिटिङ होस्टिङको कार्य गरेर मात्र सम्झौताको २० प्रतिशत दिनुपर्नेमा टावर, फिटिङ र केबल होस्टिङको कार्य नगरेको ठेक्का विलसँग पेश गरेको फोटोमा देखिएको अवस्थामा १५ प्रतिशतले हुने रु.४५ लाख ७६ हजार भुक्तानी दिएकोले काम नै नगरी भुक्तानी भएकोले सम्बन्धितलाई जवाफदेही बनाइ असुल गर्नुपर्दछ।

२९. **डिस्मेन्टल कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा स्टाण्डर्ड स्पेसिफिकेसन अनुसार वास्तविक सम्पन्न कामको आधारमा नापी गरी प्रमाणित रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नअनुसार छः

२९.१. पूर्वाधार विकास कार्यालय, मोरङले विराटचोक-घिनाघाट सडकमा ११ के.भि.ए. प्रशारण लाइनको डिस्मेन्टल गरी सिफ्टिङ्ग गर्ने कार्य गरेकोमा नापी किताबमा समावेश नगरी रु १ करोड ३७ लाख ३० हजार भुक्तानी गरेको छ । पुराना सामानहरूको लागत अनुमान तयार गरी निर्माण व्यवसायीसँगको सम्झौतामा समावेश गरी असुल गर्नुपर्दछ ।

२९.२. सार्वजनिक निकायको कुनै पनि संरचना भत्काउँदा प्राप्त हुने सामग्रीको कार्यालयले आम्दानी बाँध्नु पर्दछ । योजनाहरूमा डिस्मेन्टलिङ्ग कार्य गरेकोमा सोबाट प्राप्त हुने सामग्रीहरूको आम्दानी देखाउनुपर्ने वा निर्माण व्यवसायीलाई पुनः प्रयोग गराउनु पर्ने र सोही अनुसारको दर विश्लेषण गर्नुपर्नेमा सो नगरेकोले सोबाट प्राप्त हुने सामानको आम्दानी देखिनु पर्ने अन्यथा १२ निर्माण व्यवसायीबाट रु.९७ लाख ७२ हजार असुल हुनुपर्दछ ।

३०. **डिपिआर खर्चः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ र नियमावलीको नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पूर्वाधार विकास कार्यालय, मोरङले यो वर्ष २१ काम परामर्शदाताबाट गराइ रु.२ करोड १८ लाख ४३ हजार भुक्तानी गरेको छ । डिपिआर तयार गर्दा कार्यालयको जनशक्ति प्रयोग हुन नसक्ने कारण स्पष्ट गरेको छैन । सबै परामर्श कार्य बाहिरबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३१. **सक्कल वीजक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, मोरङले ३ निर्माण व्यवसायीलाई रु ४ करोड ४ लाख १७ हजार बिल भुक्तानी गर्दा सक्कल वीजक बेगर मूल्य अभिवृद्धि कर रु.४६ लाख ५० हजार भुक्तानी गरेकोले कर समायोजनको प्रमाण पेस हुनुपर्दछ।

## शहरी विकास तथा भवन निर्माण कार्यालयहरू

३२. **भवन संहिताको कार्यान्वयन -** भूकम्पपछि परिवर्तित अवस्थामा नयाँ बन्ने भवन तथा अन्य पूर्वाधारलाई भूकम्प प्रतिरोधी बनाउन आचारसंहिता लागू हुने नगरपालिका तथा गाउँपालिकामा नयाँ घर बनाउँदा अनिवार्य रूपमा नक्सा पास गर्नुपर्ने, घरको उचाइ र तलाअनुसार माटो परीक्षण गर्नुपर्ने निजी, सरकारी तथा अर्धसरकारी सबै घर निर्माणका लागि निश्चित मापदण्ड तोकिएको छ । निजी घर बनाउँदा सडकबाट डेढमिटर पर निर्माण गर्नुपर्ने, पर्खाल अधिकतम चार फिट अग्लोसम्म बनाउन सक्ने र चार फिटभन्दा माथि बढीमा ३ फिटसम्म जाली राख्न सक्ने व्यवस्था छ । निर्माण गरिने पर्खाल सडकछेउमा भए कम्तीमा डेढमिटर सेट ब्याक छाड्नुपर्ने र अनिवार्य नक्सापास गरेको हुनुपर्ने विषय भवन संहिता, २०७७ मा उल्लेख छ । सहरी विकास तथा भवन कार्यालय इलाम, धनकुटा, ओखलढुंगा र मोरङले भवन संहिता पूर्णरुपमा कार्यान्वयन गरेको छैनन् । भवन संहिताको पालना गर्नुपर्दछ ।

३३. **जनता आवास कार्यक्रम** - नेपाल सरकारको स्वीकृत कार्यक्रम र जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को अधिनमा रही दलित, विपन्न, मुसलमान, लोपोन्मुख र अति सिमान्तकृत जाती तथा समूदायका विपन्न वर्गलाई भवन निर्माण गरी उपलब्ध गराउन ४ शहरी विकास तथा भवन कार्यालयहरूले यो वर्ष रु.२७ करोड ४३ लाख ८४ हजार निकासा खर्च गरेको छ । यो कार्यक्रमका लागि ५ हजार ९७४ वटाको लक्ष्य तोकिएकोमा ४ हजार ८७४ को सम्झौता भै ३

हजार ४०० आवास सम्पन्न भएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ । यो कार्यक्रम सम्पन्न गर्नुपर्ने वर्षसम्म लक्ष्यको तुलनामा ८१.५८ प्रतिशत सम्झौता भएको र ७० प्रतिशत मात्र काम सम्पन्न भएको छ । समयमा लक्ष्यअनुसार कार्य सम्पन्न गरी भवन उपलब्ध गराउनुपर्दछ ।

३४. **कामको सीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैँयासम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिसँग गराउन सकिने, उक्त लागत अनुमानभित्र मूल्य अभिवृद्धि कर, कन्टिन्जेन्सी र जनसहभागितासमेत समावेश हुने तोकिएको छ । ओखलढुंगाले एकीकृत बस्ती विकास तथा बजार व्यवस्थापन योजनाको रु.१ करोड ४० लाख ७ हजारमा विभिन्न निर्माण कार्य गर्ने लागत अनुमान स्वीकृत गरेको छ । उक्त लागत अनुमानलाई २ वटा प्याकेजमा टुक्र्याई एकै उपभोक्ता समितिलाई कामको जिम्मेवारी दिई यो वर्ष रु.८९ लाख ५६ हजार भुक्तानी गरेको छ । नियमले तोकेको सीमासम्मको काम मात्र उपभोक्ता समितिबाट गराउनुपर्दछ ।

३४.१. **स्वामित्व र मर्मत संभार** - एकीकृत वस्ती विकास तथा बजार व्यवस्थापन सम्बन्धी योजना छनोट गरी निर्माण कार्य सञ्चालन गर्नुअघि योजनाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी योजना सम्पन्न पश्चात सञ्चालन र मर्मत संभारसमेतको व्यवस्था उपभोक्ता समितिबाट हुनुपर्दछ । ओखलढुंगाले रुम्जाटार बजारमा एकीकृत बस्ती विकास तथा सटर एवं टहरा निर्माण कार्य उपभोक्ता समितिबाट गराइ यो वर्ष रु.८९ लाख ५६ हजारसमेत रु.१ करोड ४६ लाख ५६ हजार खर्च गरेको छ । निर्माण सम्पन्न योजनाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको पनि पाइएन । स्थानीय तहसँगको समन्वयबेगर नै उपभोक्ता समिति गठन गरी कार्य गराएकोमा उपभोक्ता समिति स्थानीय तहमा दर्ता नभएको र निर्माण गरिएका संरचनाहरू हस्तान्तरण र मर्मत संभारको जिम्मा लिएको अवस्थासमेत देखिएन । योजनाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरेर मात्र थप लगानी गर्नुपर्दछ ।

३५. **कार्यक्षेत्र बाहिरको परामर्श खर्च** - प्रदेश सरकार मातहत रहेका कार्यालयको वार्षिक कार्यक्रम स्वीकृत गर्दा कार्यक्षेत्रको आधारमा गर्नुपर्ने व्यवस्था छ । प्रदेश नं.१ मा रहेका पूर्वाधार विकास कार्यालयको कार्यक्षेत्रमा सडक, पुल, झोलुङ्गेपुल र शहरी विकास तथा भवन कार्यालयको कार्यक्षेत्रमा सरकारी भवन तथा अन्य भवन निर्माणका पूर्वाधारहरूलाई तोकिएको छ । ओखलढुंगाले आठौँ तहका प्राविधिक कर्मचारी प्रमुख र एक जना करारको इन्जिनियर मात्र कार्यरत रहेकोमा यो वर्ष ३ जिल्लाका ८ वटा सडक योजनाको डी.पी.आर. तयार गर्ने कार्यमा परामर्श सेवाबाट कार्य गराइ रु.४५ लाख ७० हजार खर्च गरेको छ । सम्झौतामा परामर्शदाताले डी.पी.आर.को ड्राफ्ट प्रतिवेदन कार्यालय समक्ष पेश गर्ने र कार्यालयले औल्याएको बेहोरासमेत समावेश गरी फाइनल रिपोर्ट दिनुपर्ने शर्त रहेको छ । परामर्शदाताको कामको मूल्याङ्कन गर्ने जनशक्तिबेगर तथा कार्य क्षेत्रमा नरहेको सडक निर्माण कार्यको डी.पी.आर. तयार गर्दै खर्च गराउनु उपयुक्त देखिएन ।

३६. **कार्यक्रम प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्था तालुक निकायले मातहतका कार्यालयको कार्यहरू प्रभावकारी रुपमा परिचालन गरे नगरेको सुपरिवेक्षण र अनुगमन गर्नुपर्ने व्यवस्था छ । धनकुटाले जनता आवास कार्यक्रमअन्तर्गत २०७५।७६ मा धनुकटा, संखुवासभा, भोजपुर, तेह्थुम जिल्लामा ५८० लाभग्राही छनोट गरी आवास निर्माण कार्यको थालनी गरेकोमा यो वर्षको अन्तसम्म ९० लाभग्राहीहरूको मात्र

भवन निर्माण पूरा गरेको र बाँकी ४९० लाभग्राहीलाई आवास उपलब्ध हुन सकेको देखिएन । त्यसैगरी ताप्लेजुङ, पाँचथर, इलाम र झापामा सम्झौता गरेकोमध्ये १२२ वटा आवास पूरा गरेको छैनन् । तालुक निकायबाट अनुगमन गरी लक्षित उद्देश्यअनुसार कार्य सम्पन्न गराउन ध्यान दिनुपर्दछ।

३७. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । इलामले विभिन्न कार्यालयका भवन, प्रहरी चौकी तथा सडक निर्माणसम्बन्धी ९ योजनाहरूको कामको नापजाँच गरी भुक्तानी गर्दा स्ट्रक्चरको उचाइ बढी देखाएको, दोहोरो नापी गरेको, नगरेको कामको भुक्तानी गरेको, नापीमा घटाउनुपर्ने परिमाण नघटाइ रु.१७ लाख ९१ हजार बढी भुक्तानी गरेको छ । प्राविधिक नापजाँच फरक गरी भुक्तानी गर्नेलाई जिम्मेवार बनाइ उक्त रकम असुल हुनुपर्दछ ।

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू

३८. **जिन्सी व्यवस्थापन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ मा प्रदेशस्थित कार्यालयले आफ्नो कार्यालयमा रहेको जिन्सी मालसामानको लगत अद्यावधिक गरी राख्नुपर्ने तथा कार्यालय विघटन भई वा हस्तान्तरण वा एक आपसमा गाभिएमा साविक कार्यालयको जिन्सी तथा अन्य भौतिक सम्पत्तिसमेतको एकीकृत जिन्सी अभिलेख तयार गरी वार्षिक निरीक्षण गराइ सोको प्रतिवेदन एक प्रति प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने व्यवस्था छ। झापाको कार्यक्षेत्र परिवर्तन भई मोरङ जिल्ला डिभिजन कार्यालय, सुनसरीमा र इलाम जिल्लाको कार्यक्षेत्र झापामा समायोजन गरेकोमा साविक मोरङ जिल्ला अन्तर्गतका साइट अफिस तथा योजनाहरूमा रहेका र इलाम जिल्लाबाट हस्तान्तरण भएका वा साविक इलाम जिल्लास्थित कार्यालयमा रहेको जिन्सी मालसामान तथा अन्य सम्पत्तिहरूको अभिलेख तयार गरी एकीकृत जिन्सीको अभिलेख खडा गरेको छैन । लेखापरीक्षणमा प्राप्त विवरणअनुसार मोरङ जिल्लामा रहेका विभिन्न खानेपानी योजनाहरूको डी.पी.आर. लगायतका डकुमेन्ट र खरिद गरिएका पाइप तथा फिटिङ्स लगायतका मालसामान २०७७।९।१९ मा डिभिजन सुनसरीलाई बुझाएको छ । तर इलामले झापामा हस्तान्तरण गरेका सबै जिन्सी मालसामानहरू अद्यावधिक गरी प्रतिवेदन तयार नगरेकोले जिन्सीको अवस्था यकिन गर्न सकिएन ।

त्यसैगरी प्रदेश सरकार गठनअघि संखुवासभा र भोजपुरमा रहेका कार्यालय प्रदेश संरचनापछि धनकुटामा समायोजन गरी संखुवासभामा साइट अफिस रहेको र भोजपुरमा रहेका पाइप तथा फिटिङस लगायतका डकुमेन्ट धनकुटामा हस्तान्तरण भई सञ्चालन भैरहेकोमा २०७७।६।३० मा संखुवासभा र भोजपुर जिल्ला कार्यक्षेत्र तोकी भोजपुरमा नयाँ कार्यालय स्थापना भएको छ । एकीकृत जिन्सी लगत तयार गरी घरजग्गा, सवारी साधन, जिन्सी तथा खानेपानी योजनाहरूका पाइप फिटिङस र अन्य मेसिनरी औजारहरू भोजपुरलाई हस्तान्तरण गरी जिन्सी अभिलेख तयार गरेको पाइएन । नियममा भएको व्यवस्थाअनुसार अभिलेख तयार गरी सोको वार्षिक जिन्सी परीक्षणसमेत लेखापरीक्षणमा पेस गर्नुपर्दछ । नियममा भएको व्यवस्था पालना गरी कार्यालयको मातहत रहेका सबै सम्पत्तिहरू र जिन्सीको अभिलेख अद्यावधिक गराइ राख्नुपर्दछ ।

३९. **पाईप तथा फिटिङ्गस जडान** - कार्यालयको मुल जिन्सी खाताबाट खानेपानी आयोजनामा जडानको लागि खर्च लेखिएको पाईप तथा फिटिङ्गस सम्बन्धित आयोजनामा जडान गरी सोको अभिलेख नापी किताबमा प्रविष्टि गर्नुपर्दछ । मुल जिन्सी खाताबाट खानेपानी आयोजनामा जडान गर्ने प्रयोजनका लागि विभिन्न साइजको पाइप खर्च जनाएकोमा धनकुटा, ओखलढुंगा, झापा, पाँचथर, भोजपुर र सुनसरीले रु.४ करोड ७२ लाख ४६ हजार मूल्यका पाइप फिटिङ्गसहरू सम्बन्धित आयोजनामा जडान गर्न बाँकी रहेको देखियो । उक्त पाईप तथा फिटिङ्गसहरू सम्बन्धित आयोजनामा जडान गर्नुपर्दछ ।

४०. **परामर्श खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था गरेको छ । आफ्नो जनशक्तिबाट हुनसक्ने योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्ने कार्यमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, ओखलढुंगा र भोजपुरले २८ योजनाहरूको सर्वेक्षण कार्य परामर्शदाताबाट गराइ रु.८३ लाख ८४ हजार भुक्तानी गरेको छ । सबै परामर्श सेवा कार्य कार्यालय बाहिरबाट गराउने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

४१. **पेस्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ५ मा सार्वजनिक निकायले निर्माण व्यवसायीलाई दिएको पेस्की खरिद सम्झौतामा उल्लेख भएबमोजिम प्रत्येक रनिङ बिल वा बिल बिजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । सुनसरीले २ योजनाको रनिङ बिल भुक्तानी दिदा रु ७ लाख ३९ हजार पेस्की रकम कट्टा नगरी पूरै रकम भुक्तानी दिएको र सम्झौताको म्याद समेत समाप्त भइ सकेकोले सम्बन्धितलाई जिम्मेवार बनाइ पेस्की असुल गर्नुपर्दछ ।

४२. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । धनकुटा र सुनसरीले प्रतिस्पर्धा सीमित हुने गरी रु.६३ लाख ८६ हजारको विभिन्न सामग्री सोझै खरिद गरेका छन् ।

## प्रादेशिक विशेष सडक निर्माण आयोजना

४३. **घटी पेस्की कट्टा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५ ) मा सार्वजनिक निकायले निर्माण व्यवसायीलाई दिएको पेस्की खरिद सम्झौतामा उल्लेख भएबमोजिम रनिङ बिलबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । आयोजनाले एक संयुक्त उपक्रमको निर्माण व्यवसायीसँग ३० प्रतिशत कार्यको बिल प्राप्त भएपछि प्रत्येक बिलबाट ४० प्रतिशतका दरले मोबिलाईजेशन पेस्की कट्टा गर्ने गरी सम्झौता भएकोमा सम्झौताको पालना नगरी हालसम्मको रनिङ बिल भुक्तानीमा कटाउनु पर्ने मोबिलाइजेसन पेस्की रु.८७ लाख ४६ हजार कटाएको देखिएन । सम्झौताको पालना नगरी निर्माण व्यवसायीलाई सहुलियत पुग्ने गरी घटी पेस्की कट्टा गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

- **बेरुजु स्थिति** - मन्त्रालय र मातहत समेत ४४ निकायमा यो वर्ष रु.१ अर्ब ११ करोड ४८ लाख ८१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ करोड १८ लाख ६२ हजार फर्स्यौट गरेकोले रु.१ अर्ब ५ करोड ३० लाख १९ हजार बाँकी रहेको छ । सोमध्ये रु.१२ करोड २४ लाख ७२ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-९** मा रहेको छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य क्षेत्र रहेका छन् ।

यो वर्ष मन्त्रालय  र मातहतसमेत कार्यालयको विनियोजन रु.३ अर्ब १६ करोड ६१ लाख ३९ हजार, राजस्व रु.१ करोड २८ लाख ४४ हजार, धरौटी रु.४ करोड ५२ लाख ८ हजार र अन्य कारोबार रु.५४ करोड ३२ लाख २० हजार समेत कुल रु.३ अर्ब ७६ करोड ७४ लाख ११ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू निम्नअनुसार छन्:

१. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्षभित्र लागू गर्न लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन। आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्दछ।

२. **बजेट वक्तव्यको कार्यान्वयन -** मन्त्रालयले २०७७।७८ को बजेट वक्तव्यमा उल्लेख भएको कार्यक्रमहरूको कार्य योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । यो वर्ष मन्त्रालयले बजेट वक्तव्यमा कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रलाई सरुवा रोग अस्पताल तथा अनुसन्धान केन्द्रको रुपमा सञ्चालन गर्ने गरी प्रबन्ध मिलाउने, प्रदेश नेचुरोप्याथी अस्पताल सञ्चालन गर्ने, आधारभूत र मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न मदन भण्डारी स्मृति प्रतिष्ठानमा प्रौद्योगिक महाविद्यालय स्थापना गरी सञ्चालनमा ल्याउने, भाषा साहित्य कला सम्पदा र संस्कृतिको विकासका लागि प्रादेशिक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेलगायतका कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख गरेकोमा सो सम्बन्धी कार्यक्रम सञ्चालन भएको देखिएन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरूको सम्बन्धमा कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३. **वार्षिक कार्यक्रम कार्यान्वयन** – प्रदेश योजना आयोगले स्वीकृत गरेको वार्षिक विकास कार्यक्रम अन्तर्गत यो वर्ष प्रदेश मातहतका सबै अस्पतालहरू र आयुर्वेद स्वास्थ्य संस्थासहितको एकीकृत गुरुयोजना निर्माण गर्ने, सरुवा रोग अस्पताल स्थापनाको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, मोरङको लेटाङमा अन्तर-धार्मिक साँस्कृतिकधाम निर्माण कार्य सुरु गर्ने, पथरी शनिश्चरे साँस्कृतिक ग्राम, औद्योगिक राजनीतिक संग्रहालय र एकीकृत दलित संग्रहालयको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, समृद्ध प्रदेशका लागि आत्मनिर्भर छोरी कार्यक्रम सञ्चालन गर्ने, मोरङमा आयुर्वेद औषधि उत्पादन तथा अन्वेषण केन्द्र स्थापना गर्ने, इलाम तथा सोलुखुम्बुमा जडीबुटी संकलन तथा प्रशोधन

केन्द्र स्थापना कार्य प्रारम्भ गर्ने, प्रदेश आवासीय विद्यालयको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, नयाँ ११२ वटा विद्यालयमा स्मार्ट कक्षा व्यवस्थापन गर्ने, एम्बुलेन्स म्यापिङ प्रणालीको विकास गर्ने जस्ता कार्यक्रम कार्यान्वयन भएको देखिएन । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **जेष्ठ नागरिक ग्राम अतिक्रमण -** प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँगको सहकार्यमा मोरङ जिल्लामा अत्याधुनिक जेष्ठ नागरिक ग्राम सञ्चालन व्यवस्थाअन्तर्गत ग्रामथान गाउँपालिकामा १० विगाहा १४ कट्ठा २ धुर जग्गा गुठी संस्थानबाट विगत वर्षमा रु.२ करोड ६७ लाख ६५ हजारमा खरिद र रु.१७ लाख १६ हजार खर्च गरी जग्गाको सीमाङ्कन भई यो वर्ष भवन निर्माण कार्यको लागि रु.५ लाखमा विस्तृत परियोजना प्रतिवेदन निर्माण भएकोमा आर्थिक वर्ष २०७८/७९ मा जेष्ठ नागरिक ग्राम निर्माण कार्यका लागि कार्यक्रम तथा बजेट व्यवस्थापन गरेको देखिदैन। जेष्ठ नागरिक ग्राम निर्माणस्थलको २०७९/१/२३ मा स्थलगत निरीक्षण गर्दा गत विगतमा सीमाङ्कन भएको संरचना नदेखिएको तथा विगत वर्षदेखि २०/२५ परिवारहरूले उक्त जग्गामा घर निर्माण गरी भोग चलन गरेको देखिन्छ । अनधिकृत रुपमा बसोबास गर्ने परिवारलाई सो स्थानबाट हटाई स्वामित्व अनुसारको जग्गाको उपयोग गर्नुपर्दछ ।

५. **कोभिड खर्च -** मन्त्रालयलाई यस वर्ष कोभिड-१९ संक्रमण तथा अन्य महामारी व्यवस्थापन कार्यक्रम **(संघ),**कोभिड-१९ संक्रमण तथा अन्य महामारी व्यवस्थापन कार्यक्रम (प्रदेश), र कोभिड जनसुरक्षा कोषमा जम्मा भएको रकमसमेत गरी कूल रु.५४ करोड ४० लाख ७९ हजार कोभिड १९ व्यवस्थापनको लागि प्राप्त भएकोमा कोशी कोभिड १९ उपचार केन्द्रमा औषधि तथा औषधिजन्य सामग्री व्यवस्थापन, आकस्मिक व्यवस्थापन, जोखिम भत्ता, संक्रमण व्यवस्थापन तथा खानाखाजा व्यवस्थापन लगायतमा रु.१० करोड ४३ लाख ५९ हजार, विभिन्न ९८ वटा निकाय तथा संघ संस्थाहरूलाई जनशक्ति व्यवस्थापन र कोभिड व्यवस्थापनको लागि निकासा रु.४३ करोड ६४ लाख ६९ हजारसमेत रु.५४ करोड ८ लाख २८ हजार खर्च गरी रु.३२ लाख ५१ हजार कोरोना जनसुरक्षा कोषमा मौज्दात रहेको छ । मन्त्रालयबाट निकासा दिएको रकमको अनुगमन गरेको पाईएन । उद्देश्य अनुरुप खर्च भए नभएको सम्बन्धमा अनुगमन तथा मूल्यांकन हुनुपर्दछ ।

६. **कर्मचारी व्यवस्थापन -** निजामती सेवा नियमावली, २०५० को नियम ४ (३)अनुसार आयोजना वा कार्यक्रमको लागि स्वीकृत अस्थायी दरबन्दीमा निजामती सेवाका स्थायी कर्मचारीलाई काजमा खटाई कामकाज गराउनुपर्ने र स्थायी दरबन्दीबाट पदपूर्ति हुन नसकेमा सेवा करारबाट कामकाज गराउनुपर्ने व्यवस्था छ । कोशी कोभिड-१९ उपचार केन्द्र विराटनगरमा कोभिड व्यवस्थापनको लागि ८० जना कर्मचारीको व्यवस्थापन गरेकोमा ३ प्रशासनिक कर्मचारी मन्त्रालयबाट काजमा खटाईएको, २ कन्सल्टेन्ट चिकित्सक कोशी अस्पतालबाट काजमा खटाईएको, १४ करार मेडिकल अफिसर, २५ स्टाफ नर्स, १ ल्याब टेक्नोलोजिस्ट, २ ल्याब टेक्निसियन, २ रेडियोग्राफर, १ हेवी सवारी चलाक र ३० कार्यालय सहयोगी कार्यरत रहेका छन् । दरबन्दी स्वीकृत गरी कर्मचारी व्यवस्था गर्नुपर्दछ ।

७. **जोखिम भत्ता -** नेपाल सरकारबाट जारी कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को आधारमा जोखिम भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले २०७७/७८ मा कोशी कोभिड-१९ उपचार केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी, सरसफाइकर्मी र कर्मचारीलाई २०७७ श्रावणदेखि मंसिरसम्म र २०७८ वैशाखदेखि

आषाढसम्म रु.१ करोड २६ लाख १० हजार जोखिम भत्ताबापत भुक्तानी गरेको छ । काजमा खटिएका कर्मचारीहरूलाईसमेत जोखिम भत्ता भुक्तानी गरेको देखिएकोले सम्बन्धित कार्यालयबाट जोखिम भत्ता दोहोरो भुक्तानी भए नभएको सम्बन्धमा यकिन हुनुपर्दछ ।

८. **मेडिकल सामग्री तथा उपकरण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९५ (१)मा व्यवस्था भएबमोजिम जिन्सी मालसामानको विवरण र मूल्य समेत खोली जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी सरकारी तथा जिन्सी सामानको लगत तयार गर्नुपर्ने उल्लेख छ । आर्थिक वर्ष २०७७/७८ मा कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रलाई विभिन्न निकाय र संघ संस्थाबाट वायो एनालाइजर मेसिन १ थान, .आई.पी.ए.पी. मेसिन ११ थान, सी.पी.ए.पी. २६ थान, ब्लड ग्यास एनालाइजर मेसिन १ थान, सी.आर. सिष्टम मेसिन १ थान, हाई फ्लो अक्सिजन मेसिन २३ थान, आई.सी.यू.बेड ८१ थान, अक्सिजन सिलिन्डर २०० थान, अक्सिजन कन्सन्ट्रेटर मेसिन १८ थान, भेन्टिलेटर मेसिन ३७ थानसमेत गरी कुल ४४ प्रकारका १ हजार १८१ थान मेडिकल सामग्री तथा उपकरणहरू प्राप्त भएको छ । उक्त सामानहरूको मूल्य खोली जिन्सी खाता अद्यावधिक गरेको देखिएन । मौज्दातमा रहेको सामान तथा उपकरणहरूको समेत मूल्य खोली जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

९. **धरौटी -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ६३ (घ)अनुसार कुनै काम गर्नु अगावै धरौटी राखुपर्ने शर्त भएमा त्यस्तो शर्त पूरा गर्न धरौटी राख्न सकिने व्यवस्था छ । मन्त्रालयले ३ उद्योगबाट रु.९७ लाख १४ हजारको अक्सिजन खरिद गर्दा रु.२२ लाख ५० हजार धरौटी राखेको छ । धरौटीको प्रयोजन समाप्त भए पश्चात उक्त रकम फिर्ता लिई फरफारक हुनुपर्दछ ।

१०. **क्वारेन्टिन खाना, खाजा** - कोभिड-१९ महामारी नियन्त्रण तथा रोकथामका लागि स्वीकृत मापदण्डमा क्वारेन्टिन तथा आइसोलेसनमा रहने संक्रमितको लागि खाना खाजाको व्यवस्था गर्दा सम्बन्धित जिल्लाको नेपाल प्रहरीको राशन दरको आधारबाट गर्न सकिने व्यवस्था छ । यो वर्ष मन्त्रालयले क्वारेन्टिन र आइसोलेसनमा रहने व्यक्तिहरूको खाना खाजाको लागि ५ होटलसँग दररेट माग गरी सम्झौता भई स्वास्थ्यकर्मी, कर्मचारी र कोभिड बिरामीहरूलाई बास तथा खाना खाजामा रु.२ करोड १० लाख ९९ हजार भुक्तानी गरेको छ । क्वारेन्टिन तथा आइसोलेसन सेन्टरका लागि लागत अनुमान तयार नगरी होटेलले दिएकै दररेटलाई आधार मानी सम्झौता गरेकोले खाना खाजा खर्च मितव्ययी छ भन्न सक्ने आधार भएन ।

११. **परीक्षण तथा खोप अभियान -** कोभिड व्यवस्थापन तथा नियन्त्रणका लागि मन्त्रालय मातहतका निकायहरूबाट कोभिड परीक्षण तथा कोभिड विरुद्धको खोप अभियान सञ्चालन गरेकोमा मन्त्रालयले उपलब्ध गराएको २०७९।२।१७ गते सम्मको तथ्यांकअनुसार प्रदेश नं १ को जनसंख्या करिब ४५ लाख ३५ हजारमध्ये ३१ लाख ८७ हजार अर्थात करिब ७० प्रतिशत जनसंख्यालाई पूर्ण डोज कोभिड खोप लगाएको र ३० प्रतिशत जनसंख्यालाई पूर्ण डोज खोप लगाउन बाँकी रहेको देखिन्छ । त्यसैगरि १२ देखि १७ वर्ष उमेर समूहका ९८ प्रतिशत बालबालिकालाई पहिलो डोज कोभिड खोप र करिब ८१ प्रतिशत पूर्ण डोज खोप लगाइएको तथा करिब १६ प्रतिशत जनसंख्यामा मात्र कोभिड १९ परीक्षण गरेको छ । सबै जनसंख्यालाई पूर्ण डोज खोप लगाउनुपर्दछ ।

१२. **जग्गा भाडा -** मुलुकी देवानी संहिता, २०७४ दफा १०७(१) मा कसैले पनि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गामा निजी वा सार्वजनिक प्रयोजनको लागि नेपाल सरकारको सहमतिबेगर कुनै संरचना बनाउनु नहुने उल्लेख छ । कोभिड-१९ उपचार केन्द्रको भवन तथा जग्गा तत्कालीन नेशनल ट्रेडिङको स्वामित्वमा रहेकोमा नेशनल ट्रेडिङ तथा मन्त्रालयबीच जग्गा तथा भवनको उपभोग सम्बन्धी कुनै सम्झौता गरेको देखिदैन । उक्त केन्द्रमा मन्त्रालयलगायत अन्य निकाय एवं संघ संस्थाबाट समेत भौतिक संरचना, उपकरण तथा औषधिजन्य सामग्रीहरू सहयोग प्राप्त रहेकोमा उक्त उपचार केन्द्रको सञ्चालन सम्बन्धी कानुन निर्माण गरेको देखिएन । जग्गाको स्वामित्व यकिन गरेर मात्र थप लगानी र संरचना निर्माण गराइ केन्द्र सञ्चालनमा ल्याउनुपर्दछ ।

१३. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांकित तृतीय र राजपत्रांकित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । मन्त्रालय र मातहतका कार्यालयमा ग्रेड नपाउने तहमा समायोजन भएका २० कर्मचारीहरूलाई नपाउने ग्रेड थप गरी रु.१५ लाख ४८ हजार खर्च लेखेको छ । ऐन विपरीत भुक्तानी भएको ग्रेड रकम असुल गर्नुपर्दछ ।

## स्वास्थ्य निर्देशनालय

१४. **हाइ डिपेन्डेन्सी युनिट सञ्चालन -** कोभिड-१९ को संक्रमण उपचारको लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णयअनुसार १५ दिनभित्र हाइ डिपेन्डेन्सी युनिट (एच.डि.यु.) सञ्चालन गर्न स्वास्थ्य तथा जनस्वास्थ्य मन्त्रालयबाट प्रदेश नं.१ को लागि ७५ बेडको ३ युनिट सञ्चालन स्वीकृति भएको आधारमा रु.९ करोड ३८ लाख १० हजारको प्रति इकाई लागत अनुमान स्वीकृति गरी रु.८ करोड २९ लाख १९ हजारमा खरिद सम्बन्धी कार्य स्वास्थ्य निर्देशनालय, धनकुटाबाट गरी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगरलाई हस्तान्तरण गरेको छ । निर्देशनालयबाट खरिद गरी आपूर्ति केन्द्रलाई हस्तान्तरण गरिएका स्वास्थ्य उपकरणहरूको सञ्चालन र सामान दाखिलाको प्रतिवेदन तयार नगरेकोले उद्देश्यअनुसार तोकिएका स्थानमा एच.डि.यु. सेवा सञ्चालन सुनिश्चित भएको पाइएन ।

## प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, विराटनगर

१५. **औषधिको उपयोग अवधि -** प्रदेश सरकार मातहत रहेको प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा रहेका औषधिहरूको स्टोर निरीक्षण क्रममा उक्त आपूर्ति केन्द्रमा स्वास्थ्य सेवा विभाग (केन्द्रीय स्टोर) बाट २०७८।८।१३ मा प्राप्त रु.३८ लाख ८४ हजार मूल्यको Etesevimab 35 Mg/mb Injection ११ हजार ८५० भायल इन्जेक्सनमध्ये रु.३० लाख ९१ हजार मूल्यको ९ हजार ५० भायल इन्जेक्सनको उपयोग अवधि २०७८।१०।२४ मा समाप्त भइसकेको अवस्थामा २०७९ वैशाख मसान्तसम्म मौज्दात रहेको छ । उपयोग अवधि समाप्त भएको औषधि पठाउने निकायका कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

१६. **औषधि खरिदमा कन्टिन्जेन्सी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (झ) मा सरकारी रकम खर्च गर्दा स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । प्रदेश आपूर्ति केन्द्रलाई प्राप्त औषधि तथा औषधिजन्य सामग्री खरिद सम्बन्धी कार्यक्रमको रकमबाट खर्च गर्दा लागत अनुमानको ३ प्रतिशत कन्टिन्जेन्सीबापत कट्टा गरी बाँकी रकम मात्रको खरिद गर्ने गरेको छ । औषधि तथा औषधिजन्य सामग्री खरिदको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी रकम समावेश गर्न नमिल्नेमा समावेश गरी कन्टिन्जेन्सीबापत रु.२२ लाख १८ हजार प्रशासनिक कार्यमा खर्च गरेको छ । औषधि तथा औषधिजन्य सामग्री खरिदमा कन्टिन्जेन्सी रकम छुट्याउन मिल्ने देखिएन । औषधि एवं मेडिकल सामग्री खरिदमा कन्टिन्जेन्सी राख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

## स्वास्थ्य कार्यालयहरू

१७. **योजना स्थल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई योजना सञ्चालन गर्न नहुने व्यवस्था छ । झापाले एक स्पोर्ट्स एकेडेमीको खेलमैदान निर्माण कार्यको लागि रु.२७ लाख ९६ हजारको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग महेन्द्र माध्यमिक विद्यालय वितामोडको नाममा रहेको जग्गामा खेलमैदान निर्माण कार्य गराइ खर्च गरेको छ । विद्यालयले एकेडेमीको नाममा जग्गा हस्तान्तरण नगरेको अवस्थामा एकेडेमीको नामबाट रकम निकासा दिई विद्यालयको सहमतिबेगर नै संरचना निर्माण गरी खर्च गरेको छ । योजना सञ्चालन गर्नुअघि कार्यस्थल निश्चित गरेर मात्र खर्च गर्नुपर्दछ ।

१८. **कोभिड खर्च -** कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि मन्त्रालयबाट प्राप्त रु.५५ लाख तथा गत वर्षको जिम्मेवारी रु.१२ हजारसमेत रु ५५ लाख १२ हजारबाट मोरङले आइशोलेसन केन्द्रमा औषधि, उपचार सामग्री, खाना खाजा र अन्य खर्चमा रु.३५ लाख ९९ हजार, एम्बुलेन्स शववाहन खर्च रु.१३ लाख ३४ हजार र जोखिम भत्ता रु.५ लाख खर्च गरी मौज्दात रु.७९ हजार रहेको देखिन्छ। उद्देश्य अनुरुप खर्च भए नभएको सम्बन्धमा अनुगमन तथा मूल्यांकन हुनुपर्दछ ।

१९. **अनुदान** - मोरङले मन्त्रालयद्वारा स्वीकृत महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन, २०७७ बमोजिम चार संघ संस्थालाई व्यवस्थापन, सामग्री खरिद, सञ्चालन खर्च, प्रदेशस्तरीय प्रदर्शनी कामको लागि रु.४५ लाख अनुदान रकम उपलब्ध गराएकोमा सम्झौतामा उल्लेख भएको व्यवस्थाअनुसार अनुदान दिएको रकमबाट भए गरेको कामको अनुगमन गरी प्रतिवेदन तयार भएको देखिएन । अनुदान रकमको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

## मेची अस्पताल

२०. **निजीक्षेत्रबाट सेवा सञ्चालन -** नेपाल सरकार सचिवस्तरीय २०७४।७।८ को निर्णयानुसार स्वास्थ्य सेवा विभागबाट अनुमति प्राप्त संस्थाले सरकारी अस्पतालमा सम्झौता गरी हेमोडायलासिस सेवा सञ्चालन गर्न सक्ने व्यवस्था छ । अस्पताल विकास समितिले २०७७।८।८ मा विभागबाट स्वीकृति नपाएको एक कम्पनीसँग २०७७।८।२१ देखि लागू हुने गरी ५ वर्षसम्म अस्पतालका ३

डायलासिस मेसिन, उपकरण तथा छुट्टै भवन निर्माण गर्न जग्गासमेत उपलब्ध गराएको छ । सम्झौताको शर्तअनुसार उक्त संस्थाले २०७७ पौष १ देखि ५ वटा मेसिन राखी छुट्टै भवन निर्माण गरी सेवा सञ्चालन गर्नुपर्नेमा २०७८ आषाढ सम्म सम्झौताबमोजिमको सेवा प्रवाह गरेको छैन । सेवा सञ्चालनसम्बन्धी शर्तमा संस्थाले हेमोडायलासिस सेवा सञ्चालनबापत प्रति सेसनको रु.२०० कट्टा गरी बाँकी रकम संस्थालाई भुक्तानी गरिने शर्तको आधार देखाई २०७७ माघ १ देखि २०७७ चैत्रसम्मको ८९८ सेसनको रु.२२ लाख ४५ हजारमध्ये रु.१६ लाख ३१ हजार भुक्तानी गरेको छ। सेवा सञ्चालन स्वीकृति नपाएको संस्थालाई सेवा सञ्चालन दिएको, सम्झौताको शर्तअनुसारको मेसिन र पूर्वाधार तयार नगरेको र विरामीहरूले पर्याप्त सेवा प्राप्त नगर्दै विपन्न नागरिक उपचारकोषमा रकम दावी गरी भुक्तानी हुने गरेको उपयुक्त देखिएन । स्वीकृत प्राप्त संस्थासँग सम्झौताअनुसार सेवा प्राप्त गरी भुक्तानी गर्नुपर्दछ ।

२१. **प्रयोगशाला शुल्क -** अस्पतालले प्रयोगशालाबाट प्राप्त हुनुपर्ने आम्दानी असुल गर्नुपर्दछ । कोभिड-१९ को प्रारम्भ भएसँगै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०७७।३।१० को प्रयोगशाला सञ्चालनसम्बन्धी निर्णयमा मेची अस्पतालमा कोभिड-१९ परीक्षण प्रयोगशाला अनुमति दिएको छ। अस्पतालको प्रयोगशालाबाट परीक्षण भै रहेकोमा कोभिड-१९को दोश्रो लहर प्रारम्भपछि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको २०७७।५।१९ पी.सी.आर. परीक्षण अनुमतिसम्बन्धी पत्राचारमा मेची अञ्चल अन्तर्गतको सेवा कन्काई पी.सी.आर प्रयोगशाला कोटीहोममा अस्पतालको जनशक्तिबाट सेवा उपलब्ध हुने गरी तोकिएको छ । कन्काई नगरपालिकाको समन्वयमा सञ्चालित प्रयोगशालालाई आवश्यक २ महिनासम्मको लागि रि-एजेन्ट र सुरक्षा सामग्रीसमेत मेची अस्पतालबाट नै उपलब्ध गराए तापनि सो प्रयोगशालाबाट भएको आम्दानी अस्पतालले प्राप्त गरेको छैन । परीक्षणको क्रममा कोटिहोम पी.सी.आर. प्रयोगशालाबाट २०७७ भाद्रदेखि २०७८ आषाढ मसान्तसम्म २५ हजार ९७६ नमूना परीक्षण गरिएको जानकारी दिएको छ । प्रति नमूना रु.१ हजारको दरले शुल्क लिने व्यवस्थाको आधारमा रु.२ करोड ५९ लाख ७६ हजार आम्दानी हुने अवस्था रहेको भएतापनि अस्पताललाई कुनै रकम प्राप्त भएको देखिएन । प्रयोगशालाको आम्दानी खर्च सम्बन्धमा छानबिन गरी अस्पतालले पाउने रकम असुल गर्नुपर्दछ ।

२२. **औषधिको प्रयोग -** औषधिजन्य सामग्री खरिद तथा प्रयोग सम्बन्धमा स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य सेवा विभागबाट स्वीकृत मापदण्ड निर्देशिका, स्पेसिफिकेशन, कार्यविधिसमेतको आधारमा खरिद र प्रयोग गर्नुपर्ने व्यवस्था छ । अस्पताललाई प्रदेश आपूर्ति केन्द्रबाट २०७८।३।२१ मा पठाएको इन्जेक्सन एन/एस ५०० एम.एल. ८ हजार वोतलमध्ये २०७८।३।३० सम्म २०० वोतल खपत गरिसकेको अवस्थामा बाँकी ७ हजार ८०० वोटल प्रयोग नगर्न सोही केन्द्रले पत्राचार गरेको पाइयो। औषधि प्रयोग गर्नुपूर्व तोकिएको गुणस्तर सुनिश्चित गरेर मात्र आपूर्तकबाट औषधि लिइ मातहत निकायमा पठाउने र गुणस्तरहीन औषधि आपूर्तकलाई सम्झौताको शर्त बमोजिम कारबाही हुनुपर्दछ ।

२३. **कार्यसम्पादन जमानत र वारेन्टी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१क) मा ५० लाखसम्मको स्वास्थ्यसम्बन्धी उपकरण शिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सकिने र शिलबन्दी दरभाउपत्रबाट खरिद गर्दा कार्य सम्पादन जमानत आवश्यक पर्ने भए दरभाउपत्रको

फारममा खुलाउनु पर्ने, नियम ८४(१क)(२) मा मालसामानको वारेन्टी सम्बन्धी दायित्वसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । अस्पतालले कोभिड-१९ को कारण तत्काल उपचारको लागि अक्सिजन प्लान्ट, आई.सि.यु. बेड, इसिजि मेसिन, पेसेन्ट मनिटर, साइरिङ पम्पलगायतका स्वास्थ्य उपकरणहरू सार्वजनिक खरिद ऐन तथा नियमावलीको विशेष परिस्थितिको खरिद व्यवस्था अन्तर्गत लिखित प्रस्ताव माग गरी घटीवालाको प्रस्ताव स्वीकृत गरी रु.१ करोड २३ लाख १८ हजारको खरिद गरेकोमा कार्य सम्पादन जमानत लिएको पाइएन । सामान आपूर्ति गर्ने आपूर्तक आधिकारिक विक्रेता रहेको प्रमाण संलग्न नगरी खरिद गरिएका उपकरणहरूको वारेन्टी समेत देखिएन । वारेन्टी नरहेको उपकरण खरिद गरी प्रयोग गर्दा सन्तोषजक कार्यसम्पादन नगरेकोमा बिक्रेतालाई जिम्मेवार बनाउन सक्ने अवस्था कमजोर देखिन्छ । वारेण्टी बिनाको सामान खरिद गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

२४. **कानुनको पालना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा खरिद प्रक्रियामा भाग लिई छनोट भएको प्रस्तावदाता सम्झौता गर्न नआएमा कालोसूचीमा राख्नुपर्ने व्यवस्था छ । अस्पतालले अक्सिजन प्लान्ट खरिद कार्यको लागि विडवण्डसमेत नलिई लिखित प्रस्ताव माग गरेकोमा रु.१ करोड २५ लाखमा आपूर्ति गर्न प्रस्ताव गरेको प्रस्तावदातालाई छनोट गरी सम्झौता गर्न नआएकोमा ऐनको व्यवस्थाबमोजिम कारबाही गरेको पाइएन । सोही आपूर्तिकर्तालाई अस्पतालले अन्य खरिद प्याकेजमा सहभागी गराएको छ । कालोसूचीमा राख्नुपर्ने आपूर्तिकर्तालाई कारबाही नगरी खरिद कार्यमा सहभागिता गराउनु उचित देखिएन ।

२५. **बढी दरको प्रस्ताव स्वीकृत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ मा बोलपत्र मूल्याङ्कन सम्बन्धी व्यवस्था छ । अस्पतालले अक्सिजन प्लान्ट खरिदको लागि बोलपत्र आह्वान गरी ६ वटै बोलपत्रदाता कानुनीरुपमा ग्राह्यता भएका र प्राविधिक मूल्याङ्कन गर्दा सबैभन्दा घटी कवुल गर्ने बोलपत्रदाताले पेश गरेको मेसिनमा प्रोडक्ट टैंक र एयरवफर टैंक प्राविधिक प्रतिवेदनमा नदेखिएको उल्लेख गरी तेस्रो घटीवालाको बोलपत्र स्वीकृत गरेको छ । विद्युतीय माध्यमबाट बोलपत्र आह्वान भएको खरिद कार्यमा बोलपत्रदाताहरूले क्याटलग पेश गरे नगरको सम्बन्धमा मूल्याङ्कन समितिले खुलाएको पाइएन । मूल्याङ्कन समितिले घटीवालाको अक्सिजन प्लान्टमा टैंकहरू नदेखिएको उल्लेख गरी बढी दरको बोलपत्र स्वीकृत गर्दा रु.९ लाख २१ हजार व्ययभार बढ्न गएको छ । क्याटलग समेत नलिई खरिद गर्न निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालय र मातहतसमेत ३४ निकायमा यो वर्ष रु.१० करोड १६ लाख ७० हजार बेरुजु बाँकी रहेको छ । सोमध्ये रु.२० लाख ८६ हजार पेस्की बाँकी रहेको छ । यसैगरी अन्य संस्था तथा समितितर्फ ५ निकायमा यो वर्ष रु.५ करोड ६२ लाख ३७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड ६७ लाख ५७ हजार फर्स्यौट भएको छ । सोमध्ये रु.५९ लाख ४ हजार पेस्की रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९ र १०** मा समावेश छ ।

# प्रदेश लोकसेवा आयोग

नेपालको संविधानको धारा २४४ बमोजिम २०७६ माघ ९ गते प्रदेश लोक सेवा आयोगको स्थापना भएको छ । प्रदेश लोकसेवा आयोग ऐन, २०७६अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाको पदपूर्तिको लागि उम्मेदवारको छनोटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोकसेवा आयोगले संघीय कानुनबमोजिम अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्डको प्रतिकूल नहुने गरी प्रदेश लोकसेवा आयोगले काम गर्नुपर्ने व्यवस्था छ।

यो वर्ष विनियोजन रु.३ करोड १४ लाख ८६ हजार, राजस्व रु.४५ लाख ३९ हजार, धरौटी रु.४ लाख २५ हजार र कार्य सञ्चालन कोष रु.१ लाखसमेत रु.३ करोड ६५ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **सेवा प्रवाह** - आयोगको वार्षिक प्रतिवेदन, २०७८ बमोजिम यो वर्ष आयोगको ४४ पटक बैठक बसी कर्मचारी सेवा सर्तसम्बन्धी परामर्श ३, कानुन नीति नियमसम्बन्धी २, पाठ्यक्रम निर्माणसम्बन्धी ४५, विविध परामर्श ८ र विविध निर्णयहरू ३३ समेत कुल ९१ निर्णयहरू भएको छ। त्यसैगरी आयोगबाट यो वर्ष स्थानीय सरकारी सेवाको सहायकस्तर चौथो तह (असिस्टेन्ट सब-इन्जिनियर) र सहायकस्तर पाँचौ (सब-इन्जिनियर) को १३२ पदको विज्ञापन गरेको, स्थानीय तहहरूलाई अवैधानिक तवरबाट कानुन बनाइ पदपूर्ति नगर्न ध्यानाकर्षणसहितको परिपत्र गरेको, प्रदेश सरकारका स्थायी पदमा नियुक्ति, वढुवा र सजाय गर्दा आयोगको परामर्श लिनुपर्ने परिपत्र गरेको छ ।

२. **ऐन निर्माण** - संघीय निजामती सेवा ऐन तयार नहुँदै धरान उप-महानगरपालिका, धनकुटा नगरपालिका तथा सूर्योदय नगरपालिकाले कर्मचारी सेवा सम्बन्धी ऐन बनाइ राजपत्रमा प्रकाशित गरेको छ । प्रदेश आयोगको परामर्श नलिई गरेको काम कारबाही आयोग ऐन, २०७६ को दफा ४५ र दफा ५२ बमोजिम बदर हुने र त्यसरी गरिएको नियुक्ति तथा बढुवा रद्द हुने व्यवस्था भएको हुँदा आयोगको परामर्श बिना नियुक्ति, बढुवा र विभागीय कारबाही नगर्न नगराउन जानकारी गराएको छ।

३. **दरबन्दी र पदपूर्ति** - प्रदेश नं. १ मा प्रदेश तथा स्थानीय तहका सरकारी कर्मचारीको दरबन्दी ३ हजार ८८२ रहेको छ । सो दरबन्दीमध्ये रिक्त रहेको दरबन्दीको हालसम्म अद्यवाधिक विवरण तयार भएको छैन । पदपूर्ति तथा रिक्त पदको विवरण अद्यावधिक गरी मागको आधारमा आयोगबाट छनोट गरी रिक्त दरबन्दी पूर्ति गर्नुपर्दछ ।

४. **समायोजन ग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्राङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको

पाइएन । तर आयोगले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका ६ कर्मचारीहरूलाई ग्रेड थप गरी रु.३ लाख ८४ हजार खर्च लेखेको रकम असुल गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** आयोगको लेखापरीक्षणबाट यो वर्ष रु.३ लाख ८४ हजार बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-९** मा समावेश छ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्यासम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष कार्यालयको विनियोजन रु.१ करोड ७ लाख ९१ हजार, राजस्व रु.४ हजारसमेत रु.१ करोड ७ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **वहस, पैरवी र कानुनी राय -** मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका सर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) (क) वमोजिम प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई वहस वा पैरवी गर्ने गराउने र दफा ८ (१) मा प्रदेश सरकार मातहतका कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग गर्ने व्यवस्था छ । यो वर्ष प्रदेश सरकारका विरुद्ध विभिन्न निकायलाई विपक्ष बनाइ सर्वोच्च अदालत, प्रशासकीय अदालत, उच्च अदालत विराटनगर, उच्च अदालत पाटन, उच्च अदालत इलाम (इलाम इजलास) र उच्च अदालत ओखलढुंगा (ओखलढुंगा इजलास) मा ९३ थान मुद्दा दायर भएकोमा कार्यालयको तर्फबाट वहस पैरवी भई ३५ मुद्दामा फैसलामध्ये २६ थान मुद्दामा रिट खारेज र ९ वटामा रिट जारी भएको र बाँकी ५८ थान मुद्दा जारी अवस्थामा रहेका छन् । न्यायिक सम्पादनको कार्य छिटोछरितो बनाउने कार्य अगाडि बढाउनुपर्दछ ।

२. **कार्य सम्पादनः** मुख्य न्यायाधिवक्ताको २०७७।७८ को वार्षिक प्रतिवेदन बमोजिम हालसम्म प्रदेश सरकार पक्ष भई कुनै विषयको मुद्दा दायर गर्ने निर्णय नभएको तर प्रदेश सरकार प्रत्यार्थी भई गत वर्षबाट ४८ मुद्दा जिम्मेवारी सारेको र यो वर्ष ४५ मुद्दा दर्ता भएकोमध्ये ३५ मुद्दा फर्स्यौट भएको र वर्षको अन्तमा ५८ मुद्दा बाँकी रहेको छ ।

३. **कारागारको अनुगमन -** मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबमोजिम यो वर्ष प्रदेशभित्रका १४ जिल्लामध्ये मोरङ र खोटाङ्ग जिल्लाका हिरासत कक्ष र कारागार अनुगमन गरिएकोमा अनुगमनबाट महिला तथा पुरुष कारागार कक्षको भवन सुधार, सवारी साधन र स्वास्थ्यकर्मी आपूर्ति हुनुपर्ने, फौजदारी कसुर र सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ अनुसार प्रोवेशन तथा प्यारोल बोर्डको स्थापना गर्नुपर्ने विषयमा सम्बन्धित पक्षको ध्यानाकर्षण गराएको छ । ध्यानाकर्षण गरिएका व्यहोराहरू सम्बन्धित पक्षबाट कार्यान्वयन गरे/नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

४. **बाल सुधार गृहको अवस्था -** अपराध अनुसन्धानको सिलसिलामा प्रहरी हिरासत र मुद्दा पुर्पक्ष तथा फैसलाबमोजिम कैद भुक्तानीका लागि स्थापित बालसुधार गृह, विराटनगरको यो वर्ष मुख्य न्यायाधिवक्ता कार्यालयबाट भौतिक अवस्था, बालकहरूले प्राप्त गर्ने सुविधा र समग्र व्यवस्थापनको अनुगमन निरीक्षण गरेको छ । बाल सुधार गृहको क्षमता ५० जना रहेता पनि १४१ जना बालकहरू रहेको, कोठाहरू साँघुरो रहेको, पुस्तकालय, हल, अध्ययन कक्ष नरहेको, भुई र प्यासेजमा

समेत बालकहरू बस्नुपरेको अवस्था रहेकोले सोमा यथोचित सुधार हुनुपर्ने सुझाव सुझाव दिएको छ। सुझाव कार्यान्वयनको समेत अनुगमन मूल्यांकन हुनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागू गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । कार्यालयले नियमावली लागू भएको ३ वर्ष व्यतीत भैसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

६. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समावयोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्थाअनुसार ५ वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्राङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । तर कार्यालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका १ कर्मचारीलाई ग्रेड थप गरी रु.७३ हजार भुक्तानी गरेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** कार्यालयको लेखापरीक्षणबाट यो वर्ष रु.३ लाख ८८ हजार बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-९ मा समावेश छ ।

# प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेशको नीति तथा योजना तर्जुमा, आर्थिक विकास सामाजिक विकास भौतिक पूर्वाधार, जलश्रोत तथा ऊर्जा अन्य प्राकृतिक श्रोत, मानव श्रोत, सुशासन व्यवस्थापन, मन्त्रालय तथा निकायसँग समन्वय, प्रदेश स्तरमा नयाँ विकास योजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण गरी प्रदेश सरकारलाई परामर्श दिने, लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक व्यवस्थापन प्रणाली निर्माण गर्ने, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने गराउनेसमेत कार्यहरू आयोगको कार्य क्षेत्रमा रहेको छ ।

यो वर्ष आयोगको विनियोजन रु.२ करोड २४ लाख ९५ हजार, राजस्व रु.११ हजार, अन्य कारोबार रु.२ लाखसमेत रु.२ करोड २२ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **प्रदेश विकास परिषद् -** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन तथा आवधिक विकास योजनामा मार्गदर्शन दिनको लागि प्रदेश विकास परिषद रहने व्यवस्था छ । परिषद्मा प्रदेशमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सभा समितिका सभापति, आयोगका उपाध्यक्ष तथा सदस्यहरू, प्रमुख सचिवलगायत स्थानीय तहका प्रमुखहरू प्रदेश सरकारबाट मनोनित सदस्यसमेत रहने व्यवस्था छ । परिषद् बैठकमा योजना, नीति तर्जुमा, अनुगमन, मूल्याङ्कन, कार्यक्रम कार्यान्वयन ढाँचा, आयोजना बैंक, योजना सञ्चालन र व्यवस्थापन, उपलब्धि र प्रतिफल आदि सम्बन्धमा छलफल भएपछि परिषद्को निर्देशनअनुसार प्रदेश सरकारको योजना तथा नीति कार्यान्वयनमा सुझाव परामर्श दिने व्यवस्था रहेको भएतापनि २०७७।७८ मा प्रदेश परिषद् बैठक सञ्चालन भएको देखिएन । आयोगको कार्य प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ९४ मा प्रदेश तहका निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकरी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक वर्षभित्र लागू गर्ने लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने व्यवस्था छ । आयोगले नियमावली लागू भएको ३ वर्ष व्यतीत भैसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

३. **आवधिक योजनाको समीक्षा -** प्रथम आवधिक (२०७६।७७ - २०८०।८१) योजना तर्जुमा गरी लागू भएको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्ष हाँसिल गर्नुपर्ने सूचकहरूसमेत उल्लेख गरेको छ । सो बमोजिम २०७७।७८ सम्ममा वहु-आयामिक गरिबी सूचकाङ्क १७.४ प्रतिशतमा झार्ने, आर्थिक बृद्धिदर ९.५ प्रतिशत पुऱ्याउने, मानव विकास सूचाकाङ्क ०.५४२ पुऱ्याउने, कुल साक्षरता दर ८८ प्रतिशत, मुद्रास्फिति ५.७, प्रतिव्यक्ति आय अमेरिकी डलर १ हजार २०८ पुऱ्याउने लगायतको लक्ष्य राखेकोमा सोको प्रगति समीक्षा गरेको छैन । प्रथम

आवधिक योजनाले परिकल्पना गरेका सोच, लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न सूचकअनुसार नतिजाको समीक्षा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांकित तृतीय र राजपत्रांकित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई समेत ग्रेड थप गरी रु.२ लाख ३२ हजार खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** आयोगको लेखापरीक्षणबाट यो वर्ष रु.२ लाख ४० हजार बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-९** मा समावेश छ ।

# परिच्छेद - ४

# प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२)बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेश गर्ने व्यवस्था छ । कार्यालयले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५, २०७७ र २०७८ प्रदेश सभामा क्रमशः २०७६।४।२०, २०७७।४।९ तथा २०७८।११।१५ मा पेश भएको छ । वार्षिक प्रतिवेदन उपर मन्त्रालयहरू आफैंले कार्यान्वयन गर्नुपर्नेमा त्यसतर्फ प्रभावकारी प्रयास गरेको पाइएन ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबार तर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको २०२ ईकाईको लेखापरीक्षण भएकोमा १५१ इकाईको बेरुजु रहेकोमा ३ इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा १ र लगती दफा ६ बाट रु.६ करोड २५ लाख ६९ हजार फर्स्यौंट भएको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका ६ इकाईमध्ये सबै ईकाईको बेरुजु रहेकामा प्रतिक्रियाबाट फर्स्यौंट नभई बाँकी रहेको छ । कानुनबमोजिम बेरुजु फर्स्यौंट गर्ने तर्फ पहल गर्नुपर्दछ ।

गत वर्ष प्रदेशको सरकारी कारोबार तर्फको रु.२ अर्ब ५१ करोड ४२ लाख ५६ हजार बेरुजु रहेकोमा ३३ करोड ९५ लाख ५३ हजार फर्स्यौंटको लागि अनुरोध गरेकोमा सम्परीक्षण भई रु.२ अर्ब १७ करोड ४७ लाख ३ हजार बेरुजु बाँकी रहेको छ ।

३. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरू स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

# परिच्छेद-५

# सुधारका क्षेत्रहरू

नेपालको संविधानमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने उल्लेख छ । उक्त उद्देश्य पूरा गर्न राज्यले आवश्यक नीति तथा कानुन तर्जुमा, संगठनात्मक संरचना, पूर्वाधार विकास, आर्थिक क्रियाकलापहरू सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन गरी प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने लगायतका कार्य गर्नुपर्दछ । उक्त क्रियाकलापहरू सञ्चालनमा सार्वजनिक जवाफदेहिता, वित्तीय पारदर्शिता र आर्थिक अनुशासनको पालना तथा स्रोत र साधनको उचित परिचालनबाट विकास निर्माण तथा सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, मितव्ययी, प्रभावकारी बनाउन सकिने कुरामा विश्वास गर्न सकिन्छ । प्रदेश सरकार गठन भएको छोटो अवधिमा स्रोत साधन प्राप्ति, उपयोग तथा परिचालन र सोबाट प्राप्त हुने प्रतिफलमा सकारात्मक संकेत देखिएको छ । यस्ता सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न विद्यमान आर्थिक कार्य प्रणालीमा सुधारको आवश्यकता देखिएको छ । ती सुधारका पक्षहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

## • नीति तथा कानुनी व्यवस्था

१. **नीति कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मन्त्रालयहरूलाई कार्य जिम्मेवारी तोकेको छ । उक्त कार्य जिम्मेवारी पूरा गर्न प्रदेश सरकारले घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित नीतिगत व्यहोराहरू प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सरकार (कार्य विभाजन) नियमावलीबमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सरकारको समग्र आर्थिक सूचक तयार गर्ने, आर्थिक वृद्धि र स्थायित्व कायम गर्ने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लगायतका नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ । त्यस्तै, कृषि, वन, पर्यटन, उद्योग लगायतको विषयमा क्षेत्रगत नीति तर्जुमा गरी कार्यान्वयनका माध्यमबाट प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

२. **कानुन निर्माण -** संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । यो वर्षसम्म प्रदेशमा कानुन निर्माण गर्न ५३ विधेयक प्रदेश सभामा पेस भएकोमा ४९ विधेयक पारित भई कानुन निर्माण भएको र बाँकी ४ कानुन निर्माणको चरणमा रहेको देखिन्छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा कार्यसञ्चालन प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा विधिसम्मत कार्यको सुनिश्चितताका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

३. **कानुनको पालना -** विद्यमान सार्वजनिक खरिद ऐन, नियम, प्रदेश आर्थिक कार्यविधि ऐन, नियम र अन्य प्रचलित कानुनहरूको पालना गरी आर्थिक अनुशासन कायम गर्दै आर्थिक अनियमितता घटाउन

सम्बन्धित निकायहरूले ध्यान दिनुपर्दछ । कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिका, मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४. **सेवा र सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा सुविधाभन्दा बढी नहुने गरी सुविधा भुक्तानी गर्नुपर्नेमा चाडपर्व खर्च, यातायात खर्च सुविधा, सल्लाहकार लगायतका सुविधामा बढी खर्च गर्ने प्रवृत्तिमा सुधार गरी मापदण्ड बमोजिम सेवा सुविधा उपलब्ध गराउने व्यवस्था अवलम्वन गर्नुपर्दछ।

- **संगठन तथा जनशक्ति व्यवस्थापन**

५. **दरबन्दी र पदपूर्ति -** प्रदेशस्तरको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन सबै सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यालय र कर्मचारी दरबन्दी यकिन गर्ने र दरबन्दीअनुसार पदपूर्ति गरी विकास निर्माण, सेवा प्रवाहका गतिविधिलाई प्रभावकारी बनाउनुपर्दछ ।

६. **सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक संचालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन सेवा प्रवाह मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो व्यवस्थापन एवं सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनुपर्दछ । सेवा प्रवाहमा संलग्न हुने पदाधिकारी एवं जनशक्ति सेवाग्राहीप्रति सोझै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली तयार गरी लागु गर्नुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

७. **आयोजना बैङ्क -** पूर्वाधार विकासका क्षेत्रहरू जस्तै सडक, सिँचाई, खानेपानी, पर्यटन, कृषि, उद्योग, वन आदिको दीर्घकालीन विकासको प्रारुप तयार गरी क्षेत्रगत आयोजना, त्यसबाट प्राप्त हुने प्रतिफल, लाभान्वित हुने वर्ग र प्राथमिकीकरण सहित आयोजना बैङ्क तयार गर्नुपर्ने देखिएको छ ।

८. **आयोजना छनोट एवं कार्यान्वयन -** आयोजना बैंकबाट प्राथमिकता प्राप्त आयोजनाको छनोट एवं कार्यान्वयन गर्ने, निश्चित मापदण्ड निर्धारण गरी संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन गर्ने र आयोजनाको अनुगमन र मूल्याङ्कन गरी कार्यान्वयनमा ढिलाई हुनुको कारण पहिचान गरी समयमै आयोजना सम्पन्न गराउन ध्यान दिनुपर्दछ ।

९. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यको राष्ट्रिय सूचक अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, भौतिक पूर्वाधार, सिँचाई, आवास लगायतका क्षेत्रमा योजना तर्जुमा तथा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने र अपेक्षित उद्देश्य/लक्ष्य प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१०. **अध्ययन प्रतिवेदन** – प्रदेश सरकारले परामर्शदाता मार्फत तयार गरेको विस्तृत आयोजना प्रतिवेदन अभिलेख राखी कार्यान्वयनमा ल्याउनुपर्दछ । संघबाट अध्ययन गरी तयार भएका प्रतिवेदनहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी दोहोरो अध्यान नहुने व्यवस्था मिलाउनुपर्दछ ।

## • बजेट व्यवस्थापन

११. **बजेट तर्जुमा -** बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, राजस्व संकलन गर्न सक्ने क्षमता, सरोकारवालाको सहभागिता लगायत पक्षमा ध्यान दिई बजेट निर्माण गर्नुपर्ने देखिन्छ । बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, मध्यमकालीन खर्च संरचना, बहुवर्षीय चक्रीय बजेट **(Rolling Budget)** लगायतका अवधारणाअनुसार कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्दछ।

१२. **बजेट विनियोजन -** प्राथमिकतामा रहेका योजना एवं कार्यक्रममा बजेट विनियोजन गर्ने, बजेट अबण्डा राखी पछि रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने, दिगो विकास हुने आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१३. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च हुने स्पष्ट आधारसहित पेस गर्ने र सो अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष प्रदेश सरकारले पेस गरेको बजेट वक्तव्य अनुसार रु.४० अर्ब ८९ करोड ९९ लाख बजेट विनियोजन गरेकोमा रु.२७ अर्ब ९५ करोड १३ लाख खर्च गरी कुल विनियोजनको ६८.३४ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रम र आधारबेगर बजेट अनुमान गरेको र बजेट अनुसार खर्च गर्न नसकेकोले मन्त्रालयको विनियोजन दक्षता कमजोर रहेको देखियो । कार्यक्रम बजेट खर्च गरी विनियोजन दक्षता वृद्धि गर्नुपर्दछ ।

१४. **परामर्श खर्च -** परामर्शदाता खर्चमा अत्यधिक वृद्धि हुँदै गएको देखिएको छ । परामर्श खर्चमा न्यूनीकरण गर्न सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनलगायतका कार्य आन्तरिक जनशक्तिबाट गराउन पहल गर्ने, बाह्य जनशक्तिबाट गराउनु पर्ने अवस्थामा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने, संभाव्यता अध्ययन भएका योजना मात्र वार्षिक कार्यक्रममा समावेश गरी परामर्श खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

१५. **अनुदानको उपयोग -** अनुदान कार्यक्रमहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिका र कार्यविधि, ऐन तथा नियमावलीको आधारमा तर्जुमा गर्ने, दोहोरो अनुदान नियन्त्रण गर्ने, अनुदानमा समान पहुँचको सुनिश्चतता गर्ने, लाभग्राहीको लागत सहभागिता नहुने कार्यमा अनुदान दिने परिपाटी अन्त्य गर्नुपर्ने, व्यक्तिगत लाभ हुने किसिमको अनुदान दिने परिपाटीमा नियन्त्रण गर्नुपर्ने र अनुदानको तालुक निकायबाट अनुगमन, मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै अनुदान रकमको उपयोगबाट रोजगारी सिर्जना, आय आर्जनमा वृद्धि, उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा उपयोग, सर्वसाधारणको पहुँच वा सुविधा सम्बन्धमा मूल्याङ्कन गरी अनुदान उपयोगको सुनिश्चितता गरिनुपर्दछ ।

१६. **चालु खर्चमा नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च बढ्दै गएको तथा पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको अवस्था छ । समग्र आर्थिक अवस्थामा सुधार गरी पूर्वाधार विकास, प्रतिफलयुक्त क्षेत्रमा लगानीका माध्यमबाट पुँजीगत खर्च बढाउनुपर्ने अवस्था देखिएको छ भने चुस्त र छरितो संगठन, अनावश्यक र फजुल खर्चमा नियन्त्रण, आदिका माध्यमबाट चालु खर्च घटाउनुपर्ने देखिन्छ।

१७. **आन्तरिक नियन्त्रण -** प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्दा आन्तरिक नियन्त्रणको आवश्यकता, नियन्त्रण वातावरण, नियन्त्रण क्रियाकलाप, समन्वय एवं सञ्चार र अनुगमनजस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली निकायको कार्यसँग प्रत्यक्ष सम्बन्धित रही जोखिम न्यूनीकरण गर्ने विषयसँग सम्बन्धित हुनुपर्दछ ।

- **खरिद व्यवस्थापन**

१८. **नर्म्स तथा निर्माण स्थल -** निर्माण कार्य एवं परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तनअनुसार अद्यावधिक, जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तरनिकाय समन्वय लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद कार्य गर्नुपर्दछ।

१९. **खरिद सम्झौता कार्यान्वयन -** सम्झौताअनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाइ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने, खरिद कार्यको अनुगमनलाई प्रभावकारी बनाउनेलगायतका कार्य गरी व्यवस्थित गर्नुपर्दछ ।

२०. **प्रतिस्पर्धा -** सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा टुक्रा गर्ने र प्याकेजिङ्ग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिनुका साथै खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणालीलाई अनिवार्य गर्ने र खरिद प्रक्रियालाई पारदर्शी, खुला, उद्देश्यमूलक र मितव्ययी बनाउन खरिद योजना बनाई प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ ।

२१. **निर्माण कार्य सम्पन्न -** निर्माण कार्य समयमा नहुँदा सेवाग्राही सेवाबाट वञ्चित हुने भएकोले समयमा कार्यसम्पन्न गर्न, सहज वातावरण मिलाउने, सुपरिवेक्षण र अनुगमनलाई प्रभावकारी बनाउने, कार्यान्वयन चरणमा देखा परेका समस्या समयमै समाधान गरी कार्यसम्पन्न गराउने र समयमा कार्यसम्पन्न नगरेमा क्षतिपूर्ति लिने सम्बन्धी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

२२. **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद कानुनमा उल्लिखित सीमा अनुसारको कार्य मात्र उपभोक्ता समितिबाट गराउने, निर्माण व्यवसायीबाट गराउने काम र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । उपभोक्ता समिति मार्फत कार्य गराउँदा रोजगारी सिर्जना, वातावरणीय पक्ष, गुणस्तरीय कार्यसम्पादन मितव्ययिता लगायतका विषयमा ध्यान दिनुपर्ने देखिएको छ । उपभोक्ता समितिहरूबाट गरिने कार्यमा जनसहभागिता सुनिश्चित गर्ने तथा निर्माण सम्पन्न पश्चात मर्मत संभारको जिम्मेवारी सहित आयोजना हस्तान्तरण गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

२३. **गुणस्तर परीक्षण -** सार्वजनिक निर्माण कार्यलाई दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेसन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माण सामग्री एवं निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने, गुणस्तर परीक्षण गर्न कार्यालयहरूलाई प्रोत्साहन गर्ने, गुणस्तर नियन्त्रण तथा गुणस्तर आश्वस्तताको सुनिश्चित गर्ने व्यवस्था मलाउनुपर्ने देखिन्छ ।

## • सार्वजनिक श्रोत र सम्पत्ति संरक्षण

२४. **सम्पत्ति व्यवस्थापन -** संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्तिको विवरण तथा विद्यमान सम्पत्तिको अभिलेख अद्यावधिक गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्ने, प्रयोगमा रहेका सवारी साधनको अभिलेख, त्यसको मर्मत एवं हस्तातरण कार्यलाई व्यवस्थित गरी महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको सफ्टवेयर प्रयोगमा ल्याई सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ । प्रदेश सरकार मातहत रहेका सार्वजनिक जग्गा, घर, सवारीसाधन, फर्निचर, कम्प्युटर, मेसिन उपकरण लगायतका सम्पत्तिको कार्यालयगत र एकीकृत अभिलेख राख्नुपर्दछ ।

२५. **धार्मिक एवं साँस्कृतिक सम्पदा -** सार्वजनिक मठ, मन्दिर, देवालय, गुम्बा, तीर्थस्थल लगायत पुरातात्विक एवं धार्मिकस्थलहरूको अभिलेख, मर्मत सम्भार, संरक्षण र उपयोग गरी धार्मिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्नुपर्दछ ।

## • वित्तीय श्रोत परिचालन

२६. **आन्तरिक आय -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्कलगायतका क्षेत्रको समुचित परिचालन गरी राजस्व संकलनलाई वृद्धि गर्नुपर्दछ । राजस्व संकलनसम्बन्धी कर, दस्तुर र शुल्क परिमार्जन गर्दा संघीय कानुनसँग सामन्जस्य गर्ने र राजस्वका थप क्षेत्र पहिचान तथा राजस्व प्रशासनमा सुधार गरी आन्तरिक राजस्व असुलीमा वृद्धि गर्नुपर्दछ।

२७. **राजस्व दायरा बिस्तार -** संविधानअनुसार प्रदेश सरकारले संकलन गर्ने राजस्वका क्षेत्र तथा दायरा विस्तार गर्ने, चुहावट नियन्त्रण गर्ने, कर्मचारीको दक्षता अभिवृद्धि गर्ने लगायतका कार्य गरी राजस्व प्रशासनमा सुधार गर्नुपर्ने देखिन्छ ।

## • भौतिक पूर्वाधार विकास

२८. **पूर्वाधार विकास -** प्रदेश मातहतका सबै जिल्लामा सडक, सिंचाइ, खानेपानी, पर्यटन, दुरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको समानुपातिक विकासका लागि आवश्यक स्रोत व्यवस्थापन तथा उपयोग गरी पूर्वाधार विकास गर्नुपर्दछ ।

२९. **प्रदेश पूर्वाधार -** प्रदेश सरकार स्थापना भएपश्चात स्थायी राजधानी रहने स्थानमा भौतिक पूर्वाधार विकास गर्ने लगायतका कार्य गर्नुपर्दछ ।

३०. **जोखिम न्यूनिकरण -** विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आँकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवं पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । यसका लागि आवश्यक पर्ने स्रोतसाधन जस्तै बजेट, जनशक्ति, समन्वय र सञ्चार व्यवस्था, अन्य पूर्वाधार लगायतका विषयमा पर्याप्त ध्यान दिनुपर्दछ । कोभिड-१९ जस्ता महामारी एवं संक्रामक रोग नियन्त्रणका लागि अपनाउनु पर्ने सावधानी तथा सतर्कताको लागि सूचना प्रवाहलाई प्रभावकारी बनाउने, स्वास्थ्य पूर्वाधार एवं जनशक्ति व्यवस्थापन गरी उपचार सेवा सुधार गर्ने, सबैलाई

खोपको सुनिश्चितता हुने व्यवस्था मिलाउने र कोभिड रोग नियन्त्रणका लागि भएका कार्यहरूको समीक्षा गरी विपद् व्यवस्थापन अन्तर्गत भविष्यमा गर्नुपर्ने पूर्व तयारी, पूर्वाधार विकास, जनचेतना तथा सञ्चार व्यवस्था मिलाई विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्नुपर्दछ ।

## • संघीयता कार्यान्वयन

३१. **समन्वय** – संविधानको अनुसूचीमा उल्लेख भएका र आयोजना वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसारका एकल तथा साझा अधिकार सूचीका कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गीकरण कार्यान्वयन गर्नुपर्ने, अन्तरप्रदेशमा संचालन हुने सडक, विद्युत, सिँचाई लगायतका पूर्वाधारसम्बन्धी परियोजनाहरू संचालन गर्दा तीनै तहबीच समन्वय कायम गरी दोहोरो नहुने व्यवस्था मिलाउनुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने, खप्टिने र टुक्रिने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकण गरिनुपर्दछ ।

३२. **प्रदेश समन्वय परिषद्** – प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता साझा अधिकार क्षेत्रको प्रयेग प्राकतिक स्रोतको उपयोग र बाँडडफाँट सम्बन्धमा समन्वय गर्ने विवाद निरुपण गर्ने कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन मुख्यमन्त्रीको अध्यक्षतामा गठित प्रदेश समन्वय परिषद्को भूमिका प्रभावकारी बनाउनु पर्ने देखिएको छ ।

३३. **स्वनिर्भरता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार आफ्नो अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गरी संघीय अनुदान हस्तान्तरणको निर्भरता कम गर्दै जानुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत संकलन भएको राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी बाँडफाँट गर्नुपर्दछ ।

## • वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

३४. **मितव्ययिता** - एउटै प्रकृतिको काम बेग्लाबेग्लै निकायमा स्रोत विभाजन गरी दोहोरो खर्च गर्ने कार्यमा नियन्त्रण गर्ने, संगठन व्यवस्थापन सर्वेक्षण गरी उपयुक्त संख्यामा संगठन तथा दरबन्दी कायम गरी चालु खर्चमा नियन्त्रण गर्नुपर्ने, पुँजीगत खर्चलाई कार्यक्रम र बजेटसँग आबद्ध गरी मितव्ययी तवरले खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ। खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका तयार, अद्यावधिक तथा कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

३५. **जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार खर्च गर्ने, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने, बजेट तर्जुमा गर्ने, निकासा दिने, खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने पदाधिकारीको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरी सो कार्यान्वयन गर्ने व्यवस्थाको पालना गर्नु गराउनुपर्दछ ।

३६. **प्रतिवेदन कार्यान्वयन** - संवैधानिक निकायले पेस गरेका प्रतिवेदनहरू संसदीय समितिमा छलफल गरी कारवाही टुङ्गो लगाउनुपर्दछ । प्रदेश सरकार मातहतका प्रशासनिक, प्राविधिक, आर्थिकलगायतका विभिन्न विषयमा अध्ययन अनुसन्धान गरी प्राप्त भएका अध्ययन प्रतिवेदनहरू कार्यान्वयन गर्नुपर्दछ । आर्थिक कारोबारको वार्षिक प्रतिवेदन, सार्वजनिक सम्पत्तिको वार्षिक प्रतिवेदन लगायतका

प्रतिवेदनहरूमा उल्लेख भएका सुधार गर्नुपर्ने विषयको सम्बन्धमा तत्काल कारवाही शुरु गरी वित्तीय प्रतिवेदन प्रणाली सुदृढ गर्नुपर्दछ । आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका व्यहोराहरूको सम्बन्धमा सयममा कारबाही टुङ्गो लगाइ प्रतिवेदन कार्यान्वयन पक्ष प्रभावकारी बनाइ आर्थिक अनुशासन कायम गर्न गराउन ध्यान दिनुपर्ने देखिएको छ ।

३७. **लेखा ढाँचा -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रबर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेशका सबै निकायहरूमा कार्यान्वयनमा ल्याउनु पर्दछ।

३८. **अनुगमन र मूल्याङ्कन -** प्रदेश वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्तअनुसार नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयहरूमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट आर्थिक सुशासन कायम हुने, सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।

# अनुसूचीहरू

अनुसूची—१

(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

## लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरू

## २०७७।७८

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय र निकायको नाम | कार्यालय संख्या | बेरुजू भएका कार्यालयको संख्या | बेरुजू रकम |
|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | १ | १ | ३१२ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २ | २ | ३७४२० |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १५ | ४ | १६५० |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १५ | ५ | ८२५२२ |
| ५ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ४० | ३४ | १४००७२ |
| ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३२ | २४ | १७१४५६ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालयय | ४६ | ४४ | १०५३०१९ |
| ८ | सामाजिक विकास मन्त्रालय | ३७ | ३४ | १०१६७० |
| ९ | प्रदेश लोकसेवा आयोग | १ | १ | ३८४ |
| १० | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | ३८८ |
| ११ | प्रदेश योजना आयोग | १ | १ | २४० |
| | **जम्मा** | **१९१** | **१५१** | **१५८९१३३** |

अनुसूची—१ (क)

(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

# लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण

| सि.नं. | लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण | संख्या |
|---|---|---|
| **१.** | **प्रदेश व्यवस्थापिका सचिवालय** | **१** |
| **२.** | **प्रदेश लोकसेवा आयोग** | **१** |
| **३.** | **मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय** | **२** |
